ISSN 2631-2298

nepalmag.com.np

आइतबार • १९ माघ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

स्वेच्छाचारी सेनापति

सेनाभित्र व्यापक सुधारको खाँचो औँल्याउने पूर्णचन्द्र थापा स्वयं सुधारका बाधक

चीनतिर 'दुलही' तस्करी | राष्ट्र बैंकको कडाइले लगानी र खर्च न्यून

Mahindra
Rise.
If you are considering buying something else.
STOP.
TRY &
DECIDE.
XUV300
CALL NOW FOR A TEST DRIVE
Panipokhari 9801239330
Naxal 9801305300
Patan 9801303100
LEAVE YOUR COMPETITION IN THE DUST!
BEST - IN - SEGMENT FEATURES
7 AIRBAGS
ALL-WHEEL DISC BRAKES
FRONT PARKING SENSOR
BEST TORQUE: BOTH PETROL & DIESEL
DUAL ZONE A/C
SMART STEERING SYSTEM
HEATED AND POWER FOLD ORVM
200 NM 1.2L TURBO PETROL ENGINE
300 NM 1.5L TURBO DIESEL ENGINE
AGNI INCORPORATED PRIVATE LIMITED
Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300; Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325; Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Sindhuli, Tel: 047-520772
Insurance Partners:
Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 Spare Parts Outlet: Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 Authorized Service Center: (Inside Kathmandu Valley) Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 (Outside Kathmandu Valley) Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024
Url: xuv300nepal.com
Email: marketing@agnigroup.com.np
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np
twitter/AgniGroup
instagram/AgniGroup
facebook.com/MahindraAgniGroup

AMBE STEELS
दीर्घायु भवः
AMBE GROUP
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

Join us each week as Hantakali tears into everything from Dharaney kalo bangur and haku choila to, occasionally, an overconfident, overcooked pasta. We pay for the food we eat, and we'll tell you if it's worth it—without fear or favour.

kathmandupost.com/food

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA
INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, १९ माघ २०७६ (वर्ष २०, अंक २६)
Nepal National Weekly, 2 Feb 2020 (Vol. 20, No. 26)

१४
हाम्रो नेपालमा
विकल्प तातोपानी

२०
समाजवाद बहस २
सञ्जीव पोखरेल

२४
सन्दर्भ
परीक्षामा अग्नि
सापकोटा

२६
(अ) सहमति
भास्कर गौतम

२८
आवरण
स्वेच्छाचारी सेनापति

दोहनपछि दरार | ४२

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १३
रङ | ४६
पुस्तक | ४८
तीन किताब | ४९
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

३८
अर्थ
कर्जामा सुस्तता

४४
स्वास्थ्य
कोरोनाको सन्त्रास

५०
क्रिकेट
अलमलमा क्यान

सम्पादकीय

प्रधानसेनापतिका बोली र व्यवहारको विरोधाभास

पूर्णचन्द्र थापालाई भेट्ने जोकोहीले अनुभूति गर्न सक्छ- मेरो भेट प्रधानसेनापतिसँग होइन, कूटनीतिज्ञसँग भइरहेको छ ।

सादगी, विनम्रता र दृष्टिकोणको स्पष्टताका लागि थापाको प्रशंसा हुने गर्छ । तौलीतौली बोल्छन् । शाब्दिक छनोट किफायती छ । विगतमा अपारदर्शिता, आन्तरिक अन्याय र भ्रष्टाचारले गाँजेको नेपाली सेनाको नेतृत्वमा डेढ वर्षअघि उनी आएथे । उनी महारथी बन्दा थुप्रैले अड्कल काटे- अब सेनाभित्र सुधारको अध्याय प्रारम्भ भयो ।

थापाले आफैँबाट त्यस्तो सन्देश प्रवाह गर्न चाहे । पहिलोपल्ट सम्पत्ति विवरण सार्वजनिक गर्ने सेनापतिका रूपमा उनको वाहवाही भयो । उनी संस्थागत पारदर्शिता र जवाफदेहिताका लागि अग्रसर छन् भन्ने अर्थमा बुझियो । तल्लो दर्जाका सैनिकको मनोबल उकास्न उनीहरूलाई प्रत्यक्ष सुन्ने विधि बसाल्न खोजेको पनि देखियो । समाजमा नायक नपाएर छट्पटिएका प्रेसकर्मीदेखि बलियो राज्यका लागि बलियो सेनाका पैरवीकर्ताहरूले उनका पहलकदमीलाई 'केही परिवर्तन हुन लागिरहेको' रूपमा अर्थ्याए ।

नेपाल म्यागजिनको यो अंकका लागि हाम्रा संवाददाताद्वय जनक नेपाल र मनबहादुर बस्नेतले गरेको रिपोर्टिङले भने यस्तो भन्दैन । यसले त प्रधानसेनापति थापाका थुप्रै त्यस्ता क्रियाकलापको खुलासा गर्छ, जसबाट उनी सुधारका संवाहक होइन, त्यसका अवरोधक देखिएको पो संकेत गर्छ । एउटै प्रकृतिका कसुरमा थापाले परस्पर बाझिने गरी निर्णय लिँदा त्यसको असर सेनाभित्रको रोलक्रममा परेको देखिन्छ । उनी पनि अरू चिफसाबझैँ नातावादको चंगुलबाट मुक्त देखिन्नन् । समयमा पदोन्नतिको निर्णय नगरिदिँदा केही सैनिक अधिकारीको करिअर नै चौपट भएको छ । केही अधिकारीको जन्ममिति विवादलाई थापाले प्रतिशोधको अस्त्र बनाएको देखिन्छ ।

मनले खाएका अधिकृतलाई थापाले दोहोरो जिम्मेवारी दिएका छन्, मन नपरेकाहरूलाई किनारामा धकेलेका छन् । आफ्ना 'आलोचक' जर्नेलहरूमाथि सुराकी गर्न खटाएको आरोपसमेत उनीमाथि लागेको छ । फास्टट्र्याकलगायत पूर्वाधार निर्माणमा सेनाको उपस्थिति अनावश्यक र प्रत्युत्पादक बन्ने देखिँदै छ । अनि संघीय संविधानको मर्मविपरीत पृतनाहरू पुनर्संरचना गर्ने उनको कदम जति अनावश्यक छ, त्योभन्दा आपत्तिजनक त राजनीतिक नेतृत्वलाई त्यसका लागि प्रभावित पार्न खोज्ने क्रियाकलाप ।

तीन वर्षको पूर्ण अवधिका लागि प्रधानसेनापति भएका थापाले ठ्याक्कै आफ्नो कार्यकालको ५० प्रतिशत समय गुजारिसकेका छन् । आफ्नो पालामा सेनाजस्तो संवेदनशील अनि राष्ट्रको अन्तिम सुरक्षाकवचभित्र व्यापक सुधारको सन्देश साँच्चिकै प्रवाहित गर्न चाहेको हो भने उनीसँग अझै पनि समय छ । थापालाई हेक्का हुनुपर्छ, उनीअघिका जर्साबहरूले पनि ठूल्ठूला प्रतिबद्धता जाहेर गर्ने तर व्यवहारमा संस्थागत विश्वसनीयता नै कमजोर बनाउने क्रियाकलाप गर्दै आएका थिए ।

परिदृश्यहरूले देखाउँछन्, परिवर्तित समयअनुरूप कस्तो सैनिक संस्था बनाउने भन्ने परिकल्पना गर्न अझै बाँकी छ । अब त धेरैले बिर्सिसकेको हुनुपर्छ- सेनाभित्र व्यापक पुनर्संरचनाको माग जनआन्दोलन ०६२/६३ का क्रममा चर्को स्वरमा उठेको थियो । सैनिक नेतृत्वको छवि सफा राख्ने, जनताको करले पालिएका राष्ट्र-रक्षकहरूको गुणस्तर बढाउने र नेपाली सेनाको संस्थागत साख जोगाउने हो भने अब प्रधानमन्त्री केपी ओली र संसद् दुवैको ध्यान सेनामाथि पर्नु आवश्यक छ ।

थापाले बुझ्नुपर्छ- सेनाभित्र सुधारको एजेन्डा अब उनी वा कुनै जर्नेलको इच्छाधीन होइन । यो आजको आवश्यकता हो । त्यसका लागि उनी जिम्मेवार र जवाफदेही भूमिकामा छन् । हामी चाहन्छौँ, थापाले आफ्नो कूटनीतिक विनम्रता र व्यवहारबीचको विरोधाभास अन्त्य गरून् ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १२ माघ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

दुई तिहाइको लज्जा

दुई तिहाइ बहुमतसहित सत्तारूढ प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले जनअपेक्षाअनुसार काम गर्ने छाँट देखिएन *(अलमल र आत्ममुग्धताका दुई वर्ष, १२ माघ)*। सुशासन, स्रोत-साधनको न्यायोचित वितरण गर्नुपर्नेमा सरकार स्वार्थ-समूहको हितरक्षामा मात्र लागेको देखियो। भएभरका आम्दानीका स्रोत प्रधानमन्त्री कार्यालयमार्फत ल्याएर शासन सञ्चालन गर्नुले पनि सरकारको गति यथास्थितिमै रहेको छनक दिन्छ।

■ **अनुपजंग सिजापति**
गोदावरी, ललितपुर

नक्कली अनुयायी

कार्ल मार्क्स द्विशतवार्षिकी समारोह समिति र नेपाल अध्ययन केन्द्रले आयोजना गरेको मार्क्स फर्किए... नाटकको व्यवस्थापन भद्रगोल देखियो *(मार्क्सकै मजाक, १३ पुस)*। मार्क्सले आफ्नो विचारधारालाई विश्वव्यापी बनाए पनि नेपालका मार्क्सवादीहरूले उनको सिद्धान्त एक अंश पनि पालना गरेका छैनन्। मार्क्सको आदर्श बोकेर सत्तामा पुग्ने तर काम नगर्नेलाई कसरी कम्युनिस्ट भन्ने?

■ **श्रीमान गम्बीरबहादुर थापा**
कपन, काठमाडौँ

अलमल र आत्ममुग्धताका दुई वर्ष
gantabybihin yatri@saritabhattara6

प्रधानमन्त्री केपी ओलीले आत्मसमीक्षा गर्ने समय आएको छ। २ वर्ष त त्यत्तिकै बितिसक्यो। दृढ इच्छाशक्ति छ भने धेरै काम गरेर देखाउने समय अझै छ।

namuna@namuna35653699

स्रोत-साधनले धनी देश नेपाल कठै भन्ने अवस्थामा नआओस्। ओली बा हजुरले बिलिदिए पुग्छ। यस्तो खाले विदेश नीति ल्याइदिनुस्, जसले नेपाली जनतालाई धन, मान र सम्मान दुवै मिलोस्। हामीसँग अहिले कतै प्रशोधन नगरिकनै बेच्न मिल्ने सफा र स्वच्छ पानी छ।

कृषि किन छैन महिलामैत्री ?
Krishna Ghimire @kghimire1

कृषि योजना, नीति नै कृषकमुखी छैनन्। महिलाको कुरा त पर।

महाभ्रमका दुई वर्ष
Hari krishna shakya @Harikrishnashky

प्रधानमन्त्री केपी ओलीको मात्र होइन, अरूहरूमा पनि देशलाई गरिबी, रोग, भोकबाट मुक्त गर्न सक्ने क्षमता देखिएन। सोच पनि छैन। जस्ता कार्यकर्ता, उस्तै नेता छन्, अपवादबाहेक। जनता भनेको मादल हो, जसले आएर ठोके पनि हुने।

अलमल र आत्ममुग्धताका दुई वर्ष
Hari Bahadur BC

प्रधानमन्त्री केपी ओलीको बोली र कार्यनीति लागू हुने तथा मातहत निकायको सक्रिय सहभागिता रहने हो भने योजनातर्जुमा भइरहेको र कार्यान्वयन अनुगमन प्रक्रिया पनि सुरु भएको छ भने ५ वर्ष कार्यकालमा क्रमागत विकास हुन्छ। यसका लागि मातहतका निकायलाई निर्देशन र अनुगमनमा कडाइ गर्नुपर्छ। अरू कुरा गौण हुन्।

Mssp Simha

अलमल होइन, सबै भ्याइसके। ३३ किलो सुनबाट सुरु भएको ठेकेदारी, बस सिन्डिकेट, वाइडबडी, एनसेल, प्रेस सेक्युरिटी, फोरजी, बालुवाटार, हायात होटल, गोकर्णजस्ता धेरै जग्गा कानुनै बदलेर भ्याइसके। यसमा केको अलमल ? अर्जुनदृष्टि त त्यतातिर पो थियो।

Meera Heju

अलमलमा दुई वर्ष मात्र किन नहुनु त ? स्वास्थ्यकै कारण कहिले सिंगापुर, कहिले बैंकक, कहिले अस्पताल त केही समय पार्टी कार्यालय अनि बालुवाटार। धेरै समय अस्पताल र बालुवाटारको धपेडीले गर्दा हो कि गर्नुपर्ने काम प्राथमिकतामा नपरेको ?

साताका ७ nepalmag.com.np

१ कसरी बच्ने कोरोना भाइरसबाट ?
चीनबाट सुरु भएको कोरोना भाइरसले विश्वभरका मानिसलाई अत्याएको छ। नेपालमा पनि यसका बिरामी भेटिएको सरकारले जनाएको छ। कोरोना भाइरस नियन्त्रण तथा रोकथाम गर्न कुनै भ्याक्सिन या औषधी बनेको छैन। भाइरसबारे शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका कर्मचारीलाई तालिम भने दिइएको छ। अस्पतालका प्रवक्ता डा अनुप बाँस्तोला सतर्कताका लागि नाका-नाकामा निगरानी बढाउनुपर्ने बताउँछन्।

२ समाजवाद : एउटा असफल तर अमर अवधारणा (पोडकास्ट)
उत्पादनभन्दा वितरणमा जोड दिइने भएकाले समाजवादी प्रणालीमा वितरणका लागि सधैँ अभावको अवस्था हुन्छ। स्रोतको वितरणका लागि त्यसको उत्पादन हुनुपर्छ। मानव उपयोगी स्रोत स्वतः अस्तित्वमा आउँदैनन्, निर्माण गरिनुपर्छ। मान्छेको जैविक तथा सामाजिक आवश्यकता पूर्ति गर्ने यस्ता स्रोत बढीभन्दा बढी निर्माण हुनुपर्छ।

३ क्यान किन अलमलमा ?
आईसीसीका अनुसार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को रोहवरमा भएको निर्वाचनबाट क्यानको नयाँ कार्यसमिति चुनिएको छ। निर्वाचित कार्यसमितिले आफूहरू नयाँ सोच र शैलीका साथ अघि बढ्ने उद्घोष पनि गरेको थियो। तर ३ महिने हनिमुन समय कटिसक्दा पनि नेपालमा क्यान छ भन्ने आभास दिने काम हुन सकेको छैन।

४ 'आमालाई भनेँ, म जंगल जान्छु' (भिडियो)
थाहा पाउने हुँदा नै उनको शरीर कुष्ठ रोगले थलिएको थियो। हात लुला भइसकेका थिए। दुवै गोडा कमजोर हुँदै थिए। १२ वर्षको उमेरमा उनलाई उपचारका लागि पाल्पास्थित मिसन अस्पताल लगियो। तर चिकित्सकले रोग पत्ता लगाउन सकेनन्। अनेकथरी औषधीको असरले जीउ झन्-झन् बिग्रियो। जब कुष्ठ रोग भन्ने थाहा भयो, तब समाजले उनलाई जंगलमा लगेर राख्नुपर्ने बताउन थाल्यो।

५ चुरेको ढुंगा तस्करीका कारण स्थानीय तहबीच मनमुटाव
दक्षिणी इलामको रोङ गाउँपालिका वडा-६ को क्षेत्रभित्रै छ, चुरे। तर झापा मेची नगरपालिकाबासीले वर्षौंदेखि यो क्षेत्रका ढुंगा, गिटी र बालुवा उत्खनन गरिरहेका छन्। रोङले आफ्नो क्षेत्रको चुरे दोहन नगर्न पटक-पटक अनुरोध गरे पनि मेचीनगरबासीले मानेनन्। २६ पुसमा चुरे दोहन रोक्न गएका रोङबासी र प्रहरीलाई मेचीनगरका ट्याक्टर व्यवसायीले हातपातसमेत गरेपछि विवाद चर्कियो।

६ अर्थात् सुजीव शाक्य
चिनियाँ नयाँ वर्षका दिन भारत पुगेर नेपालसम्बन्धी पुस्तक विमोचन गर्ने मनसुबा छ, सुजीव शाक्यको। काठमाडौंमा अघिल्लो साता विमोचित 'अनलिसिङ द वज्र : नेपाल्स जर्नी बिटविन इन्डिया एन्ड चाइना' लाई उनी पेन्गुइनबाट प्रकाशित अनलिसिङ नेपालको सिक्वेल भन्न रुचाउँछन्। नेपाली अर्थतन्त्रको झन्डै एक सहस्राब्दीलाई सिंहावलोकन गरिएको यो पुस्तक पनि उही पेन्गुइनले बजारमा ल्याएको छ।

७ ओली-प्रचण्ड शक्ति संघर्ष
सचिवालयमा आफ्नो पक्षमा स्पष्ट बहुमत रहेको सन्देश दिएर ओलीलाई गलाउन कार्यकारी अध्यक्ष प्रचण्ड आफैँले नेता वामदेव गौतमको भैंसेपाटी निवासमा २३ पुसमा वरिष्ठ नेता झलनाथ खनाल, माधव नेपाल र नारायणकाजी श्रेष्ठसहितको छुट्टै बैठक गरे। सो बैठकले सभामुख छनोटमा प्रचण्डलाई सघाउने र संविधान संशोधन गरेर राष्ट्रिय सभा सदस्य पनि प्रधानमन्त्री बन्न सक्ने प्रावधान राख्ने सहमतिमा पुगेपछि ओली पूर्ववत् अडान छाड्न बाध्य भए।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस्।

Post Graduate Diploma in Computer Application (PGDCA)

१. कस्तो विषय हो यो ?

- विश्वविद्यालयबाट मान्यता प्राप्त एक बर्ष कम्प्यूटर कोर्ष हो ।
  यो पढेपछि IT क्षेत्रमा आफ्नो करियर अगाडि बढाउन सकिन्छ । कान्तिपुर सिटि कलेजले विगत १५ वर्षबाट कक्षा सञ्चालन गरिरहेको छ ।

२. योग्यता कति हुनुपर्छ ?

- कुनै पनि संकायवाट १०० पूर्णाङ्कको Mathematics विषय सहित स्नातकमा ४५ % ल्याएको हुनुपर्छ । साथै **BA, BBS, BSC, BEd.** लगायतका विषयहरुले पनि **apply** गर्न पाईने छ ।

३. कस्तो ठाउँमा जागिर पाइन्छ ?

- सबै कम्प्युटर क्षेत्रमा जागिर पाइन्छ ।

४. यसको सबैतिर मान्यता हुन्छ ?

- विश्वविद्यालयको **program** भएकोले विदेशमा समेत मान्यता हुन्छ ।

५. यसपछि Computer मा Masters गर्न पाइन्छ ?

- **PGDCA** गरेपछि **MCA** अथवा **computer** का अन्य विषयहरुमा **Masters** गर्न पाइन्छ ।

Admission **Open**

| PGDCA | MAMCJ | MCA

LAST DATE OF FORM SUBMISSION: 15th Magh 2076, Contact: 9860352875

EVENING CLASS (MCA, PGDCA)

Affiliated to Purbanchal University

KANTIPUR CITY COLLEGE *SINCE 2000*

KANTIPUR CITY COLLEGE, KATHMANDU, NEPAL

Contact:
Putalisadak, Kathmandu
Phone: 4430239, 4437093
E-mail: admission@kcc.edu.np
Web: www.kcc.edu.np

प्रवेश

सोझै

साताका चर्चित

ज्ञानेन्द्र मल्ल
क्रिकेटर

आईसीसी विश्व क्रिकेट लिग-२ मा नेपाली राष्ट्रिय क्रिकेट टोलीको कप्तानी जिम्मा ।

खगेन्द्र थापा मगर
कीर्तिमानी होचा व्यक्ति

निमोनियाका कारण २६ वर्षको उमेरमा पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा निधन ।

ज्ञानु राणा
गायिका

हिट्स एफएम म्युजिक अवार्डमा 'लाइफटाइम अचिभमेन्ट' अवार्ड ।

राजीव गुरुङ (दीपक मनाङे)
गण्डकी प्रदेश सांसद

कास्की जिल्ला फुटबल संघ अध्यक्ष मिलन गुरुङलाई कुटेपछि पक्राउ ।

दन्ता नेपाली दर्शना
उपप्रमुख तिलगुफा, कालिकोट

नगरपालिकालाई जानकारी नदिई अमेरिका गएर लुकेपछि आलोचित ।

मुलुकबाहिर

मान्छेजस्तै बाखा

हिन्दु धर्मशास्त्र भन्छ– कर्मअनुसार मान्छे पटक-पटक जन्मिन्छ, विभिन्न स्वरूपमा । के जनावरको पनि अवतार हुन्छ ? भारतको राजस्थानमा अनौठो बाखा जन्मिएको छ । *मिररडटकमडटयुकेका* अनुसार बाखाको अनुहार मान्छेको आकृतिसँग मिलेको छ ।

बाखाको आँखा र समतल अनुहार मान्छेसँग मिल्न गएकाले निमोडियाका स्थानीय दंग छन् । स्थानीयले बाखालाई 'भगवान्' को अवतार मान्दै पूजा गर्न थालेका छन् । बाखाका मालिक मुकेशजी प्रजापाप भने बाखा कुनै अवतार नभई साइक्लोपिया रोग लागेको बताउँछन् । सो रोग लागेपछि अनुहारमा समरूपता र भावना अभिव्यक्त गर्न गाह्रो हुने वेबसाइटमा उल्लेख छ । भारतमा जनावर अनौठो देखे 'भगवान्' मान्ने यो पहिलो घटना भने होइन । १६ हजार जनावरमा साइक्लोपिया रोग लागेको वेबसाइटमा उल्लेख छ । यो रोग मान्छेलाई पनि लाग्न सक्छ । ने



इन्फोग्राफिक्स : यमन मानन्धर
स्रोत : अध्यागमन विभाग

त्यस बखतको **नेपाल**

मेलम्ची भित्रिने संकेत

राजधानीका जनताका निम्ति 'आकाशको फल' जत्तिकै बनेको मेलम्चीको पानी ढिलै भए पनि काठमाडौं भित्रिने सम्भावना बढेको छ। २१ डिसेम्बर २००० देखि मेलम्ची खानेपानी आयोजनाका बारेमा चासो राख्ने धेरैले यस्तै निष्कर्ष निकाल्न थालेका छन्। सो दिन एसियाली विकास बैंक (एडीबी) को मुख्य कार्यालय रहेको फिलिपिन्सको मनिलामा सम्पन्न बैठकले मेलम्ची आयोजनाका लागि १२ करोड डलर ऋण सहयोग स्वीकृत गरेपछि यस परियोजनाले सरकारी रूप लिने कुरामा आशातीत जनताको संख्या अहिले बढेको छ।

करिब ४६ करोड डलर कुल लागत भएको मेलम्ची खानेपानी आयोजनाका निम्ति एडीबीले ऋण सहयोग गर्ने घोषणा गरेपछि अन्य दाताराष्ट्र तथा संस्थाले पनि ऋण दिने कुरामा मेलम्ची खानेपानी आयोजनाका कार्यकारी निर्देशक दिनेशचन्द्र प्याकुरेल विश्वस्त देखिन्छन्। उनका अनुसार ओपेक (तेल निर्यात राष्ट्रहरूको समूह) ले १ करोड ४० लाख डलर, एनडीएफ (नर्वेजियन विकास कोष) ले १ करोड डलर, जापान सरकारले ५ करोड २० लाख डलर र विश्व बैंकले १ करोड ५० लाख डलर ऋण सहयोग प्रदान गर्ने भइसकेका छन्।

***नेपाल*, १–१५ माघ २०५७**

सुरेश किरण

एमसीसी र सीसी

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीलाई अबचाहिँ पैसाले बिगार्लाजस्तो छ । त्यो पनि अरू पैसा होइन, अमेरिकी पैसा । अमेरिकाले एमसीसी योजनाअन्तर्गत नेपाललाई पैसा दिने भनेर प्रस्ताव के ल्यायो, नेकपामा झगडा सुरू भइहाल्यो । पैसा लिने पक्ष एकातिर, पैसा नलिने पक्ष अर्कोतिर । यदि यो विवादलाई समयमै समाधान गर्न सकिएन भने नेकपा टुक्रिन पनि के बेर ! एकातिर नेकपा (एमसीसी), अर्कोतिर नेकपा (सीसी) । कम्युनिस्ट पार्टीलाई त टुक्रा हुन एक मिनेट पनि लाग्दैन । किनभने ढिकाबाट टुक्रा-टुक्रा हुनु नै कम्युनिस्ट पार्टीको मौलिक विशेषता हो । जो पार्टी टुक्रा हुंदैन, त्यो कम्युनिस्ट पार्टी नै हुन सक्दैन । तर संसारभरका कम्युनिस्टलाई अमेरिकी पैसाले बिगार्छ भन्थे । हो रहेछ । यहाँ पनि अमेरिकी पैसाकै कारण विवाद आइरहेको छ ।

यसै प्रसंगमा एउटा सन्दर्भ जोडौं । केही समयअघि मात्रैको कुरा हो, प्रदेश ३ को नाम बाग्मती राख्ने प्रस्ताव पार्टीले एकमतले स्वीकृत गरेको थियो । कसैले कुनै विवाद गरेन । आफ्नै देशका पहिचानवादीले त्यत्रो विरोध गरिरहेको विषयमा कुनै विवाद भएन । तर कसैले विरोध नगरेको एमसीसीमा चाहिँ किन यत्रो विवाद ? अब यो 'एमसीसी' भन्ने योजनालाई पनि 'बाग्मती' भन्ने नाम दिइदिऊँ क्या हो ? त्यसो भयो भने कसैले विरोध गर्दैनन् कि ?

आराम होइन, अझै काम

अब कसैलाई भन्नुपर्ने कुरै होइन, प्रधानमन्त्री केपी ओली अचेल साताको दुई पटक डायलासिस गर्दै छन् । पहिले-पहिले त यो पनि समाचारको विषय बन्ने गर्थ्यो, प्रधानमन्त्री साताको दुई पटक डायलासिस गर्छन् । पछि त्यो समाचार बन्न छाड्यो । त्यसको ठाउँमा यो समाचार बन्न थाल्यो, डायलासिस गर्नुपर्ने मान्छे पनि प्रधानमन्त्री ! सायद यो प्रधानमन्त्रीलाई व्यंग्य हान्न बनाइएको समाचार हुनुपर्छ । तर त्यो व्यंग्यले प्रधानमन्त्री ओलीलाई हुनेवाला भने केही पनि छैन । बरू उल्टो उनको गरिमा अझ बढाइदिनेछ । देश र जनताप्रति प्रधानमन्त्रीको जिम्मेवारी कति असीम छ, त्यो त यो डायलासिसले देखाउँछ । सातामै दुई पटक डायलासिस गर्नुपर्ने अवस्था भइसक्यो तर पनि उनी देश चलाइरहेका छन् । अरू भए त यतिबेलासम्म घरमै आराम गरेर बसिसकेका हुन्थे । तर उनको शब्दकोशमा आराम भन्ने शब्दै छैन । प्रधानमन्त्री त आराम होइन, काम गरिरहेका छन् । बरू उनीभित्रको किड्नीले काम गर्न

आचारसंहितापछिको नेकपा

गत साता विशेष काम भएरै हो, कमरेडलाई फोन गरेको थिएँ । बिनाकाम फोन गर्ने कुरा पनि भएन । कमरेडमाथि अहिले ठूलै जिम्मेवारी भएकाले 'डिस्टर्व' गर्न पनि मिलेन । तर कामै विशेष भएपछि नगरी पनि भएन ।

गरेँ । फोन कमरेडकी श्रीमतीजीले उठाइन् ।

'हेलो ! कमरेड हुनुहुन्न ?' मैले सोधेँ ।

श्रीमतीले भनिन्, 'होइसिन्छ । हजुर को बोलिस्या ?'

फोन अर्कैतिर परेछ कि क्या हो ? मलाई शंका लाग्यो, 'हेलो, यो हाम्रो फलानोको फोन होइन ?'

'हो हो, उहाँ हजुरकै हो ? हजुर को बोलिबक्सेको ?'

'म...म...म त पार्टी कार्यकर्ता हुं भाउजू', म अलिकति लरबरिएँ, 'कमरेडलाई पाऊँ न एकैछिन ।'

श्रीमतीले भनिन्, 'उहाँ हजुर त अहिले गल्फ खेलिबक्सँदै छ । भर्खर सुरू गरिबक्स्या...'

'गल्फ ? कहाँ ?' म चकित भएँ ।

छाडिसक्यो, प्रधानमन्त्रीले काम गर्न छाडेका छैनन् । प्रधानमन्त्री ओली एक देशप्रेमी नेताका रूपमा पहिल्यैदेखि लोकप्रिय हुन् । उनको लोकप्रियता अहिले झन् तिखारिएको छ । साताको दुई पटक डायलासिस गर्नुपरे पनि देश र जनताको सेवा उनले गरिरहेका छन् । यो सानो देशप्रेम होइन । हाम्रो देश सानो भए पनि यसप्रतिको प्रेम भने ठूलो छ ।

'यतै । गोकर्ण रिसोर्टमा । राम्रो गल्फ त यहीं मात्र खेल्न पाइँदो रहेछ ।'

'अनि गोकर्ण रिसोर्टमा किन नि ? त्यहाँ कुनै कार्यक्रम थियो कि ?'

'कार्यक्रम त त्यस्तो केही होइन, हामी आफैंले बनाएको । अहिले पार्टीले महिनाको एक पटक वनभोज जानैपर्ने नियम बनायो नि ! त्यही नियम पालना गर्न यता रिसोर्ट आएको । हजुरलाई थाहै होला नि, उहाँ हजुर पार्टीको नीति भनेपछि एक इन्च पनि तलमाथि गरिसिन्न । अब अर्को महिना शुक्लाफाँटा जाने भनिबक्स्या छ ।'

पार्टीले भर्खर जारी गरेको आचारसंहितालाई कमरेड हजुरले शिरमै राखेर पालना गरिसकेका रहेछन् ।

सपथ

[झटारो]

लक्ष्मण गाम्नागे

भर्खरै काभ्रे ट्राफिक प्रहरीका इन्स्पेक्टरले टिपर चालकलाई बनेपामा भेला पारेर नौ बुँदे सपथ खुवाएछन् । 'रक्सीको नशामा पूरै सडकलाई आफ्नै कोठेबारी ठान्दिनँ । बटुवाको सातो जाने गरी हर्न बजाउँदिनँ । सानातिना गाडीलाई भीरतिर घचेट्दै ओभरटेक गर्दिनँ । बटुवालाई मान्छेमै गणना गर्छु, झिँगा-भुसुना ठानेर तर्साउँदिनँ । साँघुरा सडकमा टिपर-दौड प्रतियोगिता गर्दिनँ । गाडी चलाएका बेला मोबाइलमा घरकीलाई गाली गर्दै अर्कीलाई छेउको सिटमा राखेर हिँड्दिनँ । प्रहरीले कागजपत्र माग्दा कागजपत्रै दिन्छु, मुठीमा च्यापेर कागजको नोट दिन्नँ' आदि । यति सपथ खाइदिँदा दुर्घटना हुँदैन भने के भो त भनेर टिपर चालकले पनि हाँसीखुसी सपथग्रहण गरेर लिखित प्रतिबद्धतापत्रमा सहीछाप पनि गरिदिएछन् ।

वास्तवमै दुर्घटना न्यूनीकरण गर्ने हो भने टिपर चालकलाई सपथ खुवाएर मात्र पुग्दैन । दुर्घटनामा उनीहरूको कति नै भूमिका हुन्छ र ! यस अभियानलाई प्रभावकारी बनाउन अरू-अरू सवारीका चालक, सहचालकलाई पनि सपथ खुवाउनुपर्छ । ३० सिटे बसमा ३ सय मान्छेलाई सिन्की खाँदेजस्तो खाँदेर भीरको बाटो गाडी कुदाउँदिनँ भनेर बसका चालकलाई सपथ खुवाउनुपर्छ । खुट्टा टेक्ने ठाउँ पनि नरहेको गाडीमा जसरी पनि नचढी नछाड्ने, गाडीका छतमै भए पनि बसेर यात्रा गर्न खोज्ने यात्रीलाई दुर्घटनामा परेर मरेँ भने त्यसको दोषी म आफैँ हुनेछु भनेर गाडी चढ्नुअघि सपथ खुवाउनुपर्छ ।

उन्नाइसौं शताब्दीका पत्रु गाडी पहराका ज्यानमारा सडकमा चलाउने साहू, त्यस्ता गाडी चलाउन अनुमति दिने सरकारी अधिकारीहरूलाई पनि दुर्घटनामा परे हामी जेल बस्नेछौं भन्ने सपथमा सहीछाप गराउनुपर्छ । नियम उल्लंघन गर्ने चालकलाई घुस खाएर छाड्ने काम गर्दिनँ, त्यसरी छाडेको पत्ता लागे उसै दिन जागिर छाड्न मन्जुर छु भनेर ट्राफिक प्रहरीलाई पनि सपथ खुवाउनुपर्छ ।



स्थानीय निकायका वडाध्यक्ष उर्फ डोजर साहूजी र उनकै साला-भान्जा पर्ने डोजर चालकलाई पनि जथाभावी भीर खन्दिनँ भनेर सपथ खुवाउनुपर्छ । परीक्षामा फेल भएकालाई चालक लाइसेन्स बनाइदिने कर्मचारी वा दलालहरूलाई, सडकमा बिस्कुन सुकाउने, गाईवस्तु र कुखुरा चराउने कृषक र गोठालालाई, सडकमै हाटबजार लगाउने, पसल थाप्ने, निर्माण सामग्री थुपार्ने जनतालाई दुर्घटनाबाट कसैको ज्यान गए सजाय भोग्न तयार छु भनेर सपथ खुवाउनुपर्छ ।

यी तलतलका मान्छेलाई सपथ खुवाएर दुर्घटनामा दुई-चार प्रतिशत कमी ल्याउन सकिएला । दुर्घटनाका खास कारक त माथिमाथि पो छन् । ठेक्का लिएको रकमको १०-१५ प्रतिशत बजेट सडकमा खर्च गरी बाँकी बाँडीचुँडी गरी खाई सडक अलपत्र छाडी दुर्घटना गराउने काम अबदेखि छाड्छु भनेर ठेकेदारलाई सपथ खुवाउनुपर्छ । ठूलठूला ठेक्का दिएर बैंक खातामा कमिसन र कानमा तेल हालेर बस्ने कर्मचारी, त्यस्ता कर्मचारीलाई तह लगाउन नसक्ने सरकार, त्यस्तो सरकारका मन्त्री वा प्रधानमन्त्रीहरूलाई भ्रष्टाचार गर्दिनँ, गरेको खण्डमा ज्यान मारेको कसुरको चार गुणा बढी सजाय भोग्न तयार छु भनेर सपथ नखुवाई दुर्घटना न्यूनीकरण गर्न सकिँदैन ।

यसरी सडक दुर्घटना गराउन सत्ताको शिरदेखि खोलाको तीरसम्मकै मान्छेको भूमिका भएकाले ती सबैलाई आ-आफ्नो भूमिकाअनुसारको दण्ड भोग्न तयार पारेर सपथ नखुवाई दुर्घटना कम हुँदैन । दुर्घटनामा टिपर चालकको भूमिका एक-दुई प्रतिशत हुँदो हो । त्यति न्यून भूमिका भएका टिपर चालक र प्रहरीको सानो इकाइ मिलेर गरेको सपथ कार्यक्रमबाट माथिमाथिका टाउकेहरूले थोरै शिक्षा लिए पनि ठूलै उपलब्धि हुन्थ्यो होला !

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

बदलिँदो नेपालको
'अन्तरकथा

नेपाल म्यागजिन
'अब APP मा पनि

'आजै डाउनलोड गर्नुहोस् ।

GET IT ON Google Play

Available on the App Store

दस अवतारलाई १४ सय डलर


शशि शाह

जापानको फुकुओका आर्ट म्युजियममा पहिलोपल्ट आयोजित एसियाली कला प्रदर्शनीमा दस अवतार सिर्जना समावेश गरेको थिएँ, सन् १९८० मा । एसियाली देश सम्मिलित पहिलो कला प्रदर्शनीमा नेपालका तर्फबाट लैनसिंह बाङ्देल, शशिकला तिवारी, कृष्ण प्रधानलगायतको टोली सहभागी थियो ।

महादेशअनुसारका अलग-अलग प्रदर्शनी हुन्थे, फुकुओकामा । जापान सरकारको स्वामित्वको हुँदा म्युजियमले एसियाका करिब २५ देशका कलाकार सम्मिलित गराएर छुट्टै कला प्रदर्शनी गर्थ्यो, दुई- दुई वर्षमा । एसियाली प्रदर्शनीमा नेपालका कलाकृति र कलाकारले पनि सहभागिता जनाउने अवसर पाउँथे ।

नेपाली टोलीको हवाईजहाज, कार्गो, पेन्टिङ, साताव्यापी बसाइ सम्पूर्ण खर्च व्यवस्थापन जापान सरकारले नै गरिदिएको थियो । जापानको प्रदर्शनीमा नेपाली कलाकारका सिर्जना पनि थुप्रै थिए । त्यसमा मेरो दस अवतार छनोटमा परेको हो ।

जापानको प्रवेशबिन्दु रहेछ, फुकुओका । ठाउँको नामबाटै फुकुओका म्युजियम राखिएको रहेछ । उक्त म्युजियममा मेरो सिर्जना दस अवतार पुगेपछि नै नेपाल सेक्सन नाम दिएर अरू नेपाली कलाकारका सिर्जना पनि राखिए ।

जापानको साताव्यापी कला प्रदर्शनीपछि फर्काएर नेपाल ल्याएको दस अवतार एसियाली कला प्रदर्शनीकै क्रममा बंगलादेशको ढाका पुग्यो । सो प्रदर्शनीमा विभिन्न कलाकारको सिर्जना लिएर उत्तम नेपालीलगायतको टोली ढाका गएको थियो, सन् १९८१ मा । ढाका प्रदर्शनीमा सहभागी नभए पनि मेरो दस अवतार सिर्जना पठाइदिएको थिएँ । प्रदर्शनी सकिएपछि मेरो सिर्जना नेपालमै फिर्ता आयो ।

करिब २५ एसियाली मुलुक सम्मिलित उक्त प्रदर्शनीमा जापानको फुकुओका आर्ट म्युजियमका प्रतिनिधिले पनि सहभागिता जनाएका रहेछन् । एसियाली मुलुकमध्ये बढीजसो जापान र बंगलादेशमा कला प्रदर्शनी हुन्थे । बंगलादेशमा त सन् ८० को दशकसम्म कला क्षेत्रले खासै फड्को मारेको थिएन । बंगलादेश सरकारले छात्रवृत्ति दिएर नेपाल पठाएका कैयौं कलाकारलाई हामीले कला सिर्जनामा पोख्त बनाएका हौं । नेपाल आएर अध्ययन गरेका तिनै कलाकारका कारण पछिल्लो समय बंगलादेश कला क्षेत्रका लागि उर्वर भूमि बनेको हो ।

बंगलादेशमा सहभागी फुकुओका आर्ट म्युजियम इन्टरनेसनल एक्सचेन्ज सेक्सनका प्रमुख तोसिहिरो मोतोकीले नेपालको प्रतिनिधित्व गरेर ढाका गएका उत्तम नेपालीसंग मेरो कलाबारे प्रशंसा गरेछन् । सन् १९८० मा जापानमा भएको कला प्रदर्शनीमा राखिएको दस अवतारलाई जापानीले मन पराएका रहेछन् ।

मोतोकीले दस अवतार कसरी खरिद गर्न सकिन्छ भनेर उत्तमसँग सोधीखोजी गरे । र, उत्तम नेपालीका साथमा दस अवतार खरिद गर्न आफ्नो हस्ताक्षरयुक्त सम्झौतापत्र मलाई पठाए । फुकुओका म्युजियममा एसियाली देशको आधुनिक कला नभएकाले मेरो सिर्जना खरिद गर्ने इच्छा मोतोकीले राखेका रहेछन् ।

बंगलादेशको कला प्रदर्शनी समापन भएपछि मोतोकीको हस्ताक्षरयुक्त उक्त चिट्ठी नेपाल ल्याएर उत्तमले मलाई सुम्पिए । मोतोकीले पठाएको सम्झौतापत्रमा उल्लिखित बेहोरा हेरें । दस अवतार सिर्जना बिक्रीका लागि फुकुओका म्युजियमलाई मञ्जुरी दिएँ । मेरो सिर्जना बिक्रीबापत १४ सय डलर प्राप्त गरें । उक्त रकम त्यतिबेला ठूलै मानियो ।

फुकुओकाले नेपालबाट लगेको दस अवतारलाई क्रमसंख्या (एक्युजिसन) नम्बर १५ मा राख्यो । यो श्रेणी विभाजनमा मेरो सिर्जना एसियामा पहिलो र विश्वभरबाट १५ नम्बरमा परेको संकेतचिह्न रहेछ । बंगलादेश प्रदर्शनीको ३ वर्षपछि फुकुओका म्युजियमले सन् १९८३ मा मेरो सिर्जना नेपालबाटै खरिद गरेर जापान पुऱ्याएको हो ।

नेपाली कलाकारमध्ये सबैभन्दा पहिले अन्तर्राष्ट्रिय क्षेत्रमा बिक्री भएको कला सिर्जना फुकुआको म्युजियमले नै किनेको हो । त्यसअघि कुनै पनि नेपाली कलाकारका सिर्जना अन्तर्राष्ट्रिय क्षेत्रमा बिक्री भएका थिएनन् ।

नाफाको संयोजनमै दुईचोटि जापानमा कला प्रदर्शनी गर्ने अवसर जुऱ्यो मलाई । पछिल्लो पटक केदारभक्त माथेमा नेपालका लागि जापानी राजदूत थिए । मेरा सहपाठी भएकै कारण उनको निम्तोमा जापानमा कला प्रदर्शनीको अवसर पाइयो । जापानमा पहिलोपल्ट कला प्रदर्शनीका क्रममा पुग्दा फुकुआको म्युजियम खासै ठूलो थिएन । तर पछिल्लो पटक जाँदा म्युजियमको स्वरूप फेरिएर भव्य बनेको रहेछ । उक्त म्युजियममा विभिन्न देशका कलाकारका सिर्जना राख्न विभागै खडा गरिएछ ।

दुई-दुई वर्षको अन्तरालमा एसियाली मुलुकका कलाकारको सहभागितामा हुने कला प्रदर्शनीले अहिले पनि निरन्तरता पाएकै छ ।

प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

हाम्रो नेपालमा

विकल्प तातोपानी

राजबहादुर शाही

खोला र धाराको पानीमा बरफ जमेको छ। नुहाउन र कपडा धुन मुस्किल । हिमाली क्षेत्रमा हिउँ अधिक बढेपछि सर्वसाधारणको विकल्प एउटै छ, तातोपानी ।

मुगुको भुसेकुना आसपासका गाउँ रुगा, थार्प, इमा, निगाले हेन्निकाँध, श्रीनगर र भामबाडाबाट कपडा र साबुन बोकेर आउनेको भीडभाड हुन्छ । “हिउँको जाडोले धाराको पानीमा नुहाउन सकिँदैन,” छायानाथ रारा नगरपालिका रुगा गाउँका धनजीत लावड भन्छन्, “तातोपानीमा पनि महिला, पुरुष, बच्चा भरिभराउ हुँदा पालो कुर्नुपर्छ ।”

जाडो बढेपछि सोरु गाउँपालिकाको जिमा कुलाहा तातोपानी कुण्डमा पनि नार्थपु, कालै, रारा, सिप, धैनकोट, पुरुमुरु, सिप ख्याल्च, रारा गिलाहालगायत दर्जनौं बस्तीबाट सर्वसाधारण ओइरिन्छन् । छिमेकी हुम्ला लुमछहरा तातोपानीमा मुगुको फोतु, भीई, नार्थपु, हुम्लाको श्रीनगर, तुम्च, जैर, कल्खे गाउँका वासिन्दा धुइरिन्छन् । त्योभन्दा टाढाका वासिन्दालाई दुई–चार दिन बस्ने गरी सातुसामल नबोकी धर छैन ।

जमिनमुनिबाट निस्कने बाफिलो र नुनिलो तातोपानीमा नुहाउँदा शरीर दुख्ने, चिल्याउने, दादलगायत रोग निको हुने जनविश्वास छ । त्यसैले गर्मी समय सुनसान हुने तातोपानी कुण्डमा जाडो लागेसँगै स्थानीयको चहलपहल बढ्छ ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका तातोपानी कुण्डलाई व्यवस्थित बनाउन नसक्दा महिला र पुरुषलाई सँगै नुहाउन भने समस्या छ ।

हिउँद लाग्नु तीन महिनाअगावै वनपाखाबाट दाउरा र बाक्ला कपडाको जोहो हुन्छ, मुगुमा । हिउँद समय तराईमा जस्तै कठ्यांग्रिएर ज्यान गएको रेकर्ड नभए पनि बूढापाकालाई पुस र माघ कटाउन निकै कष्ट हुने गरेको छ ।

छायानाथ रारा नगरपालिका गाउँकी चाउरी विक, ७५, प्रायः चुल्होमै बसेर समय कटाउँछिन् । तर आगोको धुवाँमा बस्नुपर्दा रुघाखोकी, आँखा पाक्नेजस्ता समस्या आउने स्थानीयको भनाइ छ ।

जाडोका कारण उत्तरी तिब्बत सीमा क्षेत्रका गाउँबस्ती, कार्यालय, विद्यालय सुनसान हुन्छन् । मुगम कार्मारोङ गाउँपालिका वडा–२ को मुगु गाउँका वासिन्दा मंसिर दोस्रो सातादेखि नै पारिलो बेँसीतिर झरेका छन् ।

करिब १ सय २० घरधुरी र ४ सय जनसंख्या रहेको उक्त गाउँका सबै घरगोठमा ताला झुन्ड्याएको अवस्था छ । त्यहाँ आकाशमा बादल आउनेबित्तिकै हिउँका फुल्का खस्छन् ।

मुगु गाउँका स्थानीयलाई पाँच महिना कहाँ घाम ताप्न जाने भन्ने पिरलो हुने गरेको छ । हिउँद महिना गाउँमै बस्दा चिसो र हिमपातले बाहिर निस्कन



नसकिने, दिसा-पिसाब गर्न र धाराबाट पानी ल्याउन सास्ती हुने स्थानीयको भनाइ छ। उनीहरू आफूसँगै घरपालुवा कुखुरा, बिराला, कुकुर, चौंरी, झोवा, घोडा पनि साथमै लिएर झर्ने गर्छन्। औलतिर झर्दा तिब्बतबाट बोकेर ल्याएको खाद्यवस्तु, बारीमा उत्पादित आलु, फापर, उवा कुटपिन गरेर बोकेरै ल्याउने गरेका छन्।

"अहिले गाउँमा कोही छैन। सबै औलतिर झरिसके," मुगु गाउँका तण्डुल लामा भन्छन्, "हिउँले ढोका थुन्छ, चिसोले हातखुट्टा कठ्यांग्रिन्छन्। कसरी घरमा बस्नू ? चिसोले धाराखोलाको पानी जम्छ, आगो बाल्न पनि कठिन छ।"

मुगु गाउँका अधिकांशले सिरानीचौर, पिलाडी, चितैकुना, तिहार बगरलगायत स्थानलाई पनि चिसो कटाउन अस्थायी बासको रूपमा प्रयोग गर्दै आएका छन्। यार्सा टिप्ने पाटन उक्लिनुपर्ने, घाम ताप्न औल झनुपर्नेजस्ता दुःखकष्ट सहेरै जीवन बिताउनु परेको अर्का स्थानीय टासी लामा दुखेसो पोख्छन्। भन्छन्, "यार्सा र जडीबुटीको लोभले चटक्कै गाउँ छाडेर अन्यत्र जान पनि सकिँदैन।"

जडीबुटीबाट आम्दानी हुने भएकाले सधैँका निम्ति घर खाली गर्न भने कोही चाहँदैनन्। अर्कोतिर राज्यका सेवा-सुविधा वृद्ध भत्ता, बाल अनुदान पनि उपभोग गर्न पाइने लोभ त छँदै छ।

मंसिरमा घाम ताप्न औल झरेका स्थानीय करिब ५ महिनापछि अर्थात् चैतमा लहरै गाउँ फर्किन्छन्। गाउँमा अनाज, दाउरा, घाँस चोरी भए-नभएको बुझ्न महिनाको दुई-चार पटक घरपिच्छे पालैपालो गरेर दुई-चार जना गाउँ पुगेर हेरचाह गरी फर्किने गरेका छन्।

काठ ल्याउन तीन-चार घन्टा तल जानुपर्ने भएकाले बलियो र तातो घर बनाउन मुस्किल हुन्छ। मसिनो काठ र खर प्रयोग गरेर बनाइएका घर हिउँदमा अधिक चिसो हुने गरेको अनुभव स्थानीयको छ।

गाउँले औलतिर झरेपछि स्वास्थ्य केन्द्र, प्राथमिक विद्यालय, सीमा प्रहरी चौकी, भन्सार, वडा कार्यालयमा पनि ताला लागेको छ। प्रहरी चौकीमा ताला लगाएर १५ जवान पाँच महिनासम्म गमगढी केन्द्रित हुने गरेका छन्। मुगु र तिब्बत सीमा सुरक्षाका निम्ति मुगु गाउँमा चौकी स्थापना गरिएको हो। गाउँले फर्किएको जानकारी पाएपछि सुरक्षाकर्मी बन्दोबस्तीसहित चौकीतिर लाग्छन्। चिसो गाउँमा कोही नबस्दा प्रहरी जवानलाई पनि पुलु चौकी गमगढीतिर झार्नु परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी लालबहादुर ऐर सुनाउँछन्। विद्यालय फागुन, चैतसम्म बन्द हुन्छन्। मुगु गाउँका बालबालिका एक वर्षमा ८० दिन पनि राम्रोसित पढ्न पाउँदैनन्। मुगम कार्मारोङ गाउँपालिका शिक्षा इकाइ शाखा प्रमुख सुवास रावल प्रश्न गर्छन्, "गाउँले नै नबसेपछि शिक्षकले के पढाउने ?" ने

सरोज बैजु

< पीडित माया गुरुङ

विशेष

चीनमा ‘दुलही’ तस्करी

अदालतमा गरिने अधिकांश कागजी बिहे नक्कली

कल्पना भट्टराई

लमजुङकी माया गुरुङलाई २५ साउनमा अचम्मको प्रस्ताव आयो, ‘चाइनिज’ केटासँग बिहे गरी उतै घरजम गर्ने। आफ्नै साथी अमृता गुरुङले राखेको यस्तो प्रस्ताव सुनेर माया छक्क परिन्। कसरी चाइनिज केटा खोजिदेलान् ? सुरुमा पत्याइनन्, उनले। तर त्यस्तै प्रस्ताव उनका अर्का साथी भरत तामाङले पनि गरे। त्यसपछि भने उनी सोच्न बाध्य भइन्।

अमृताले चिनियाँ केटासँग बिहे गरे परिवारलाई आर्थिक सहयोग गर्न पाइने, रोजगार पाइने, बिहे गरे पनि सँगै बस्नु नपर्ने र पछि आमाबुबालाई उतै लैजान पाइने भनी लोभ्याइन्। मायाले प्रस्ताव स्वीकारिन्। स्वीकार नगरून् पनि किन ! गरिब परिवारकी मायाका लागि यो प्रस्ताव कल्पनाबाहिरको थियो।

उनकी साथी अनु गुरुङलाई पनि प्रस्ताव आयो, 'चाइनिज' केटासँगै बिहे गर्ने। मायालाई जस्तै प्रलोभन दिएपछि अनु पनि लोभिइन्। बिहे गर्न राजी भइन्। ५ भदौमा माया र अनुलाई अमृताले लमजुङबाट काठमाडौं ल्याइन्। ब्युटिपार्लर लगिन्। नयाँ कपडा किनिदिइन्। बेलुकी टोखास्थित पार्वती गुरुङसँग भेटाइदिइन्। पार्वतीले उनीहरूलाई आफू बस्ने घरको छुट्टै कोठामा लगेर राखिन्। पार्वतीले आफ्नी साथी रीना तामाङ 'बिबीरानी' सँग पनि भेट गराइन्। रीना त्यही घरको माथिल्लो तलामा बस्थिन्।

त्यो कोठमा आफूहरूजस्तै साथी सरिता गुरुङ, रुविता परियार र रमिता चौधरीलाई भेटे। घर र थर फरक भए पनि सपना र उद्देश्य भने एउटै थिए, चिनियाँ केटासँग घरजम गर्ने र परिवारलाई गरिबीबाट मुक्ति दिलाउने। घरेलु समस्याका कारण उनीहरू अन्जान देशमा 'दुलही' बनेर जान बाध्य थिए।

त्यही कोठामा बस्दाबस्दै उनीहरूले आफ्नो पीडा पनि साट्न पाए। जस्तो, रमिता चौधरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सेक्युरिटी गार्डको काम गर्थिन्। उनलाई 'पेपर म्यारिज' अर्थात् देखावटी विवाह गरेर चीन गए टन्न कमाइ हुने बताए। एजेन्टलेआकर्षक जागिर र कमाइ हुने अनि सँगै बस्नु नपर्ने आश्वासन दिए। श्रीमान्सँग पनि राम्रो सम्बन्ध नभएको अवस्थामा उनी बिहे गर्ने सोचमा पुगिन्।

लमजुङबाट काठमाडौं आएपछि मात्रै माया र अनुले पहिलो पटक *वीच्याट*को भिडियो कलमा आफ्ना हुनेवाला श्रीमान्लाई देखे। माया विगत सम्झिँदै भन्छिन्, "बिहे गर्ने केटा राम्रो थिएन। एउटा हात बांगो परेको थियो। तर बिहेपछि केटाको परिवारले प्यारालाइसिस भएकी आमाको उपचारका लागि तीन/तीन महिनामा ५० हजार रुपैयाँ पठाइदिने भनेपछि राजी भएँ।" माया र अनु दुवै जनाको चीनमै बिहे गर्ने गरी कुरा छिनियो। चिनियाँसँग लगनगाँठो कस्न राजी भए। तर उनीहरूलाई आफ्नो हुनेवाला श्रीमान्को नाम र घरको ठेगानासमेत थाहा थिएन।

चीन जान चाहिने कागजपत्र र भिसासम्बन्धी सबै काम बिबीरानी र रोज तामाङले गरेको अनु बताउँछिन्। अनुका अनुसार उनीहरूसँगै बसेकी साथी रुविता परियारको चिनियाँ केटासँग बिहे भइसकेको थियो। सरिता गुरुङको भने चीन गएर बिहे गर्ने पक्का भएको थियो। रमिता चौधरीका हुनेवाला श्रीमान् बिहे गर्न भनी चीनबाट काठमाडौं आएर एक होटलमा बसेका थिए। उनीहरूको बिहे १५ भदौमा तय भएको थियो।

विमानस्थलबाटै तस्करी

११ भदौमा माया, अनु, सरिता, रुविता र उनका चिनियाँ श्रीमान् क्वान झान पेङलाई लिएर बिबीरानी चीन जाँदै थिइन्। एक दिनअघि माया र अनुलाई बिबीरानीले 'एयरपोर्टमा प्रहरीले सोध्यो भने आफन्तलाई भेट्न जान लागेको' भन्नू भनेर सम्झाएकी थिइन्। उनको कुरामा शंका लागेपछि उडान भएकै दिन अनु र माया त्यहाँबाटै भागे।

भागेकै दिन माया लमजुङ गएकी थिइन् भने अनुले प्रहरीलाई बिबिरानीहरू चीन जान लागेको खबर दिएकी थिइन्। सोही आधारमा मानव बेचबिखन अनुसन्धान ब्युरोले चीन जान लागेको अवस्थामा ५ जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो। उनीहरूलाई पुऱ्याउन गएका रोज गुरुङ पनि त्यहीँबाट पक्राउ परेका थिए।

पक्राउ परेकी नेपाली एजेन्ट बिबीरानीको बयानका आधारमा बालाजुको एक होटलबाट रमितालाई बिहे गर्न भनी बसेका क्वीन लियाङ, झम्सिखेलबाट दुई एजेन्ट झाङ डोङ हुई र जेङ छिङ डोङ पक्राउ परेका थिए। त्यस्तै, टोखाबाट पार्वती गुरुङ, माया तामाङ, अमृता गुरुङ, कृष्णकुमार घले तथा लमजुङबाट भरत तामाङ र सानेपाबाट ब्युटिपार्लर सञ्चालक उषाकुमारी घिमिरेसहित १२ जना पक्राउ परेका थिए।

अनेक प्रलोभन देखाई नेपाली युवतीको चिनियाँ केटासँग बिहे गरी चीन तस्करी गर्ने एजेन्टहरूको योजना विफल भएको ब्युरोका प्रवक्ता तथा प्रहरी उपरीक्षक गोविन्द थपलिया बताउँछन्। पक्राउ परेका अभियुक्तको साथबाट २१ लाख ९७ हजार नेपाली रुपैयाँ, ३८ हजार भारु, ३ हजार ३ सय युआन र २ सय डलर बरामद भएको थियो।

थपलियाका अनुसार गाउँबाट काठमाडौं ल्याइसकेपछि युवतीलाई सुन्दरी बन्न सिकाउने, भड्किलो पहिरन लगाउन उत्प्रेरित गर्ने, विवाह गर्न इच्छुक चिनियाँ केटासँग प्रत्यक्ष र भिडियो कलमार्फत भेट गराउने गरिएको छ। भेटघाटमा भएको कुराकानीको अनुवादको काम एजेन्ट रीना तामाङले गर्थिन्। युवतीलाई विवाह गर्ने भनिएका श्रीमान्को घरपरिवारबारे अनलाइन कलबाटै अत्यन्तै न्यून जानकारी गराइन्थ्यो।

> "दूतावासमा पीडितले सम्पर्क नगरेका कारण पीडित कति छन्, यकिन हुन सकेको छैन। बताउँछन्।
>
> – **भरतराज पौडेल**
> प्रवक्ता, परराष्ट्र मन्त्रालय

विवाह गर्ने युवती तय भएपछि चीनमा रहेका एजेन्टमार्फत चिनियाँ केटा काठमाडौं आएर यहाँ रहेका उतैका एजेन्टसँग सम्पर्क गर्छन्। सुरुमा चिनियाँ केटाले फोटो हेरेर युवती छान्ने गरेका छन्।

काठमाडौंमा भेटपछि चिनियाँ केटाले आफूले छानेका युवतीको यकिन गर्ने गरेका थिए। विवाह हुन लागेको केटासँग ५ दिनसम्म विभिन्न स्थानमा कुराकानी गराउने, चिनियाँ खानपिन तथा रहनसहनबारे सिकाउने गरेको ब्युरोका डीएसपी सुधीर शाह बताउँछन्।

शाहका अनुसार एजेन्टले विवाहका लागि युवतीका परिवारलाई समेत प्रलोभनमा पारी सहमति लिने, सम्भव भएसम्म हुनेवाला ज्वाइँसँग भेटघाट गराइदिने गरेका छन्। काठमाडौं जिल्ला अदालतबाट कानुनी प्रक्रिया पूरा गरी परिवारका सदस्यहरूकै उपस्थितिमा विवाह दर्ता गराउने र विमानस्थलसम्म पुऱ्याउनेसम्मको योजना बनाउँछन्। शाह भन्छन्, "परिवारको पूर्ण सहमतिमा विवाह गराई चीन पठाउने गरेको देखिएको छ।"

प्रहरीका अनुसार एक युवतीलाई विवाह गराएबापत काठमाडौंमा रहेका चिनियाँ एजेन्टले १० लाखसम्म पाउने सहमति भएको थियो। त्यस्तै, काठमाडौंका नेपाली एजेन्टले १ देखि २ लाख, युवती राख्ने नेपाली एजेन्टले ८० हजार, युवतीका अभिभावकले ६० हजार र नयाँ फोन वा जिन्सी सामान प्राप्त गरेको देखिएको छ।

चिनियाँ दुलाहा

क्वीन लियाङ

क्वान झान पेङ

चिनियाँ एजेन्ट

झाङ डोङ हुई

जेङ छिङ डोङ

नेपाली

उषाकुमारी घिमिरे

'नेपाल-चीन' कनेक्सन

चिनियाँ युवकसँग नेपालका युवती कहिलेदेखि विवाह गरेर जान थाले भन्ने यकिन छैन। तर ५ वर्षअघिबाट विवाह हुन थालेको तथ्य भेटिएको छ। ०७१ मा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले छेलु इन्टरनेसनल नामक कार्यालय नै सञ्चालन गरी चिनियाँ युवकसँग नेपाली युवतीको विवाह गराई चीन पठाउने गिरोहका छेलु शेर्पालगायत ५ जनालाई पक्राउ गरी कारबाही गरेको थियो।

'म्यारिज ब्युरो' सञ्चालन गरेर नक्कली विवाह गराएको भेटिएपछि चीनमा दुलहीको तस्करी हुने तथ्य पत्ता लागेको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता तथा एसपी गोविन्द थपलिया बताउँछन्। "बिहे गरेर चीन गएका नेपाली युवतीमाथि त्यहाँ कस्तो व्यवहार गरिन्छ, थाहा छैन," थपलिया भन्छन्, "तर चीनबाट फर्किएकी एक महिलाले आफ्ना पतिले अरू पुरुषसँग पनि यौनसम्बन्ध राख्न बाध्य बनाउने गरेको बताएकी छन्।" घरमा बस्न नसक्ने अवस्था आएपछि त्यहाँबाट भाग्दा उनलाई चिनियाँ प्रहरीले उद्धार गरेर फर्काएको थियो।

थपलियाका अनुसार सन् १९७८ मा चीनमा जनसंख्या बढेपछि सरकारले एक सन्तान नीति ल्यायो। त्यहाँका दम्पतीले छोरा मात्रै जन्माउन छोरीको भ्रुणहत्या गर्न थालेपछि केटीको संख्या घट्दै गयो र त्यसको असर सहरभन्दा गाउँमा बढी पर्न थाल्यो। सामान्य आर्थिक हैसियत भएका केटाहरूले केटी पाउन मुस्किल भएपछि नेपाललगायत सीमा जोडिएका १६ देशबाट दुलही भित्र्याउन थाले।

त्यसपछि नेपाली र चिनियाँ एजेन्टले गाउँदेखि चीनसम्म आफ्नो सञ्जाल फैलाएर संगठित रूपमा पैसाको लेनदेन गराई विवाह गराउने गरेको थपलिया बताउँछन्। चिनियाँ युवतीसँग विवाह गर्नुभन्दा पाकिस्तान, म्यानमार, बंगलादेश, भियतनाम र नेपाललगायत मुलुकका युवतीसँग विवाह गर्दा कम खर्च लाग्ने र श्रमिकका रूपमा कजाउन पाइने भएपछि उनीहरूले बाहिरी देशबाट दुलही भित्र्याउने गरेका हुन्।

प्रहरीका अनुसार ११ भदौमा चिनियाँ युवकसँग विवाह गराएर चीन लैजाँदै गरेको अवस्थामा विमानस्थलबाट पक्राउ परेकी एजेन्ट रीना तामाङ 'बिबीरानी' को पनि एजेन्टमार्फत चिनियाँ युवकसँगै बिहे भएको थियो।

०७१ मा बौद्धमा संखुवासभाकी लक्की शेर्पाले उनलाई विभिन्न प्रलोभन दिएर चिनियाँ केटासँग बिहे गराइदिएकी थिइन्। पेटमा बच्चा बसेको ७ महिनामै उनको पतिको दुर्घटनामा परेर मृत्यु भएको थियो।

> भाषाको समस्याका कारण नेपाली युवती पीडित भइहाले पनि उद्धार गर्न कठिन छ।
>
> **– विश्वराज खड्का**
> कार्यकारी निर्देशक, माइती नेपाल

बच्चा तीन वर्षको भएपछि उनको नेपाल आउ-जाउ क्रम बाक्लियो। नेपाल आउँदा रोज तामाङसँग उनको भेट भयो। रोजको जापानमा भएकी श्रीमतीसँग सम्बन्ध बिग्रिएपछि उनीहरू टोखामा कोठा लिएर लिबिङ टुगेदरमा बस्न थाले। उक्त घरमा पार्वती र रुविता पनि बस्थे। त्यही क्रममा उनीहरूको चिनजान भएको थियो।

२४ चैत ०७५ मा रीनाले पार्वती गुरुङकी छोरी पुष्पा गुरुङको विवाह चिनियाँ केटासँग गराइदिइन्। त्यसपछि रीनाले पार्वतीलाई पनि एजेन्ट बनाइन्। रीनाले प्रहरीलाई दिएको बयानअनुसार मंगोलियन अनुहार भएका युवतीलाई गाउँबाट काठमाडौं ल्याएर चिनियाँ केटासँग बिहे गराइदिने काममा पार्वतीले समेत सहयोग गर्थिन्। अमृताले भने गाउँबाट युवतीलाई फकाएर काठमाडौंसम्म ल्याउने काम गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

भरतले गाउँबाट युवतीलाई फकाएर ल्याएपछि अमृताको जिम्मा लगाउने गरेका थिए भने उषाले विभिन्न स्थानबाट युवतीलाई सम्पर्क गरेर चिनियाँ एजेन्टसँग भेट गराउने काम गर्थिन्। रीनाका छिमेकी हुवईका एजेन्ट जेङ छिङ डोङले चीनमा सेटिङ मिलाउने काम गर्थे। एसपी थपलिया भन्छन्, "चिनियाँ-नेपाली एजेन्ट मिलेर विवाह गर्ने बहानामा नेपाली युवतीको तस्करी गरी बेचबिखनको धन्दा चलाइरहेका छन्।"

अदालतबाटै 'नक्कली विवाह'

गिरोहले त्रिभुवन विमानस्थलबाट युवती तस्करी गर्न अप्ठेरो हुने भएपछि अदालतबाट कागजी विवाह गरेर चीन लैजाने गरेको छ। कतिपय

भरत तामाङ

अमृता गुरुङ

पार्वती गुरुङ

रोज तामाङ

रीना तामाङ

अवस्थामा भने बिहेका लागि चाहिने सम्पूर्ण कागजात बनाएर नेपाली युवतीलाई भिजिट भिसामा चीन पुऱ्याइन्छ ।

मुलुकी देवानी संहिता, ०७४ मा विवाहसम्बन्धी व्यवस्थामा विदेशीसँग विवाह गर्नेको हकमा देशको कानुन, व्यक्तिगत विवरण खुलाएको नो-अब्जेक्सन लेटर, सम्बन्धविच्छेद भएकाको हकमा सम्बन्धविच्छेद गरेको कागजात, पासपोर्टलगायत कागजात र १५ दिन नेपालमै बसेको हुनुपर्ने भनिएको छ ।

नेपाली युवतीको हकमा अविवाहित प्रमाणपत्र, नागरिकता, सम्बन्धविच्छेद भएको भए त्यसको कागजात र काठमाडौं बाहिर घर भएको हकमा १५ दिन काठमाडौंमै बसेको देखिनुपर्छ । यी सबै कागजात प्रक्रिया पूरा गरे मात्रै विदेशीसँग बिहे गर्न सकिने जिल्ला अदालत काठमाडौंका स्रेस्तेदार आनन्दप्रसाद श्रेष्ठ बताउँछन् ।

अदालतमा यी सबै प्रक्रिया पूरा गर्न झन्झटिलो भए पनि एजेन्टहरूले सजिलोसँग कागजात बनाएर विवाह गराउने गरेको अनुसन्धानबाट पुष्टि भएको छ । ०७६ जेठमा उनै रीना तामाङमार्फत चिनियाँ केटासँग बिहे गरेर चीन गएकी इन्द्रमाया तामाङ विवाहित हुन् । उनका ९ वर्षीय छोरा छन् । पतिले बेवास्ता गरेपछि चिनियाँ केटासँग बिहे गरे उतै जागिर पाइने र सँगै बस्न पनि नपर्ने भनेपछि छोराको भविष्यका लागि उनी कठोर निर्णय लिन बाध्य भएकी थिइन् ।

एजेन्ट रीनाले गाउँपालिकाबाट उनलाई अविवाहिताको प्रमाणपत्रलगायत कागजात बनाई जिल्ला अदालत काठमाडौंबाट विवाह दर्ता गराएर चीन पठाएको अनुसन्धानबाट खुलेको ब्युरोका डीएसपी सुधीर शाह बताउँछन् । शाहका अनुसार अनुसन्धानका क्रममा विवाहित अनु गुरुङ र रमिता चौधरीले पनि अविवाहित प्रमाणपत्र बनाएको खुलेको छ ।

तर इन्द्रमाया चिनियाँ केटासँग बिहे गरेर उतै गए पनि त्यहाँ दासीसरह व्यवहार गरेपछि ४ महिनामै नेपाल फर्किन् । नेपाल फिर्ता हुन्छु भन्दा १८ लाख रुपैयाँमा किनेर ल्याएकाले उतै काम गर्नुपर्ने धम्की चिनियाँ श्रीमान्ले दिएको इन्द्रमायाले प्रहरीलाई बताएकी थिइन् ।

जिल्ला अदालत काठमाडौंको तथ्यांकअनुसार चालू आव ०७६/७७ को ७ महिने अवधिमा १८ विदेशी नागरिकसँग विवाह भएको छ । गत मंसिरदेखि १३ महिने अवधिमा १२ चिनियाँ केटासँग नेपाली युवतीको विवाह भएको छ । स्रेस्तेदार श्रेष्ठ भन्छन्, "सम्पूर्ण कागजात पूरा गरेर आउने भएकाले बिहे गर्नेको नियत के हुन्छ, थाहा हुँदैन । तर पछिल्लो समय कडाइ गरिएको छ ।"

ब्युरोका प्रवक्ता एसपी थपलिया अदालतमा गरिने अधिकांश कागजी बिहे नक्कली हुने गरेको बताउँछन् । "विवाहको प्रमाणपत्र देखाउँदा विमानस्थलमा कसैले अवरोध गर्दैनन्", थपलिया भन्छन्, "नेपाली युवतीलाई चीनमा तस्करी गर्न एजेन्टलाई सजिलो भएको छ ।" उनका अनुसार यो प्रमाणपत्रको बिहेले चीनमा मान्यता पाउँदैन ।

चोरका अनेक दाउ

धादिङ घर भई काठमाडौं टोखाको पार्वती गुरुङ र रीना तामाङ बस्ने घरमै डेरा जमाएकी सरिता गुरुङको वास्तविक नाम जेनी हो । ०५९ मा जन्मिएकी जेनीले चितवनबाट एसईई गरिन् । तर उनको नागरिकता र पासपोर्ट सरिता गुरुङको नामबाट बनेको छ ।

एजेन्टले चिनियाँ केटासँग बिहे गराउन उनको सम्पूर्ण कागजात नक्कली बनाएको ब्युरोका प्रवक्ता तथा एसपी थपलिया बताउँछन् । उनका अनुसार एजेन्टले उनको नक्कली जन्मदर्ता पनि बनाएका थिए । त्यहीं नक्कली कागजातको आधारमा अविवाहित प्रमाणपत्र पनि बनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

चिनियाँ नागरिकसँग विवाह गरेर चीनमा कतिको संख्यामा नेपाली युवतीको तस्करी भइरहेको छ भन्ने तथ्यांक कसैसँग पनि छैन । परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौडेल चीनस्थित दूतावासमा पीडितले सम्पर्क नगरेका कारण पीडित कति छन्, यकिन नभएको बताउँछन् ।

दिल्लीको बाटो हुँदै खाडी जाने महिलालाई रोक्न सीमा क्षेत्रमा थुप्रै संघसंस्थाले काम गरिरहेका छन् । तर चीनमा हुने युवती तस्करीबारे सरकारी तथा गैरसरकारी संस्थालाई समेत थाहा छैन ।

आप्रवासन विज्ञ गणेश गुरुङका अनुसार भाषा, संस्कार र संस्कृति नमिलेका कारण पनि नेपाली युवती चिनियाँसँग समायोजन हुन सक्दैनन् । चिनियाँ रिसाहा हुन्छन् । छिटोछिटो काम गर्न नसके दुर्व्यवहार गर्छन् । बिहे गरेर नेपाली युवतीलाई कि त श्रमिकका रूपमा राख्छन् कि त यौनदासी ।

माइती नेपालका कार्यकारी निर्देशक विश्वराज खड्का तस्करी हुँदै चीन पुगेका युवती सम्पर्कमा नआउने भएकाले पनि उनीहरूको अवस्थाबारे थाहा नभएको बताउँछन् । भन्छन्, "भाषाको समस्याका कारण नेपाली युवती पीडित भइहाले पनि उद्धार गर्न कठिन छ ।" ने

(पीडितको नाम परिवर्तन गरिएको छ ।)

के समाजवाद, के पुँजीवाद

रूसको कम्युनिस्ट क्रान्ति र दोस्रो विश्वयुद्धपछि सुरु भएको शीतयुद्धका दौरान निर्माण भएको पुंजीवाद वा समाजवाद भन्ने वर्गीकरणको अर्थ र औचित्य समाप्त भइसकेको छ ।

सञ्जीव पोखरेल

चार वर्षअघि नेपालको संविधान जारी गरिँदा यसका अन्तर्वस्तुमा यथेष्ट र सार्थक छलफल हुन पाएन । जनताबाट निर्वाचित प्रतिनिधिका हातबाट संविधान लेख्ने लोकतान्त्रिक प्रक्रिया केही मानिसको सत्तास्वार्थको बन्धक बन्यो । संविधानमाथि हुनुपर्ने छलफलको अधिकांश समय को प्रधानमन्त्री बन्ने र को मन्त्री बन्ने भन्ने सांगीतिक कुर्सीको खेलमा व्यतीत भएको नेपालीको स्मरणमा छँदै छ ।

संविधान जारी हुने क्रममा सबै राजनीतिक पार्टी र ती पार्टीभित्रका गुट-उपगुटको 'इज्जत जोगाउन' हतार-हतार संविधानका प्रावधान लेखिए । त्यसैको परिणामस्वरूप यसमा समेटिएका कतिपय प्रावधान र शब्दावली अर्थबेगरका, असुहाउँदा, विसंगत र कतिपय त हास्यास्पद पनि छन् । यसैको एउटा उदाहरण संविधानको भाग १ को चौथो धारामा गरिएको राज्यको परिभाषा, जसमा नेपाललाई 'समाजवादउन्मुख' राज्य भनिएको छ ।

संविधान जीवन्त दस्तावेज हो र यस्तै रहनुपर्छ । लोकतान्त्रिक संविधान लेखन प्रक्रिया राजनीतिक दलहरूको स्वार्थ र अक्षमताको बन्धक भए पनि संविधानको प्रावधानका विषयमा छलफल र आवश्यक परिमार्जन गर्ने अवसर नेपालको संविधानले उपलब्ध गराएको छ ।

नेपाल म्यागजिनले संविधानको केन्द्रमा रहेको 'समाजवादउन्मुख' शब्दावलीमाथि चलाएको छलफल सान्दर्भिक र स्वागतयोग्य छ ।

राज्य के हो, यसले के काम गर्नुपर्छ र के काम गर्नुहुन्न भन्ने प्रश्न राजनीतिशास्त्र, अर्थशास्त्र र समाजशास्त्रको केन्द्रीय प्रश्न हो । यो प्रश्न विज्ञ वा अभिजात वर्गको मात्र चासो र चिन्ताको विषय होइन । सर्वसाधारण मानिसबीच दैनिक जीवनमा हुने कुराकानीमा पनि राज्यको चरित्र एक मूल विषय रहने गर्छ ।

लेखक मुराहरि पराजुलीले समाजवादको अवधारणाको आलोचना गर्दै समाजवादी चरित्रको राज्यका बेफाइदाको चर्चा गरेका छन् । यस लेखमा म समाजवाद अवधारणा नेपालमा कसरी लोकप्रिय हुन पुग्यो भन्ने चर्चा गर्नेछु । दोस्रो भागमा यस्ता ठूला अवधारणामा अन्तर्निहित समस्या प्रस्तुत गर्नेछु र अन्त्यमा नेपालका सन्दर्भमा राज्यको भूमिका कस्तो रहनुपर्छ भन्ने विषयमा केही धारणा राख्नेछु ।

समाजवादसँग नेपालको साक्षात्कार

उन्नाइसौँ शताब्दीको मध्यतिर कार्ल मार्क्सले श्रमको मूल्यलाई समाज र राज्यको ढाँचाको केन्द्रमा स्थापना गर्ने र संसारबाट असमानताको अन्त्य गर्ने आकर्षक सिद्धान्त लेखेका थिए । बीसौँ शताब्दीको प्रारम्भमा यही सिद्धान्तका आडमा रुसी क्रान्ति सफलतापूर्वक सम्पन्न भएको थियो । रुसी (बोल्सेभिक) क्रान्ति कुनै एउटा देशको सामान्य राजनीतिक परिवर्तन मात्र थिएन । त्यसबेलाका पुँजीवादी भनिएका राज्यहरूमा देखिएका यावत समस्या र विकृतिको द्रुत समाधानका लागि एउटा आशलाग्दो वैकल्पिक 'मोडल' यो क्रान्तिले उपलब्ध गराएको थियो ।

आधुनिक राज्य स्थापना गर्ने क्रममा राज्य कस्तो हुनुपर्छ भन्ने प्रश्नका जवाफको व्यापक खोजी गरिरहेका मुलुकका शिक्षित र चेतनशील मानिसका लागि रुसी क्रान्ति अत्यन्त चाखलाग्दो घटना थियो । यस्ता मुलुकमध्ये भारत पनि एक थियो । बेलायती उपनिवेशलाई धपाएर स्वाधीन राज्य खडा गर्ने प्रयत्नमा रहेका भारतका धेरै बुद्धिजीवीका लागि मार्क्सवाद एउटा बलियो वैचारिक धरातल बन्यो भने रुसी क्रान्ति राज्य रूपान्तरणको उदाहरण । परिणामस्वरूप भारतमा स्वाधीनताको आन्दोलन र मार्क्सवादको विस्तार सँगसँगै भयो ।

नेपालका बुद्धिजीवी भारतको यो विकासक्रमबाट अछुतो रहने सम्भावना थिएन । त्यसमाथि रुसले आफ्नो 'सफलता' को प्रचारप्रसारमा त्यो बेला प्रशस्त पैसा पनि खर्च गऱ्यो । रुसी भाषामा लेखिएका मार्क्स, एंगेल्स र लेनिनका पुस्तक तथा रुसी क्रान्तिका महिमामण्डन रुसकै खर्चमा हिन्दीमा अनुवाद भए । नेपाली विद्वान्हरूले यिनै हिन्दी पुस्तकबाट मार्क्सवाद र रुसी क्रान्तिबारे बुझ्न पाए । परिणामस्वरूप बीसौँ शताब्दीको मध्यतिर भारतमा पढ्ने-लेख्ने अवसर पाएका केही नेपालीले मार्क्सवादी विचारधारालाई आधार बनाएर 'भूमिगत' राजनीतिक संगठन स्थापना गरे । राणाहरूको जहानियाँ शासनको अन्त्यपछि कस्तो राज्य स्थापना गर्ने भन्ने विकल्पमा कम्युनिस्टहरूले प्रवर्द्धन गरेको समाजवाद एउटा रेडिमेड विकल्प तयार भयो ।

मार्क्सवादको विस्तार विभिन्न मुलुकका सन्दर्भमा

अनेक ढंगले भएका उदाहरण छन् । नेपालका सन्दर्भमा पनि मार्क्सवादको विस्तारका लागि खास सामाजिक-आर्थिक विशिष्टताले काम गरेका थिए । विशेषतः भारतमा अध्ययन गर्ने अवसर पाएका उच्च जातका सम्पन्न परिवारका मानिसले मार्क्सवाद नेपालमा ल्याएका हुन् । मार्क्सवादको विस्तारका लागि जातीय सञ्जालको नै उपयोग भयो । पढेलेखेका र आर्थिक हैसियत राम्रो भएका मध्यमवर्गीय उच्च जातका मानिसले नेपालको 'कम्युनिस्ट आन्दोलन' को नेतृत्व गरेका हुन् । यस क्रममा कम्युनिस्ट हुनु भनेको परिवर्तनमुखी र विद्रोही हुनु हो भन्ने बुझाइ स्थापित भयो ।

आफूलाई चेतनशील ठान्ने, परिवर्तनका लागि काम गर्न उत्साहित र विद्रोह मन पराउनेहरूका लागि मार्क्सवाद एउटा सांस्कृतिक अभियान बन्यो । मार्क्सवादी हुनु मध्यमवर्गीय उच्च जातको विशिष्ट र सम्मानित परिचय बन्न पुग्यो । यो विशिष्ट सामाजिक परिवेश कम्युनिस्ट आन्दोलनको पांग्रा बन्यो ।

नेपालको कम्युनिस्ट आन्दोलन स्थापित सत्ताको प्रतिरोधमा कति धेरै व्यस्त भयो भने नेपालमा कम्युनिस्ट विचारधारा वा समाजवाद कस्तो हुने भन्ने प्रश्न नै गौण भइदियो । कम्युनिस्ट पार्टीले कस्तो ठोस परिवर्तनको नेतृत्व गर्ने र कस्तो राजनीतिक संस्कृति अपनाउने भन्ने विषयमा स्पष्टता हासिल गर्ने कार्य प्राथमिकतामा परेन । यो अस्पष्टता कम्युनिस्ट आन्दोलन भनिने गरेको कम्युनिस्ट पार्टीहरू बन्ने र भत्किने प्रक्रियाको पनि मूल कारण थियो ।

कम्युनिस्ट पार्टीहरूले समाजवादी राज्यव्यवस्थाले भूमिको समतापूर्ण वितरण गर्ने र राज्यलाई लोककल्याणकारी चरित्रको बनाउने बताउने गरेका छन् । यसका अतिरिक्त यसअघिको लेखमा भनेझैं वितरणमुखी अर्थव्यवस्थाका चुनौतीको कसरी सामना गर्ने र लोककल्याणकारी व्यवस्थामा आवश्यक पर्ने स्रोत कसरी जुटाउने भन्ने प्रश्नमा नेपालका कम्युनिस्टहरूसँग चित्तबुझ्दो जवाफ छैन ।

यसो भए पनि कम्युनिस्ट पहिचानसँग जोडिएको प्रतिष्ठा र यसबाट आर्जन हुने राजनीतिक लाभ कम्युनिस्ट नेताहरूले राम्रोसँग बुझेका छन् । उनीहरूलाई समाजवाद शब्दसँगको आसक्तिलाई राजनीतिक संगठनको आधार बनाउन सकिन्छ भन्ने थाहा छ । नेपालका गैरकम्युनिस्ट राजनीतिक दलहरूले पनि कम्युनिस्टले प्रस्तुत गरेको सैद्धान्तिक विकल्पको बलियो र प्रभावकारी प्रतिरोध गर्न सकेका छैनन् । बरु हामी पनि कम्युनिस्टले भनेजस्तै समाजवाद ल्याउँछौं भन्ने गरेका छन् ।

त्यसैले नेपालको संविधानमा उल्लिखित समाजवादउन्मुख भन्ने परिचयको सशक्त प्रतिरोध कतैबाट भएको छैन ।



समाजवादको हौवा

राज्यको स्थापनाको आधारभूत औचित्य नागरिक स्वार्थको रक्षा र उनीहरूको संरक्षण हो । यो दायित्वमा राज्यले कस्ता नीति अवलम्बन गर्ने, कस्ता संस्था बनाउने र नीति तथा संरचनाको कार्यान्वयन कसरी गर्ने भन्ने यावत प्रश्नले उसको चरित्र निर्धारण गर्ने हुन् । समाजवाद वा पुँजीवाद भनेर अलग परिचयको निर्माण गरिने आधार पनि यस्तै प्रश्न हुन् ।

समाजवाद र पुँजीवादका सिद्धान्तमा अन्तर्निनिहित विशेषताका आधारमा कुनै राज्यलाई दुईमध्ये एउटा कित्तामा परिभाषित गर्न सजिलो छैन । न कुनै राज्यको विकासको चरणलाई मार्क्स वा एंगेल्सले भनेझैं सामन्तवाद, पुँजीवाद वा समाजवाद भनेर व्याख्या गर्न सकिन्छ- केही वर्षअघि नेपालका केही कम्युनिस्ट बुद्धिजीवीले 'नेपाल सामन्तवादबाट पुँजीवादमा प्रवेश गर्‍यो' भनेर गरेको घोषणा बकम्फुसे मनोविनोदबाहेक केही होइन ।

रोचक त समाजवादी चिन्तनसँग जोडिएका राज्यका विशेषता पुँजीवादी भनिएका व्यवस्थामा बढी भेट्न सकिन्छ भने पुँजीवादी भनेर प्रस्तुत गरिएका विशेषता समाजवादी भनिएका मुलुकमा भेट्न सकिन्छ । त्यसैले समाजवाद वा पुँजीवाद भनेर गरिने संसारका मुलुकहरूको वर्गीकरण निरर्थक र अनुपयोगी छ ।

समाजवादी चिन्तनका प्रवर्तकहरूले चर्चा गर्ने सामाजिक सुरक्षाको प्रत्याभूति कम्युनिस्ट विचारधाराअन्तर्गत सञ्चालित मुलुकमा भन्दा पुँजीवादी भनेर चिनिएका मुलुकमा बढी छ । स्वीट्जरल्यान्ड, नर्वे, जर्मनी, बेलायत वा अमेरिकामा शिक्षा, स्वास्थ्य, रोजगारी, आवासलगायत अन्य आधारभूत मानवीय आवश्यकता (जस्तै, शुद्ध पिउने पानी) को समतामूलक उपलब्धता र सुनिश्चितता स्थापित कम्युनिस्ट मुलुकका तुलनामा कैयौं गुना बढी छ ।

यसअघिको लेखमा समाजवादी मुलुकहरू लोककल्याणका सार्वजनिक सेवा प्रवाहमा असफल रहेको उदाहरण छ तर लेखकले पुँजीवादी राष्ट्रहरूले गर्ने लोककल्याणकारी कार्यको चर्चा पर्याप्त गर्न सकेका छैनन् । यो पक्षलाई पनि बिर्सन मिल्दैन ।

> नेपालको कम्युनिस्ट आन्दोलन स्थापित सत्ताको प्रतिरोधमा कति धेरै व्यस्त भयो भने नेपालमा कम्युनिस्ट विचारधारा वा समाजवाद कस्तो हुने भन्ने प्रश्न नै गौण भइदियो ।

राज्यको दायित्व के हो र कतिमा सीमित हुनुपर्छ भन्ने प्रश्न जनता र राज्यबीच निरन्तर हुनुपर्ने छलफलको प्रश्न हो । अमेरिकामा राज्यले सडक वा रेलमार्ग मात्र बनाउने कि सार्वजनिक यातायातका लागि रेल वा बस पनि चलाउने भन्ने प्रश्न राजनीतिको केन्द्रीय प्रश्नमध्येको एक हो । अमेरिका र युरोपमा देख्न सकिने सार्वजनिक यातायातको प्रबन्धमा रहेको भिन्नता राज्यको भूमिकाबारे फरक सन्दर्भमा हुने फरक अभ्यासको उदाहरण हो ।

यसका अतिरिक्त पुँजीवादी अर्थव्यवस्था अपनाएका र विकसित मानिएका पश्चिमा राष्ट्रले अनुभव गरिरहेको यथार्थ के पनि हो भने उनीहरू सामाजिक-आर्थिक अवसर समतामूलक रूपमा वितरण गर्न असफल भएका छन् । धनी र गरिबबीचको खाडल चौडा मात्र भएको छैन, गरिबका लागि धनी बन्ने अवसर र सम्भावना तीव्र रूपमा घटिरहेका छन् । सार्वजनिक सेवामा आम मानिसको पहुँच घटेको छ । विपन्न वर्गको असन्तुष्टि र आक्रोश बढिरहेको छ ।

गतांकको पराजुलीको लेखमा समाजवादी भनेर चिनिने मुलुकमा देखिएको आम असन्तुष्टिको जुन चर्चा गरिएको छ, आज पुँजीवादी मुलुकमा पनि यही परिस्थिति क्रमशः सिर्जना भइरहेको छ । केही मुलुकमा यसको लाभ अति दक्षिणपन्थी पपुलिस्ट नेताले उठाइरहेका छन् । फ्रान्स, बेलायत, अमेरिका आदि मुलुकमा विकसित भइरहेको र विभिन्न ढंगले अभिव्यक्त भइरहेको नयाँ राजनीतिक परिस्थितिलाई यसको उदाहरण मान्न सकिन्छ ।

यसका अतिरिक्त बिर्सन नहुने के पनि छ भने समाजवादको प्रतिरोध गर्ने क्रममा पुँजीवादी अर्थव्यवस्था भएका मुलुकले विस्तार गरेका आर्थिक रूपान्तरणका मोडलहरूले संसारमा विभेद, असमानता र वातावरणीय विनाशलाई तीव्र पारेका छन् । यसबाट गरिब र विकासशील भनिएका मुलुकका समस्या झन् चुलिएका छन् । पुँजीवादले सिर्जना गरेको समस्याको समाधानका लागि पुँजीवाद नै उपयोग गर्नुपर्छ भन्नु युक्तिसंगत छैन ।

राज्यको भूमिकालाई निश्चित ठाउँका विशिष्ट आवश्यकता, उपलब्ध साधन-स्रोत र आम जनताको अपेक्षाले निर्धारण गर्छन् । यसमा सम्बन्धित ठाउँको इतिहास, सामाजिकता, सांस्कृतिक अवधारणा आदिले पनि निर्धारण गर्छन् । जटिल र बृहत् पृष्ठभूमिका आधारमा निर्माण हुने राज्यको पहिचान र यससँग जोडिएका अपेक्षालाई समाजवाद वा पुँजीवाद भनेर सामान्यीकरण गर्नु गलत हो । त्यसैले नेपाललाई समाजवादउन्मुख भनेर संविधानमा नै परिभाषित गर्नु हास्यास्पद र अपरिपक्व काम थियो ।

> जटिल र बृहत् पृष्ठभूमिका आधारमा निर्माण हुने राज्यको पहिचान र यससँग जोडिएका अपेक्षालाई समाजवाद वा पुँजीवाद भनेर सामान्यीकरण गर्नु गलत हो ।

नेपालका सन्दर्भमा राज्यको भूमिका

रुसको कम्युनिस्ट क्रान्ति र दोस्रो विश्वयुद्धपछि सुरु भएको शीतयुद्धका दौरान निर्माण भएको पुँजीवाद वा समाजवाद भन्ने वर्गीकरणको अर्थ र औचित्य समाप्त भइसकेको छ । यो सन्दर्भमा हरेक मुलुकलाई उसको विशिष्टताका आधारमा हेर्नु र खुला तथा बहुआयामिक छलफलबाट राज्यको दिशा र दायित्व निर्क्योल गर्नु लाभदायक हुन्छ ।

राज्यका संस्थाहरू सक्षम तथा विकसित नभइसकेका, लोकतान्त्रिक संस्कृति सुदृढ नभएको र विकसित पश्चिमा मुलुकहरूले अपनाएका सामाजिक-आर्थिक रूपान्तरणको ढाँचा अपनाउन उद्यत नेपालजस्ता विकासशील भनिएका मुलुकका अवसर र चुनौती विशिष्ट छन् । राज्यको भूमिका यिनै अवसर र चुनौतीको मूल्यांकनबाट निर्धारण हुनुपर्छ । तसर्थ, नेपालले समाजवाद कि पुँजीवाद भन्ने 'डिकोटमी' बाट माथि उठ्नुपर्छ ।

नेपालका आर्थिक र सामाजिक रूपान्तरणका अवरोध अन्य पश्चिमा मुलुकमा झैँ उत्पादन र वितरणसँग जोडिएका विशुद्ध प्राविधिक कुरा होइनन् । नेपालका अवरोध सामाजिक-सांस्कृतिक तथा भौगोलिक संरचनासँग जोडिएका छन् । यी अवरोध पन्छाउने प्रक्रियामा बृहत् र बहुआयामिक चिन्तन तथा बहुपक्षीय सहकार्य आवश्यक छ । यसका लागि राज्य र आम नागरिकले सँगसँगै काम गर्नुपर्छ ।

यस अर्थमा नेपालजस्तो मुलुकका सन्दर्भमा गरिबी घटाउन, सार्वजनिक सेवा प्रवाहलाई समतामूलक र प्रभावकारी बनाउन, अवसरको समान वितरण गर्न र सामाजिक सुरक्षा सुनिश्चित गर्न राज्यको भूमिका अपरिहार्य छ । सेवा तथा अवसरको वितरणलाई निजी क्षेत्रको जिम्मामा छाड्ने हो र राज्यले उत्पादनमुखी काममा मात्र संलग्न हुने हो भने नेपालको असमान र विभेदपूर्ण सामाजिक-आर्थिक संरचना झनै कमजोर हुने निश्चित छ ।

नेपालको वर्तमान सन्दर्भमा राज्यको भूमिका झनै संकटमा परेको छ । राज्य सञ्चालनको जिम्मेवारी लिएका मानिस नेपाली समाज र अर्थतन्त्रको वास्तविकतालाई बिर्सेर अर्थतन्त्र वा आम जनताका आवश्यकतासँग साइनो नै नभएका 'उडन्ते' सपनाका पछि दौडिरहेका छन् । चीनबाट काठमाडौँ रेल ल्याउन, नारायणी नदीमा पानीजहाज चलाउन, दुई सय किलोमिटरको फरकमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन देशको स्रोत खर्च गर्ने र यसैलाई समृद्धि भनेर व्याख्या गर्ने प्रवृत्ति बढेको छ । देश र जनताका वास्तविक आवश्यकता र तिनको परिपूरणका उपायमाथिको छलफल विकृत बनेको छ ।

अन्त्यमा, समाजवाद वा पुँजीवाद कुन ठीक भनेर अन्त्यहीन सैद्धान्तिक बहसले वास्तविक समस्या र समाधानको उपायसम्म पुऱ्याउँदैन । पुँजीवादी वा समाजवादी भनेर चिनिने मुलुकहरूले अपनाएका प्रभावकारी कामको अनुसरण गर्दै नेपालका विशिष्ट परिवेशलाई हेरेर सामाजिक-आर्थिक रूपान्तरणको मार्गचित्र बनाउन आवश्यक छ । संविधानमा लेखिएको 'समाजवादउन्मुख' शब्दावलीले नेपालको आवश्यकता र लक्ष्यबारे केही प्रस्ट पार्दैन बरु भ्रम मात्र सिर्जना गर्छ । ने

(समाजवाद बहस– ३ मा अर्को साता दोभान राईको विचार प्रकाशित हुनेछ ।)

हामी देख्छौं
अपार संभावना
visit Nepal 2020 Lifetime Experiences
किसान मात्र होइन
अब हाम्रो साथमा कृषि उद्यमी
NMB
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

चुनौतीमा अग्नि परीक्षा

नेकपाबाट सभामुख पदका लागि अघि सारिएका अग्निप्रसाद सापकोटा किन विवादित ?

रवि मानन्धर

माधव बस्नेत

अधिकारकर्मी दिनेश त्रिपाठीले नेकपा स्थायी समिति सदस्य अग्निप्रसाद सापकोटा, ६२, लाई सभामुख नबनाउन माग गर्दै सर्वोच्च अदालतमा ८ माघमै रिट हाल्ने तयारी गरेका थिए । सोही दिन अभियन्ताहरूको एउटा समूहले सापकोटालाई सभामुख नबनाउन दबाबस्वरूप माइतीघर मण्डलामा प्रदर्शन गरेको थियो ।

त्यसको सुइँको पाएका नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जाडोमा माइतीघर मण्डलामा दुःख नगर्न भन्दै व्यंग्य गरे । "उहाँ (सापकोटा) माथि केही पनि छैन, बेकारको कुरा हो, त्यो (हत्या)," समाजवादी पार्टीका सहायक प्रवक्तालगायतलाई नेकपामा भित्र्याउने कार्यक्रममा प्रचण्ड गर्जंदै थिए, "सापकोटालाई हाम्रो पार्टीले सर्वसम्मत रूपमा अघि सा¥यो । प्रमुख प्रतिपक्षलगायतका पार्टीहरूले समेत समर्थन गरेपछि राष्ट्र एक ठाउँ भएका बेला केही साथीहरूले यो जाडोमा माइतीघर मण्डलामा दुःख नगरे हुन्छ ।"

त्रिपाठीले भोलिपल्ट पनि रिट दायरको तयारी गरेका थिए । तर तेस्रो दिन मात्र १० माघमा सापकोटा 'सभामुख हुनका लागि योग्य नभएको' जिकिर गर्दै 'पक्राउ गरेर छानबिन गर्न' सर्वोच्चमा रिट दायर गरे । जुन दिन त्रिपाठीले सर्वोच्चमा सापकोटाविरुद्ध रिट दायर गरे, ३१ जेठ ०६८ मा उनीविरुद्ध पहिलो पटक सर्वोच्चमै रिट दायर गर्ने सुशील प्याकुरेलले पनि

राष्ट्रपति विद्यादेवी भण्डारीको विज्ञ सल्लाहकार पदबाट राजीनामा दिए । प्याकुरेलले दायर गरेको रिटउपर ७ असार ०६८ मा सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय रामकुमारप्रसाद साह र प्रकाश वस्तीले अन्तरिम आदेश दिएका थिए ।

नौ पृष्ठको अन्तरिम आदेश लेख्दै न्यायाधीशद्वयले अन्त्यमा उल्लेख गरेका थिए, '...कानुनको शासनको सर्वोपरिता, मानव अधिकारको आधारभूत मूल्य-मान्यता, दण्डहीनता र पीडितप्रतिको न्यायको अवधारणाप्रति अदालत उदासीन रहन नसक्ने भएकाले पूर्णमाया लामाको जाहेरी दरखास्तबाट दर्ता भएको कर्तव्य ज्यान मुद्दामा प्रचलित कानुनबमोजिम अनुसन्धान जारी राखी यो रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म प्रत्येक १५ दिनमा अनुसन्धान गर्दा कुनै प्रभाव, दबाब र असहयोग भएमा सोसमेतको विवरण महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा प्रस्तुत गर्नू भनी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकसमेतका विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम यो आवश्यक र उपयुक्त आदेश जारी गरिएको छ । यो रिट निवेदनलाई पेसीमा अग्राधिकार दिई नियमानुसार गर्नू ।'

त्यसबेला सापकोटाको विपक्षमा वरिष्ठ अधिवक्ता लक्ष्मीबहादुर निराला, हरिहर दाहाल, अधिवक्ताहरू सतीशकृष्ण खरेल, हरिकृष्ण कार्की, दिनेश त्रिपाठी, टीकाराम भट्टराई, गोविन्द शर्मा 'बन्दी', हरि फुयाल र रुद्र शर्माले बहस गरेका थिए । निराला भर्खरै न्याय परिषद्को सदस्य नियुक्त भएका छन् । कार्की र फुयाल सर्वोच्च अदालतका न्यायाधीश बनेका छन् ।

काभ्रे, कोसीपारिका अर्जुन लामालाई माओवादीको एउटा समूहले २१ वैशाख ०६२ मा आफ्नो नियन्त्रणमा लिएको थियो । लामा त्यसबेला तत्कालीन राजा ज्ञानेन्द्र शाहका नातेदार नीक्षशमशेर राणा नेतृत्वको राष्ट्रिय एकता परिषद्का केन्द्रीय सदस्य थिए । काभ्रेको साविक छत्रेबास गाविसको दाप्चास्थित कृष्ण मावि सञ्चालक समिति अध्यक्ष भएपछि लामा राजधानीबाट गाउँ पुगेका थिए ।

काभ्रेकै घर्तीछापमा तत्कालीन शाही नेपाली सेनाले प्रहार गरेको मोर्टार आक्रमणमा परी ८ असार ०६२ मा लामाको मृत्यु भएको दाबी माओवादीले गर्दै आएको छ । जुन बेला लामालाई माओवादीले नियन्त्रणमा लियो, त्यसबेला सापकोटा बाग्मती-नारायणी क्षेत्रीय ब्युरो संयोजन समिति इन्चार्ज तथा संयोजक थिए ।

^ सापकोटालाई सभामुख बनाउने नेकपाको निर्णयविरुद्ध माइतीघर मण्डलामा गरिएको प्रदर्शन, ९ माघ ०७६

माओवादी शान्ति प्रक्रियामा आएपछि लामाकी पत्नी पूर्णिमायाले सापकोटा नेतृत्वको माओवादी समूहले नै आफ्ना पतिको हत्या गरेको भन्दै २१ असार ०६४ मा जिल्ला प्रहरी कार्यालय काभ्रेमा किटानी जाहेरी दिइन् ।

२२ वैशाख ०६८ मा सापकोटालाई माओवादीले पहिलो पटक सूचना तथा सञ्चारमन्त्री नियुक्त गरेलगत्तै संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय, अमेरिकी, युरोपेली राजदूतहरूले एकै स्वरमा विरोध गरेका थिए ।

माओवादी नेताहरू अर्जुन लामा मुद्दा व्यक्तिगत नभई राजनीतिक मामिला भएको तर्क गर्छन् । बाग्मती प्रदेशका सांसद विशाल खड्का अब युद्धकालीन मुद्दाहरूलाई खासखास बेलामा उचाल्नुको अर्थ नहुने बताउँछन् । भन्छन्, "यस्ता मुद्दा अदालतले हेर्न थाल्ने हो भने सत्य निरुपण तथा मेलमिलाप आयोग स्थापनाको अर्थ के ?"

तर राजनीतिवेत्ताहरू भने लामा मारिएको मुद्दा सापकोटाका लागि अदालती मात्रै नभएर नैतिक प्रश्नसमेत भएको भन्दै पूर्वसभामुख कृष्णबहादुर महरा प्रकरण सम्झाउँछन् । महराले गत असोजमा यौन दुर्व्यवहार प्रकरणका कारण सभामुख पद गुमाउनु परेको थियो । उनका लागिसमेत यो प्रश्न राजनीतिक मात्रै नभएर नैतिक विषय बन्न पुगेको थियो । राजनीतिशास्त्री कृष्ण खनाल भन्छन्, "सापकोटाले सम्मानित सभामुख बन्नका लागि यो नैतिक परीक्षा उत्तीर्ण गर्नुपर्छ । संसद्को विश्वसनीयता बढाउन र सभामुख पदको गहनता जोगाउन पनि विवादमा नमुछिएका व्यक्ति सभामुख बन्नु राम्रो हुन्छ ।"

नेकपाको सचिवालय बैठकले सापकोटालाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेलगत्तै प्रधानमन्त्री केपी ओलीले उनलाई बालुवाटार बोलाएर छुट्टै भेटघाट गरेका थिए । यो वा त्यो पक्षमा बढी ढल्कनेभन्दा पनि सन्तुलन कायम राखेरै आफू अघि बढ्ने सापकोटा बताउँछन् । "मेरो स्वभाव नै कसैलाई समर्थन गर्दा पनि अन्ध भएर गर्ने, विरोध गर्दा पनि आँखा चिम्लिएर गर्ने होइन," सापकोटा भन्छन्, "मेरो ब्रह्मले देखेको सत्यअनुसार नेताहरूलाई आदर गरेर सन्तुलनमा रहन्छु ।"

सापकोटाले यसो भन्दै गर्दा एकातिर उनलाई आफ्नै विगतको विवादबाट सफाइ लिन सक्नुपर्ने चुनौती छ । प्रतिपक्षी कांग्रेसको विश्वास लिने चुनौती अर्कातिर छ । सबैभन्दा मुख्य चुनौतीचाहिँ आफ्नै पार्टी नेकपाका दुई अध्यक्षबीच सामञ्जस्य निर्माण गर्नुमा छ । त्यस अर्थमा सापकोटाको अग्निपरीक्षा सुरु भइसकेको छ । ने

(अ) सहमति

प्रहरी कसको साथी ?

भास्कर गौतम

हालको नेपाल प्रहरी पञ्चायत र ०४६ पछिको पुलिस-प्रशासनभन्दा तात्त्विक रूपमा भिन्न छ । प्रहरी संगठनमा आधुनिक, प्रतिनिधिमूलक र लोकतान्त्रिक व्यवस्था सुहाउँदो सेवा सुनिश्चित गर्ने क्षमताको वास्तवमै अभाव छ । प्रहरी नेतृत्वसँग इच्छाशक्तिको कमी छ । संगठनमा आमूल सुधार नहुँदा अपराधीले संरक्षण पाउने, भ्रष्टाचारीको बोलवाला चल्ने र बलात्कारीले उन्मुक्ति पाउने स्थिति छ । अपराधीकै मतियार बनिरहँदा 'प्रहरी हाम्रो साथी' होइन, 'उसको' साथी भइरहेछ ।

माओवादी द्वन्द्वको चरण सकिएसँगै प्रहरीमा तात्त्विक सुधार आयो । सार्वजनिक सुरक्षामा ठूलै प्रगति भयो । भौतिक तवरमा राजनीति वा सामाजिक द्वन्द्व नहुँदा इन्काउन्टर र थुनामा हुने यातना आदिमा सुधार देखिन थाल्यो । सुरक्षाको तथ्यांकमा यस्तो प्रगति देखिन प्रहरीले आधारभूत रूपमा प्रभावकारी काम गर्नु परेन, न त दातृ निकायले प्रहरी संगठनमा सुधार ल्याउन विशिष्ट कार्यक्रम गर्नुपर्‍यो ।

प्रहरीमा तात्त्विक सुधारका धेरै आयाम छन् । द्वन्द्वकालमा सार्वजनिक सुरक्षाको सम्पूर्ण क्षेत्रलाई जसरी राज्यले नियन्त्रणमा लिँदै थियो, त्यसबाट प्रहरी बाहिर निस्कँदै छ । हिजोजस्तो सेना वा सशस्त्रसँग संयोजन गरेर सार्वजनिक सुरक्षाका लागि काम गर्नुपर्ने कार्य धेरै छैनन् । यसबाहेक प्रहरीमा महिला अधिकृतको संख्या बढेको छ । विभिन्न जात-जातिको प्रवेशसमेत बढेको छ । सामुदायिक प्रहरीको प्रयोग कतिपय ठाउँमा राम्रै भएको छ । प्रहरी संगठनलाई राजनीतिक हस्तक्षेपभन्दा बाहिर राख्नुपर्छ भन्ने आवाजसमेत हिजोभन्दा आज बुलन्द छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, प्रहरी सर्वसाधारणको साथी बन्नुपर्छ भन्ने मान्यताले घर बनाएको छ । त्यसैले प्रहरीलाई बुझ्ने र बुझाउने आधारभूत मान्यतामै परिवर्तन आएको छ ।

> पछिल्लो समय सार्वजनिक सीसीटिभी फुटेज लिकेज एउटा उदाहरण हो, जहाँ असन्तुष्ट अधिकृतहरूले गुनासो पोख्ने ठाउँ नपाएपछि संगठनका कमजोरी एक वा अर्को तरिकाले सार्वजनिक गरे ।

यी सकारात्मक परिवर्तनबीच धेरै अप्ठेरा काम गर्न बाँकी छन् । दृढ राजनीतिक इच्छाशक्ति तथा गृह मन्त्रालयको उत्तरदायित्वपूर्ण नेतृत्वबिना प्रहरी संगठनमा तात्त्विक सुधार हुन गाह्रो छ । तथापि प्रहरी संगठनमा आमूल सुधार गर्न संस्थागत पुनर्संरचना, जनशक्ति भर्ना, सबल उत्तरदायित्व र महालेखा परीक्षकले गर्ने स्वतन्त्र लेखापरीक्षण आदि विषयमा तत्कालै ध्यान जानु जरुरी छ । यी कुनै पनि कार्य बोलेजस्तो सजिला भने छैनन् ।

प्रहरीमा स्वतन्त्र सेवा आयोगको गठनबिना यी कुनै पनि कामले गति लिन सक्दैन । प्रहरीमा सुधार ल्याउन यसतर्फ अविलम्ब ध्यान दिन ढिलो भइसकेको छ । स्वतन्त्र सेवा आयोग गठन गर्दा प्रहरीको संस्थागत सुधार मात्र हुँदैन, कानुनी शासन सुनिश्चित गर्दै लोकतन्त्रले स्थायित्व पाउँछ । विगत दुई वर्षको एउटा महत्त्वपूर्ण सिकाइ भनेकै कुनै राजनीतिक दलले दुई तिहाइ ल्याएर सरकारको नेतृत्व गर्दैमा स्थायित्व नआउने रहेनछ, लोकतान्त्रिक मूल्य-मान्यताअनुसार राजनीतिक र सामाजिक संरचनामा आमूल सुधार जरुरी रहेछ ।

प्रहरी संगठन त्यस्तै एउटा पाटो मात्र हो । यहाँ सुधार ल्याउन सके कानुनी राज बलियो हुनेछ । तर नेपाल सरकार र अन्तर्राष्ट्रिय दातृ निकायहरूले प्रहरी सेवाको सुधारले संक्रमणकालीन समाजलाई स्थायित्व दिन महत्त्वपूर्ण भूमिका खेल्छ भनेर आत्मसात गरिरहेको अवस्था छैन । देशमा फैलिरहेको अपराध, दण्डहीनता र अनुत्तरदायी प्रशासनको जालो यसको ज्वलन्त उदाहरण हो । यस्तो स्थिति कायम राख्दै प्रहरी 'उसको' साथी बनिरहे नेपाली लोकतन्त्र न्यायमूलक समाजमा रूपान्तरित हुने लक्ष्य अपूरो रहिरहन्छ ।

धेरै किसिमका परिवर्तन संस्थागत गर्न नसके सार्वजनिक सुरक्षाको क्षेत्रमा सुधारको प्रक्रियाले प्रारम्भदेखि नै सही दिशा लिने छैन । गृह मन्त्रालय र प्रहरी संगठनले प्रायशः स्रोत-साधनको अभावलाई तेर्स्याएर संस्थागत पुनर्संरचनालाई पन्छाउने गरेका छन् । तर प्रहरी सेवामा सुधार ल्याउन जति स्रोत-साधनको महत्त्व हुन्छ, सुधारको स्पष्ट खाकाको त्यति नै रहन्छ । अन्यथा प्रहरी सेवालाई आधुनिक, प्रतिनिधिमूलक र उत्तरदायीपूर्ण बनाउन सकिन्न । प्रहरी सेवा आयोगमा आधारभूत फेरबदल नल्याए संस्थागत पुनर्संरचनाले सुरुदेखि नै गलत बाटो समात्छ ।

प्रहरीको विद्यमान सांगठनिक संरचनाभित्र हुकुमतन्त्र र चाकरीवाद फैलिएकाले प्रभावकारी प्रहरी सेवा नराम्ररी प्रभावित छ । यस्तो अवस्थामा सुधारको प्रक्रियाले सुरुदेखि नै सही रणनीतिक बाटो ठम्याउन सक्दैन । त्यसैले आमूल सुधार थालनीपूर्व प्रहरी संगठनको क्षमता र निहित स्रोत-साधनको स्वतन्त्र मूल्यांकन अपरिहार्य छ । कुनै पनि संस्थागत सुधारपूर्व यस्तो मूल्यांकन गर्न नसके प्रहरीमा केवल जनशक्ति र स्रोत-साधन थप्ने काम मात्र हुन्छ । त्यस्तो कार्यले अहिलेसम्म जे भइरहेको छ, त्योभन्दा भिन्न नतिजा ल्याउँदैन । केवल प्रहरीभित्र मौलाएको अक्षमतालाई बढावा दिन्छ । भ्रष्टाचारी, अपराधी र बलात्कारीलाई संरक्षण

गर्दै प्रहरी 'उसको' साथी बनिरहन्छ। त्यसैले समकालीन समाजमा प्रहरीको अधिकतम प्रयोजन कसरी गर्न सकिन्छ, विद्यमान स्रोत-साधन वरिपरि प्रहरीको सांगठनिक क्षमता कस्तो छ आदि पक्षबारे स्वतन्त्र मूल्यांकन गरिनुपर्छ अनि मात्र प्रहरी सेवा आयोग उचित तवरमा विकास गर्न सकिन्छ। प्रहरी सुधारका लागि विगतका थुप्रै प्रतिवेदनको आधारभूत माग पनि यही हो ।

यस्तो मूल्यांकनले हाल भइरहेको प्रहरी भर्ना, बढुवा र जनशक्ति व्यवस्थापनलाई मसिनोसँग केलाउनुपर्छ । यी पक्ष केलाउँदा प्रहरीको संस्थागत संरचना कुन हदसम्म केन्द्रीकृत छ, थाहा हुन्छ। प्रहरीले कति हदसम्म मिति गुज्रिसकेको व्यवस्थापकीय पद्धतिबाट काम चलाइरहेको छ, ज्ञात हुन्छ। संस्थाले दिने सेवाको उचित व्यवस्थापन केन्द्रीकृत अभ्यासले गर्न सक्दैन। साथै, संस्थाले पाउने सबै जश नेतृत्वले लिन्छ भने अपजशजति आन्तरिक जनशक्तिमाथि थोपर्छ। यस्तो प्रवृत्तिले सदैव आन्तरिक जनशक्तिको मनोबल कमजोर बनाइराख्छ। प्रहरी संगठनमा यस्तै मानसिकता हावी छ।

पछिल्लो समय सीसीटिभी फुटेज लिकेज त्यस्तै एउटा उदाहरण हो । असन्तुष्ट अधिकृतहरूले आफ्नो गुनासो पोख्ने आन्तरिक ठाउँ नपाएपछि संगठनका कमजोरीलाई एक वा अर्को तरिकाले सार्वजनिक गरे । ती अधिकृतहरूलाई थाहा छ, प्रहरी संगठन मूलतः भ्रष्टाचारी, अपराधी र बलात्कारीलाई संरक्षण दिन दत्तचित्तले लागेको छ । यसो गरिरहँदा प्रहरी संगठनले पहिलेका राजनीतिक व्यवस्थाका कमी-कमजोरीलाई चौतर्फी रूपमा मलजल गरिरहन्छ । दण्डहीनतालाई प्रश्रय दिइरहन्छ अनि सबैभन्दा महत्त्वपूर्ण कुरा, मुलुकका क्षमतावान युवाका लागि प्रहरी सेवा आकर्षक र भरपर्दो जीवनवृत्तको विकल्प बन्न सक्दैन ।

प्रहरीलाई भ्रष्टाचारी, अपराधी र बलात्कारीको साथी बनाइरहने कार्यमा विदेशी नियोग उत्तिकै दोषी छन्। बेलायती सहायता नियोग डीएफआइडीको सहयोगलाई नै हेरौं । डीएफआइडीले प्रहरीलाई सहयोग गर्न थालेको माओवादी द्वन्द्वकालदेखि नै हो । जुन बेला नागरिकगण सुरक्षा क्षेत्रमा आमूल सुधारको बहस छेडिरहेका थिए । त्यहीं समय डीएफआइडीले गैरप्रतिनिधिमूलक र अनुत्तरदायी प्रहरी संगठनको पूर्वाधार विस्तार र क्षमता अभिवृद्धिमा सहयोग पुर्‍याउन थाल्यो । यस्तो सहयोग सार्वजनिक सुरक्षा क्षेत्रलाई सुधार गर्ने नागरिकगणको आकांक्षाविपरीत थियो, अद्यापि छ ।

डीएफआइडीको पछिल्लो सहयोग पाँच वर्षको लागि जारी छ । २०१५ जनवरीदेखि प्रारम्भ भएको सो परियोजना २०२० डिसेम्बरमा समाप्त हुन्छ । यस परियोजनाअन्तर्गत पाँच वर्षभित्र डीएफआइडीले ६ अर्ब ६८ करोड ९० लाख सहयोग गर्छ । त्यसमध्ये १ अर्ब ७ करोड ६३ लाख रुपैयाँ मात्र खर्च गर्न बाँकी छ, जुन चालू आर्थिक वर्षमा हुन्छ । यो सहयोगले भौतिक पूर्वाधार र क्षमता अभिवृद्धिमा सघाउने समझदारी छ। पूर्वाधारतर्फ २४ वटा प्रहरीका कार्यालय भवन र ब्यारेक बनिसकेका छन् भने ३२ वटा निर्माणाधीन छन् । तर क्षमता अभिवृद्धितर्फ भ्रष्टाचारी, बलात्कारी र अपराधीको संरक्षण गर्दै प्रहरी उसको साथी हुनेबाहेक कस्तो नतिजा हात लाग्यो, स्पष्ट छैन ।

डीएफआइडीले प्रहरीलाई गरेको सहयोग महालेखापरीक्षकले स्वतन्त्र तवरमा लेखाजोखा गर्न नपाउने समाचार सार्वजनिक भएको छ। यसले भ्रष्टाचारलाई थप मलजल गर्दै संस्थागत रूपमा बलियो हुनुपर्ने आन्तरिक पारदर्शीलाई थप कमजोर बनाएको छ। धेरै वर्षदेखि यस्तो सहयोग चलिरहँदा अपारदर्शी अभ्यास झन् मौलाएको र प्रहरी संगठन झन् अनुत्तरदायी हुने क्रम बढ्दो पाइन्छ। दातृ निकाय संलग्न हुँदा सार्वजनिक सुरक्षामा सुधार आउनुपर्ने तथा प्रहरी संगठनप्रति सार्वजनिक विश्वास झन् बढ्नुपर्ने हो ।

उत्तरदायित्वले मात्र संगठित अपराधविरुद्ध लड्न सघाउँदैन। राजनीतिक दलभित्रको ठूलो तप्काले प्रहरी सेवा राजनीतिक हतियार होइन र बन्नु हुँदैन भन्ने आत्मसात गर्न जरुरी छ। केन्द्रमा मात्र नभएर स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिमा समेत प्रहरी संगठनलाई एक वा अर्को तवरमा नियन्त्रण गर्नुपर्छ भन्ने मानसिकता हावी छ। जननिर्वाचितहरूले प्रतिनिधित्व गर्ने संस्थाप्रति प्रहरी संगठन जिम्मेवार बन्ने हो, उनीहरूको नियन्त्रणमा प्रहरी संगठन फस्ने होइन। स्वतन्त्र र व्यावसायिक सेवा मातहत नै संस्थागत स्वतन्त्रता, नियन्त्रण र उत्तरदायित्व निहित हुनुपर्छ। यस्तो हुन र सार्वजनिक सुरक्षामा सुधार ल्याउन प्रहरी सेवा आयोगको गठन अपरिहार्य छ।

पूर्णचन्द्र थापा
PURNA CHANDRA THAPA

सेनापति आफैं सुधारका बाधक

सेनाभित्र व्यापक सुधारको खाँचो औंल्याउने सेनाप्रमुख पूर्णचन्द्र थापा स्वयं अपारदर्शी र विरोधाभासी क्रियाकलापमा

जनक नेपाल र मनबहादुर बस्नेत

जनसै ०६८ मा उपरथी प्रेमप्रकाश थापा मगर कारबाहीमा परे, त्यसको एउटा लाभ हिस्सा सोझै हालका प्रधानसेनापति पूर्णचन्द्र थापाको शिरमा आयो । नक्कली शैक्षिक प्रमाणपत्रधारी महासेनानी हेम खत्रीलाई नेसनल डिफेन्स कोर्स (एनडीसी) का लागि सिफारिस गरेको आरोपमा थापा मगरलाई कोर्टमार्सलबाट बर्खास्त गरिएको थियो । बर्खास्तीको तीन वर्षपछि विशेष सैनिक अदालतबाट निर्दोष ठहरिए, प्रेमप्रकाश । तर त्यतिबेलासम्म पदावधिका कारण उनी अवकाश भइसकेका थिए ।

जन्ममिति र शैक्षिक योग्यतामा विवाद भएको आरोपपछि उपरथी विनोज बस्न्यातको पदावधि दुई वर्ष थपिएन र ०७२ चैतमा अवकाश पाए । पदावधि थामिएको भए सम्भवतः अहिले उनी सेनाको कमान्ड गरिरहेका हुन्थे । बस्न्यात बाहिरिँदा फेरि लाभ लिने पात्र बन्न पुगे, पूर्णचन्द्र थापा नै । प्रेमप्रकाश थापा मगर कारबाहीमा नपरेको भए थापाले सहायक रथीबाटै अवकाश पाउँथे ।

भाग्यले यसरी भरथेग गरेका सेनापति हुन्, पूर्णचन्द्र थापा । विडम्बना, पूववर्तीहरूले चलाएका जुन अस्त्रका कारण थापा महारथी पदमा पुग्ने भाग्यशालीमा दरिए, उनी स्वयंले भने त्यही अस्त्रको माध्यमबाट अरूको 'भाग्य' मा प्रहार गर्न थालेको घटनाक्रमले पुष्टि गर्छन् ।

अरूको भाग्यमै प्रहार

सैनिक नियमावलीको दफा ६ मा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएमा सूचना आएको १५ दिनभित्र बढुवा समितिको बैठक बसेर निर्णय गर्नुपर्ने प्रावधान छ । तर प्रधानसेनापति थापाले नियमविपरीत अवधि गुजारेर पद खाली राखे । जस्तो, थापा प्रधानसेनापति बनेपछिको रथी पद रिक्त थियो । यो पदका

प्रधानसेनापति
पूर्णचन्द्र थापा

nepalmag.com.np

आकांक्षी थिए, उपरथीत्रय अनुज बस्न्यात, शेखरसिंह बस्न्यात र देव सुवेदी । समयमै बढुवा प्रक्रिया नथाल्दा चार महिनापछि बस्न्यातद्वयले पदावधिका कारण अवकाश पाए भने सुवेदीलाई नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको भन्दै कारबाही गर्ने चेतावनी दिएर एक महिनापछि लागू हुने गरी राजीनामा दिन बाध्य पारियो । त्यसपछि शरद गिरीलाई रिक्त रथी पदमा पुग्ने अवसर मिल्यो ।

सेनामा नियम मिचेर बढुवा रोक्का भएको दुई महिनाअघि मात्रै सर्वोच्च अदालतले यस्तो कार्यलाई दण्डनीय मानेर फैसला गरेको थियो । नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक (एसएसपी) यादवराज खनालको यही प्रकृतिको मुद्दामा सर्वोच्चले क्षतिपूर्ति भराउनुपर्ने निर्देशनात्मक फैसला गरेको थियो । प्रहरी नियमावलीमा रिक्त पद तीन महिनाभित्र पूर्ति गर्नुपर्ने प्रावधान भए पनि समयमै बढुवा प्रक्रिया नथाल्दा खनालले ९ महिनाअघि अवकाश पाएका थिए । यो विवादलाई सर्वोच्चले बढुवा समितिको अकार्य भनेर व्याख्या गरेको छ । साथै, कानुनबमोजिम गर्नुपर्ने समितिको निर्णय गरे पनि हुने, नगरे पनि हुने वा ढिलो गरे पनि हुने भन्न नमिल्ने किटान सर्वोच्चले गरेको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र डम्बरबहादुर शाहीको इजलासले गरेको फैसलामा भनिएको छ, 'गलत निर्णय भएमा सच्याउने ठाउँ रहन्छ भने अकार्यले सच्याउने ठाउँसमेत दिँदैन । परिणामको हिसाबले अकार्य अझ पीडादायक र हानिकारक हुन सक्छ । पदपूर्ति समिति वा बढुवा समितिका पदाधिकारीको अकर्मण्यता कुनै पनि प्रहरी अधिकृत/कर्मचारीको भाग्यमा प्रहार गर्ने संयन्त्र बन्नु हुँदैन ।'

सैनिक अधिकृत भने यही अकर्मण्यताका सिकार भइरहेका छन् जबकि प्रधानसेनापति नियुक्त भएलगत्तै थापाले कसैको वृत्तिविकास एक दिन पनि नरोकिने घोषणा गरेका थिए । तर अहिले पनि तीन उपरथीको दरबन्दी खाली भएको महिनौं बित्दासमेत बढुवा प्रक्रिया अघि बढेको छैन । आर्थिक प्रशासनका उपरथी भुवन अधिकारीले १५ मंसिर र शिवराम खरेलले २१ पुसमा नियमित अवकाश पाएका थिए भने हवाई महानिर्देशनालयका पाइलट सुधीर श्रेष्ठले १ पुसमा राजीनामा दिएपछि उक्त दरबन्दी खाली छ ।

हवाई महानिर्देशनालयका लागि सहायक रथी धनेन्द्रबहादुर शाह बढुवाको लाइनमा छन् । त्यस्तै, आर्थिक प्रशासन विभागमा सहायक रथी ध्रुव शाह र उपरथी खरेलको ठाउँमा नगरकोटस्थित नेपाली सैनिक वार कलेजका शिक्षाधिकृत सुरेश कार्की बढुवाका प्रत्यासी हुन् । पदोन्नति पर्खिरहेका एक सहायक रथी गुनासो गर्छन्, "चिफसाब बाहिर कसैलाई अन्याय हुँदैन भनिरहेका छन् । बोली र व्यवहारमा यो फरकपन किन ? हामी आश्चर्यचकित छौं ।"

सैनिक अधिकृतको भाग्यमा गरिने प्रहार यत्तिमै रोकिएन । सैनिक परम्पराअनुसार प्रधानसेनापति राजेन्द्र क्षत्री अवकाशअघि एक महिना बिदा बसेपछि कायममुकायम सेनाप्रमुख बनेकै दिन गरेको थापाको निर्णय विवादित बन्यो । २५ साउनमा थापाले कामु महारथीको कार्यभार लिएका थिए । त्यसबेला उपरथीका दुई पद खाली थिए । त्यसमा वरीयताक्रममा पहिलो नम्बरमा रहेका नैनराज दाहाललाई पन्छाएर थापाले रघु भण्डारी र नरेशचन्द्र भट्टलाई बढुवा गरिदिए ।

जंगी अड्डाले खुला विश्वविद्यालयमा पढेका दाहालको प्रमाणपत्र मान्य नहुने कारण देखाएर उनलाई बढुवाको उम्मेदवार हुनबाट रोक्यो । दाहालले ०६६ मा इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालयसँगको सहकार्यमा सञ्चालित ज्ञानेश्वरको आईसीए कलेजबाट समाजशास्त्रमा स्नातक गरेका थिए । यो विश्वविद्यालयका शैक्षिक कार्यक्रम विश्वका ८१ मुलुकमा सञ्चालित छन् । आईसीए कलेज त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयबाट समकक्षता प्राप्त हो ।

जंगी अड्डाले खुला विश्वविद्यालयका शैक्षिक योग्यतालाई सरकारी सेवा प्रवेश र बढुवामा मान्यता दिने/नदिने प्रचलनबारे लोकसेवा आयोगसँग २४ असार ०७५ मा जानकारी मागेको थियो । आयोगले जंगी अड्डामा १६ साउनमा एकै दिन एउटै चलानी नम्बरमा फरक-फरक बेहोराका दुई पत्र पठायो । एउटा पत्रमा 'निजामती सेवातर्फ आयोगबाट लिइने खुला विश्वविद्यालयबाट

सैनिक मुख्यालय, भद्रकाली



^ १ करोड लागतमा किनिएका बुट प्रयोग नगर्दै फाटेको अवस्थामा र प्रयोग गर्न नसकिने भएकाले वैकल्पिक व्यवस्था गरिदिन विभिन्न वाहिनीले जंगी अड्डामा पठाएको रिपोर्ट



^ लोकसेवा आयोगले जंगी अड्डालाई एउटै चलानी नम्बरमा एकै दिन पठाएको फरक–फरक पत्र र आईसीए कलेजलाई लेखेको पत्र



^ ३ करोड लागतको खरिद टुक्रुयाएर वाटर ट्रिटमेन्ट प्लान्ट जडान गर्ने सेनाको निर्णय

सञ्चालित हुने अनलाइन वा दूरशिक्षामार्फत लिएको योग्यताबारे द्विविधा उठान नभएकाले विशेष नीति नबनेको' लेखिएको छ भने अर्कोमा 'खुला विश्वविद्यालयको शैक्षिक योग्यताबारे विशेष निर्णय नभएको' मात्र उल्लेख छ। पछिल्लो पत्रका आधारमा जंगी अड्डाले दाहाललाई बढुवाको उम्मेदवार मान्न नसकेको निर्णय गर्‍यो।

यो प्रकरणमा लोकसेवा आयोगको भूमिकासमेत शंकास्पद देखिन्छ। सम्भवतः आयोगले जंगी अड्डाको प्रभावमा एउटै चलानी नम्बरका दुई पत्र पठायो। आयोगले आईसीए कलेजलाई लेखेको पत्रले उसको भूमिकालाई झनै सन्देहमा राख्छ। आयोगले कलेजलाई त्रिविबाट समकक्षता प्राप्त शैक्षिक योग्यताको प्रमाणपत्रलाई मान्यता दिइने गरेको बताएको छ। जबकि दाहालले एनडीसी गर्दा भने यही प्रमाणपत्र मान्य भएको थियो। विवादित बनेको यो निर्णयमा बढुवा भएका रघु भण्डारी प्रधानसेनापति थापाका साढुभाइ हुन्।

दाहालले आफूलाई अन्याय भएको भन्दै २१ भदौ ०७५ मा सर्वोच्च अदालतमा रिट हालेका छन्। २५ भदौमा बढुवा प्रक्रिया यथास्थितिमा राख्न आदेश दिएको सर्वोच्चले ३१ भदौमा अन्तरिम आदेश जारी नहुने आदेश दियो। चार वर्षे पदावधिका कारण २७ कात्तिकदेखि दाहालले अवकाश पाइसकेका छन्। ११ पटक पेसी तारिख तोकिएको भए पनि सर्वोच्चले मुद्दा छिन्न सकेको छैन। "मेरो जागिर त सकिइहाल्यो। तर सेनामा यस्तो अन्याय अरूलाई नहोस् भनेर पनि मुद्दा लडिरहेको छु," दाहाल भन्छन्।

नेपाली सेनामा नक्कली शैक्षिक प्रमाणपत्र र नागरिकता यस्ता हतियार हुन्, जसलाई प्रधानसेनापतिले आफू अनुकूल र प्रतिकूल दुवै हिसाबले प्रयोग गर्दै आएको इतिहास छ। गौरवशमशेर राणा र थापाबाहेक लोकतन्त्रकालका सबै प्रधानसेनापति शैक्षिक योग्यता र जन्ममिति विवादमा फसेका छन्। आफैं विवादमा नफसेकाले पनि यो मामिलामा आफू अनुकूलका पात्रलाई माथि ल्याउन र मन नपरेकालाई करिअर नै सिध्याउने निर्णय भने गरेका छन्।

> "कुनै पनि अधिकृतमाथि जासुसी गरिएको छैन। डीजीएमआईलाई अपडेट गर्ने क्रममा कसैलाई त्यो भ्रम परेको हुन सक्छ।"
>
> – **विज्ञानदेव पाण्डे**
> प्रवक्ता, नेपाली सेना

प्रधानसेनापति रुकमाङ्गद कटवाल, राजेन्द्र क्षत्री, छत्रमानसिंह गुरुङमाथि आफ्नो जन्ममिति सच्याएको आरोप लाग्यो। पदभार ग्रहणलगत्तै यो समस्या सदाका लागि निर्मूल पार्ने अभियान थालेका प्रधानसेनापति थापाले पनि आफ्ना पूर्ववर्तीले जस्तै यसलाई प्रतिशोधको साधन बनाएका छन्।

०७२ साउनमा सहायक रथी ज्ञानेन्द्र रायमाझीको नक्कली शैक्षिक योग्यताका कारण रक्षा मन्त्रालयले बढुवा मात्रै रोकेन, अन्य सैनिक अधिकारीको समेत शैक्षिक प्रमाणपत्र छानबिन गर्न निर्देशन दिएको थियो। नक्कली शैक्षिक योग्यताकै बलमा जागिर टिकेको सन्देश जाने भन्दै सेनाले समेत त्यसबेला आन्तरिक छानबिनमा वचनबद्धता गरेको थियो। तर न छानबिन भयो, न त कारबाही नै। पूर्वरक्षासचिव ईश्वरीप्रसाद पौडेल भन्छन्, "प्रधानसेनापतिले ठीक छ भनेर पठाएका कागजात जाँच्दा नक्कली भेटिएका उदाहरण धेरै छन्।" रक्षा मन्त्रालयले यसमा तदारुकता देखायो भने यो क्रम एक हदसम्म रोकिने उनको अनुभव छ।

सेनाको शैक्षिक प्रमाणपत्र र जन्ममिति विवादबारे आन्तरिक छानबिन मात्र हुन्छ। अर्को स्वतन्त्र निकायको क्षेत्राधिकारभित्र पर्दैन। आन्तरिक छानबिनमा उजुरीको गोपनीयता नरहने भएकाले यो प्रभावकारी बन्न सकेको छैन। त्यसैले स्वतन्त्र निकायबाट छानबिन हुनुपर्ने आवाज लामो समयदेखि उठिरहेको छ। तर त्यसमा सेना कहिल्यै सकारात्मक भएको छैन। "प्रतिशोध र

प्रतिरोधको हतियारका रूपमा प्रयोग गर्न पाइरहेसम्म समस्या सुल्झने नभई संस्थाको छवि बिगार्ने मात्र काम गर्छ," सुरक्षा मामिलाका जानकार एवं सत्तारुढ नेकपा सांसद दीपकप्रकाश भट्ट भन्छन्, "यो समस्याबाट पार पाउन संसद्को राज्य व्यवस्था समितिले छानबिन गराउने निर्देशन दिनु जरुरी भइसकेको छ।"

पूर्वरथी बालानन्द शर्मा भने सेनाको आन्तरिक व्यवस्थापन प्रणाली चुस्त नहुँदा शैक्षिक प्रमाणपत्र र नागरिकताको विवाद बल्झिरहेको ठान्छन् । भन्छन्, "कानुनी व्यवस्थाअनुसार जाने हो। धेरै विवाद खडा गर्नुपर्ने नै छैन । चुस्त प्रणाली बसाल्ने हो भने एउटै निर्णयबाट समाधान निस्कने विषय हो।"

"

नागरिकता र प्रमाणपत्रलाई प्रतिशोध र प्रतिरोधको हतियारका रूपमा प्रयोग गर्न पाइरहेसम्म समस्या सुल्झने नभई संस्थाको छवि बिगार्ने मात्र काम गर्छ।

– दीपकप्रकाश भट्ट
सांसद तथा सुरक्षाविद्

कैफियतमै काखापाखा

प्रधानसेनापति थापाले संगठनभित्रका विकृति हटाउन लागेको बाहिर जे-जति चर्चा छ, भित्रको यथार्थ भने बेग्लै छ। आफूले चाहेका व्यक्ति जतिसुकै विवादित भए पनि अघि बढाउने र मन नपरेका अधिकृतलाई सानै निहुँमा घर फर्काउने प्रवृत्ति उनमा देखिन्छ। सहायक रथी सरोजप्रताप राणाको पदोन्नतिमा नागरिकता बाधक बन्यो । त्यतिबेला उनी सैनिक सचिव थिए । रक्षा मन्त्रालयले फाइल फिर्ता पठाएपछि नागरिकता मिलाउन राणालाई १० दिनको बिदा दिएर गृहजिल्ला नवलपरासी पठाइयो । केरमेट गरेर दुई वर्ष उमेर घटाइएको नागरिकताको विवरण सच्याएर ल्याइयो र उपरथीमा पदोन्नति गरियो।

राणाले ११ पुस ०४१ मा लिएको नागरिकतामा जन्ममिति केरमेट गरिएको थियो । सो नागरिकताअनुसार उनको जन्ममिति १६ मंसिर ०२२ छ। तर केरमेट हेर्दा दुई वर्ष घटाइएको प्रस्टै देखिन्छ । पहिलोपल्ट नागरिकता विवाद निस्कँदा उनी बेलायतमा एक वर्षे आरसीडीएस कोर्स लिँदै थिए। उपरथी हुन उक्त कोर्स अनिवार्य थियो। नागरिकता विवाद निस्किएपछि उनी सुटुक्क नेपाल आई सच्याएर फर्किएका थिए। रक्षा मन्त्रालयले कैफियत लेखेपछि प्रधानसेनापति थापाले पुनः सच्याउने सुविधा दिएका थिए।

थापा कायममुकायम प्रधानसेनापति हुँदै दुइटा नागरिकता बनाएर उमेर मिलाएका उपरथी दीपक भारतीलाई पदोन्नतिका लागि सिफारिस गरेका थिए । अघिल्ला प्रधानसेनापति राजेन्द्र क्षत्री बिदामा बसिसकेपछि विवादित नागरिकताका कारण भारतीको म्याद रक्षा मन्त्रालयले थपिदिएन। तर तीन थरी नागरिकता लिएका सैनिक स्वास्थ्य महानिर्देशनालयका सहायक रथी डा अरुणकुमार न्यौपानेलाई भने प्रधानसेनापति थापाले काखी च्यापेरै उपरथीमा पदोन्नति दिएर पुरस्कृत गरे । पहिलो नागरिकताको उमेर घटाएर न्यौपानेले ११ असोज ०४८ मा

प्रतिलिपि निकालेका थिए । न्यौपानेसँग १७ असार ०४० मा १८ वर्ष पुगेको, जन्ममिति १८ असोज ०२२ र ३० माघ ०२१ गरी तीन थरी नागरिकता भेटिएका थिए ।

सेनापति थापाको नातेदार भएकै कारण विवादास्पद भारतीय शैक्षिक प्रमाणपत्र रहेका तत्कालीन सैनिक सचिव निर्मलकुमार थापा उपरथीमा बढुवा भए । अहिले उनी राष्ट्रिय सुरक्षा परिषद्मा छन् । विवादित पाइलट उपरथी सुधीर श्रेष्ठको म्याद थपिनुमा पनि थापाकै आशीर्वाद मुख्य कारण थियो । पछि अनियमितताको विवाद चर्किएपछि कारबाहीमा पर्नुअघि नै उनले राजीनामा दिएर उन्मुक्ति पाए ।

महारथीका गुट

प्रधानसेनापतिमा नियुक्त भएपछि नै थापाले जंगी अड्डामा आफ्नो छुट्टै गुटको अभ्यास गरेको सैनिक स्रोत बताउँछ । उनको भरोसा माथिल्लो ओहोदाका जर्नेलभन्दा प्रमुख सेनानी र महासेनानीमा छ । दोस्रो तथा तेस्रो तहका सैन्य अधिकृतलाई हातमा लिएका थापा उनीहरूकै परामर्शमा चलेको देखिन्छ । उनको गुटमा प्रमुख सेनानी बबि चन्द, महासेनानीहरू माधव थापा, प्रकाशचन्द्र थापा, टेक भट्ट र मानबहादुर महरा हावी छन् । रथी र उपरथीभन्दा तल ओर्लेर गुट बनाएको भन्दै पृतनापति र वाहिनीपतिहरू असन्तुष्ट देखिन्छन् ।

उनका नातेदारको गुट छुट्टै छ । आफ्ना साढुभाइहरूलाई दोहोरो जिम्मेवारी दिएसँगै प्रधानसेनापति थापा विवादमा तानिए । राजेन्द्र कार्कीलाई नीति तथा योजना निर्देशनालय र रघु भण्डारीलाई सम्भार रथी विभागमा राखेका थिए । अहिले हेरफेर गरी भण्डारीलाई नीति र कार्कीलाई कार्य विभागमा सारिएको छ ।

प्रधानसेनापतिको दाबेदार मानिएका रथी प्रभुराम शर्मालाई सम्भारमा ल्याइएको छ । सम्भारलाई महत्त्वपूर्ण तर विवाद निम्त्याउने विभागका रूपमा पनि लिइन्छ । "पहिल्यै सम्भारमा काम गरिसकेका शर्मालाई दोहोऱ्याएर पठाउन जरुरी थिएन," स्रोत भन्छ ।

सेनामा सानै विवादले पनि महारथी बन्ने बाटो अवरुद्ध हुने गरेको विगत छ । २१ पुस २०२० जन्ममिति रहेका शर्माभन्दा उपरथी कार्की तीन महिनाले मात्र जेठा छन् । भविष्यमा कुनै कारणले शर्मा रोकिने स्थितिमा त्यसको प्रत्यक्ष लाभ सेनापति थापाका साढुभाइ कार्कीलाई मिल्नेछ । रथी गौरव तण्डुल आउँदो १९ वैशाखदेखि सेवानिवृत्त हुनेछन् । १९ चैतमा उनी बिदा बस्नुअघि त्यो उथलपुथल निम्तिन सक्ने अड्कलबाजी जंगी अड्डामा चल्न थालेको छ ।

प्रधानसेनापति थापाले आफ्नो कोर ग्रुपभित्रका अधिकृतलाई दोहोरो जिम्मेवारी दिएका छन् । सहायक रथी प्रेम शाहीलाई मिलिटरी एसिस्टेन्टसँगै विशेष सुरक्षा वाहिनीपतिको पनि जिम्मेवारी दिइएको छ । शाहीको भूमिका सन्देहात्मक रहेको केही जर्नेलको गुनासो छ । थापाले शाहीलाई आफूलाई मन नपरेका जर्नेलहरूको रणनीतिक सुराकी गर्न लगाएको दाबी गर्ने स्रोत भन्छ, "उनकै कारण चिफसाब र जर्नेलहरूबीच फाटो आइरहेको छ ।"

केही जर्नेलहरूले आफूविरुद्ध प्रधानसेनापतिले जासुसी गरेर गोपनीयताको हकसमेत खोसेको गुनासो रक्षामन्त्रीसम्म पुऱ्याएका छन् । कतिसम्म भने सैनिक गुप्तचर संस्था (डीजीएमआई) लाई समेत सैनिक अधिकृतको जासुसीमा खटाइएको आरोप उनीहरूको छ । सैनिक प्रवक्ता विज्ञानदेव पाण्डे भने कुनै पनि अधिकृतमाथि जासुसी नगरिएको दाबी गर्छन् । डीजीएमआईलाई अपडेट गर्ने क्रममा कसैलाई त्यो भ्रम परेको हुन सक्ने दाबी गर्दै उनी भन्छन्,"कसैमाथि त्यस्तो कुनै कारबाही गरिएको छैन ।"

पूर्वरथी बालानन्द शर्मा पनि शंका लागे बोलाएर सोध्न सक्ने आफू मातहतका जर्नेलविरुद्ध जासुसी भइरहेको आरोप आफूलाई पत्यार नलागेको बताउँछन् । भन्छन्, "साँच्चिकै जासुसी गरिएको हो भने त्यो निम्न कोटिको काम हो ।"

प्रमुख सेनानीमा पदोन्नति हुनुअघि मेजर जयराम थापा सेनापतिका स्टाफ अधिकृत थिए । पदोन्नति हुनासाथ उनलाई सवारी शाखा (एमटी) को जिम्मेवारी दिइयो । सैनिक सवारीमा इन्धन व्यवस्थापन गर्ने यो शाखाको जिम्मेवारी अनुभवी कर्णेललाई दिइने गरिन्थ्यो । तर आफू निकटलाई जिम्मेवारी दिन उनले त्यसअघिका मान्यतालाई तोडिदिएका छन् । महासेनानी टंक भट्ट सेनापतिका सैनिक सहायक छन् । उनलाई सिग्नल निर्देशनालयमा अर्को जिम्मेवारी पनि दिइएको छ । भट्ट उनै हुन्, जो लेबनान शान्ति सेनामा छँदा ५० हजार डलर घोटालामा मुछिएका थिए ।

दोहोरो भूमिका पाउने अर्का अधिकृत हुन्, सेनापतिका नातेदार उपरथी भण्डारी । थापा सेनापति नियुक्त



< सैनिक स्वास्थ्य महानिर्देशनालयका सहायक रथी डा अरुणकुमार न्यौपानेका भिन्नभिन्न जन्ममिति रहेका नागरिकता (बायाँ) र सहायक रथी सरोजप्रताप राणाको केरमेट गरेर जन्ममिति घटाइएको नागरिकता

भएदेखि भण्डारीले महत्त्वपूर्ण भूमिका पाइरहेका छन् । झन्डै डेढ वर्ष सम्भार रथी विभागको नेतृत्व गरेका भण्डारीलाई उपत्यकाबाहिरका पृतनापति बनाउनुपर्नेमा नीति तथा योजना निर्देशनालयमा सारिएको छ। काठमाडौं-तराई/मधेस फास्टट्र्याकको कार्यविधिले नचिन्ने निरीक्षक पदसमेत सिर्जना गरी उनलाई खटाइएको छ। अधिकारसम्पन्न निर्देशक समितिमा बलाधिकृत रथी शरद गिरी छन्। तर प्रधानसेनापति थापाले झन्डै १६ अर्ब रुपैयाँ वार्षिक बजेट विनियोजन गरिएको फास्टट्र्याक परियोजनामा उपरथी भण्डारीलाई सक्रिय बनाएका छन् ।

फास्टट्र्याकमा स्वार्थ

फास्टट्र्याक आयोजना निर्माण चालू आर्थिक वर्षमा गतिशून्य छ । आर्थिक वर्षको ६ महिना बित्दा २९ करोड ९८ लाख अर्थात् २ प्रतिशत पनि बजेट खर्च भएको छैन । आव ०७४/७५ मा ८ अर्ब ९६ करोड बजेट विनियोजन भएकामा भौतिकतर्फ शतप्रतिशत र ९५ प्रतिशत वित्तीय प्रगति थियो । गत वर्ष ८० प्रतिशत बजेट खर्च भएको थियो।

यसको कारक सेनापति स्वयं हुन् किनभने आफूले चाहेको परामर्शदातृ संस्था छनोट नहुँदा सेनाप्रमुखले 'सर्ट लिस्ट' भइसकेको प्रक्रिया नै रद्द गरिदिए । यसको नयाँ प्रक्रिया सुरु गर्नसमेत ढिलाइ गरियो। छनोटमा अनियमितता गरेको भन्दै आयोजना प्रमुख शरदलाल श्रेष्ठलाई निलम्बन गरी रथी शरद गिरीको अध्यक्षतामा कोर्ट अफ इन्क्वायरी गठन गराए । तर छानबिनपछि 'नियतसाथ कुनै बदमासी नभएको' भन्दै उनलाई पुनः जिम्मेवारीमा फर्काइयो ।

छानबिन समितिले आयोजनाका अघिल्ला प्रमुख योगेन्द्र खाँडसँग समेत बयान लिए पनि कसैलाई दोषी खुट्याउन सकेन। स्मरणीय छ, परियोजना सेना मातहत आएपछि नै यसको प्रमुख भूमिकामा हालका सेनापति थापा थिए। उनी २१ वैशाख ०७४ देखि २५ साउन ०७५ सम्म परियोजनाको निर्देशक समितिको नेतृत्वमा थिए । यो समितिको आदेशमा मात्रै परियोजनाका

> "सेनालाई सोधेर प्रादेशिक संरचना बनेको होइन । सेनाले चाहँदैमा हेरफेर भइहाल्ने पनि होइन ।
>
> – **बालानन्द शर्मा**
> पूर्वरथी, नेपाली सेना

सम्पूर्ण काम अगाडि बढ्ने कार्यविधिमा उल्लेख छ । "आफूसमेत अनियमिततामा तानिने जोखिम देखेपछि सेनापतिले छानबिन प्रभावित तुल्याए," एक उपरथी भन्छन् ।

सैनिक प्रवक्ता पाण्डे भने आयोजनाका गोप्य कागजात बाहिरिएको विषयमा मात्रै छानबिन भएको बताउँछन् । "देखिने गरी कसैको कसुर स्थापित भएन," उनी भन्छन्, "त्यसैले सचेत मात्रै गराइएको हो ।" सेनाले छानबिनको विवरण सार्वजनिकसमेत गरेको छैन ।

सेनापतिले ठूला र अग्ला पुल निर्माणको ठेक्का सर्टलिस्ट पनि रद्द गरे । पुल, सुरुङ र सडक निर्माणमा कुनै काम नभएपछि बजेट खर्च हुने स्थिति भएन । "अहिले खर्च भएको २९ करोड रुपैयाँ पनि पुरानै ठेक्काको हो," स्रोत भन्छ। प्रधानसेनापतिमा नियुक्त भएदेखि नै उनले फास्टट्र्याकमा आफूले रोजेको नेतृत्व नियुक्त गर्न चाहेका थिए। त्यसका लागि बाधक थियो, प्राविधिक उपरथी आयोजना प्रमुख हुने व्यवस्था । त्यही भएर सेनाले गत वर्ष गैरप्राविधिकलाई पनि आयोजना प्रमुख बन्ने बाटो खुल्ने गरी कार्यविधि प्रस्ताव गरेको थियो । प्रस्तावमा आयोजना प्रमुखको नियुक्ति र हेरफेर प्रधानसेनापतिको अधिकार हुनुपर्ने उल्लेख थियो। तर रक्षा मन्त्रालयले यसलाई रोकिदियो। जंगी अड्डा र रक्षा मन्त्रालयबीच रक्षामन्त्री ईश्वर पोखरेलसमेत उपस्थित छलफलमा तत्कालीन सहसचिव ऋषिराज भण्डारीले भनेका थिए, 'गैरप्राविधिक आउने

व्यवस्था गरेर भोलि ब्यान्डबाजा वा कानुन समूहबाट प्रमुख बनाएर आयोजना बन्छ त ?"

अन्ततः प्राविधिक समूहका सहायक रथी वा उपरथी आयोजना प्रमुख हुने र नियुक्ति प्रधानसेनापतिको सिफारिसमा रक्षा मन्त्रालयले गर्ने कार्यविधि मन्त्रिपरिषद्ले पारित गऱ्यो। सेनापति थापा गैरप्राविधिक समूहबाट नियुक्तिको बाटो खोलेर आफ्ना साढुभाइ उपरथी राजेन्द्र कार्कीलाई आयोजना प्रमुख बनाउन चाहन्छन्। त्यसैले रक्षाले अघिल्लो वर्ष नै अस्वीकृत गरिदिएको प्रावधान राखेर जंगी अड्डाले एक महिनाअघि कार्यविधि संशोधन प्रस्ताव पुनः रक्षामा पठाएको छ।

नबिसाएको भारी

प्रधानसेनापति बनेको पहिलो वर्षगाँठ मनाउँदै लामो सार्वजनिक भाषण दिएका थापाले अनियमितता, अपारदर्शिताले सेनाको प्रतिष्ठामा आँच पुगेको बताउँदै भनेका थिए, 'अरूले गरेको गल्ती, कमजोरी र आर्थिक वा अन्य कुनै अनैतिक लाभको पापको भारी मैले किन बोक्ने ?'

तर त्यो भारी बिसाउन भने सेनापति थापा तयार नभएको घटनाक्रमले देखाउँछन्। उनको एक वर्षे कार्यकाल पूरा हुनु ठीकअघिकै खरिद हेरौं। गत २४ जेठमा नीति तथा योजना निर्देशनालयले सम्भार रथी विभागलाई 'स्पेसिफिकेसन तथा अनुमानित रकम सम्बन्धमा' भन्दै मेसिनरी औजार शीर्षकमा बचत भएको रकममध्येबाट विभिन्न युनिटमा वाटर ट्रिटमेन्ट प्लान्ट जडान गर्न पत्र लेख्यो। पत्रमा एउटा युनिटले ८ लाख ८१ हजार रुपैयाँ लागतमा प्लान्ट जडान गर्न सकिने भनिएको छ।

३० वटा युनिटमा प्लान्ट जडान गर्ने योजना रहेको सम्भार विभागले मातहतका युनिटमा गरेको परिपत्रबाट खुल्छ। यस हिसाबले झन्डै ३ करोड रुपैयाँको कारोबार सेनाले टुक्रा-टुक्रा बनाएर खरिद गरेको छ। सार्वजनिक खरिदका प्रावधान छल्न यस्तो गरेको प्रस्ट हुन्छ। १० लाख रुपैयाँसम्म मूल्य प्रस्तावमार्फत खरिद गर्न सकिन्छ भने त्यसभन्दा माथिको खरिदमा बोलपत्र आह्वान गर्नुपर्छ। यहींनेर सेनाले चलाखीपूर्वक कारोबार गरेको हो।

सबै युनिटमा खरिदकर्ता कम्पनी

प्रादेशिक पुनः संरचनामा 'लबिइङ'

नेपाली सेनाले राजनीतिक परिवर्तनलाई आत्मसात गर्न नचाहेको आरोप बारम्बार लाग्ने गर्छ। त्यसलाई बल पुग्ने काम सेना स्वयंले गर्दै आएको छ। राज्य पुनर्संरचनाअनुसार सेनाले सात वटै प्रदेशमा पृतना स्थापना गरेको थियो। तर चार महिनाअघि एकाएक पृतना संरचना हेरफेर गरियो। कर्णाली प्रदेशको सुर्खेतस्थित पृतनाअन्तर्गत प्रदेश ५ का बाँके र बर्दिया पारियो भने बाग्मती प्रदेशको हेटौँडा पृतनाअन्तर्गत प्रदेश २ का बारा र पर्सालाई गाभियो। बाग्मतीका दोलखा, सिन्धुली र रामेछापलाई प्रदेश २ को धनुषा पृतनाअन्तर्गत कार्यक्षेत्र तोकियो।

नेपालगन्जस्थित भैरवप्रसाद गणले विपद् व्यवस्थापनलगायतका काम प्रदेश ५ पृतना बुटवलअन्तर्गत गर्छ भने गणको परिचालन कर्णाली प्रदेश पृतना सुर्खेतले। भिन्न प्रयोजनका लागि गणको परिचालन दुई भिन्न प्रदेशले गर्छन्। गण एउटा प्रदेशमा, कार्यक्षेत्र अर्कै प्रदेश हुँदा समन्वयमा जटिलता उत्पन्न हुने सैन्यविद्हरू बताउँछन्।

व्यावहारिक र रणनीतिक दृष्टिकोणले पृतनाको ढाँचा फेर्नु परेको दाबी सेनाको छ। संघीय संरचनाअन्तर्गत तत्कालीन पाँच विकास क्षेत्रमा एकएक पृतना थिए। पछि मध्यपूर्वी पृतनाका रूपमा धनुषा थपियो। अहिले प्रादेशिक सीमांकनभन्दा भिन्न संरचना निर्माणले प्रदेशको सीमांकन हेरफेरलाई बल पुगेको विश्लेषण गरिन्छ। खासगरी प्रदेशको उत्तर-दक्षिण सीमांकन गर्नुपर्ने मागलाई सेनाको पछिल्लो कार्यक्षेत्र निर्धारणले अप्रत्यक्ष लबिइङ गरेको बुझाइ छ।

अहिले प्रदेश १ का लागि इटहरीमा पूर्वी, २ को धनुषामा मध्यपूर्वी, बाग्मतीको हेटौँडामा मध्य, काठमाडौँका लागि उपत्यका, गण्डकी प्रदेशका लागि पोखरामा पश्चिम, प्रदेश ५ का लागि बुटवलमा उत्तर-पश्चिम, कर्णालीका लागि सुर्खेतमा मध्यपश्चिम र सुदूरपश्चिम प्रदेशका लागि दिपायलमा सुदूरपश्चिम पृतना छन्। नयाँ संरचनाअनुसार प्रदेश ५ बाहेक सेनाका सबै पृतनाको कार्यक्षेत्र उत्तर-दक्षिण फैलिएको छ।

सुरक्षाविद् दीपकप्रकाश भट्ट सेनाका पृतनाले प्रदेशलाई कार्यक्षेत्र बनाउने वा प्रशासनिक अनुकूलता र परिचालन सहजतालाई ध्यान दिएर छुट्टै संरचना बनाउने भन्नेमा बहस चलिरहेको बताउँछन्। "प्रदेश सरकारसँग समन्वय गर्न सहज हुने ढंगले प्रादेशिक पृतना संरचनालाई स्वीकारिएको थियो," उनी भन्छन्, "अहिले त्यसमा रिभ्यु गर्न खोजेको देखिन्छ।"

पछिल्लो पटक प्रदेश ३ को नाम र राजधानी तोक्दा सत्तारुढ नेकपाले सेनाको सुझावलाई मानेर निर्णय गरेको देखिन्छ। प्रदेशसभाको क्षेत्राधिकार हस्तक्षेप गरी पार्टी सचिवालयले नाम र राजधानी तोकेपछि प्रदेश इन्चार्ज अष्टलक्ष्मी शाक्यसहितका नेता असन्तुष्ट थिए। असन्तुष्टलाई सम्झाउन पार्टी अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले बालुवाटार बोलाएका थिए। त्यसबेला प्रधानमन्त्रीसमेत रहेका ओलीले सैन्य चासोतर्फ संकेत गर्दै भनेका थिए, 'हचुवाका भरमा निर्णय भएको छैन। सुरक्षा संवेदनशीलताको सूचना लिएरै निर्णय लिइएको हो।'

उनीभन्दा एक कदम अघि बढेर अर्का अध्यक्ष प्रचण्डले भोलि बाँके-बर्दिया कर्णालीमा, बारा-पर्सा प्रदेश ३ मा र दोलखा-रामेछाप प्रदेश २ मा जान सक्ने घोषणा गर्नुलाई पनि सेनाको लबिइङले काम गरेको धेरैको बुझाइ छ। पूर्वरथी बालानन्द शर्मा भने नेपाली सेनाले प्रशासनिक सहजता र कम खर्चिलो अपरेसनका लागि पायक पर्ने गरी कार्यक्षेत्र बनाएको बताउँछन्। "सेना संघअन्तर्गत छ। उसले सबै प्रदेशमा रहेर आपतकालीन स्थितिमा सशस्त्र र नेपाल प्रहरीलाई सघाउने हो," उनी भन्छन्, "सेनालाई सोधेर प्रादेशिक संरचना बनेको पनि होइन। सेनाले चाहँदैमा हेरफेर भइहाल्ने पनि होइन।"

सम्भार रथी विभागले छानेपछि भुक्तानी भने सम्बन्धित युनिटमार्फत गरिएको छ। एउटा युनिटले १० लाख रुपैयाँभन्दा कम लागतको खरिद गरेकाले सरसर्ती हेर्दा नियमसम्मतझैं लाग्छ। बुझ्नुपर्ने तथ्य के भने खरिदको चाँजोपाँजो सम्भार रथी विभागले मिलाएर सबै युनिटमा एकमुस्ट खरिदको निर्णय पठाएको हो, जुन रकम ३ करोड रुपैयाँ हाराहारी पुग्छ।

सम्भार रथी विभागले विभिन्न कम्पनीसँग मूल्य प्रस्ताव माग्यो र गाइखुरा इन्टरप्राइजेजले खरिद जिम्मा पायो। १८ असारमा मूल्य प्रस्ताव गरेको गाइखुराले चार

सेनाबारे प्रकाशित *नेपाल*का अंकहरू

दिनपछि रकम भुक्तानी लियो। जबकि काम पूरा भएपछि उसले भुक्तानी पाउनुपर्ने हो। *नेपाल*लाई प्राप्त कागजातअनुसार साउनको विभिन्न मितिमा मात्रै सेनाका युनिटहरूमा सामान पुगेको छ। बजेट फ्रिज हुने भएपछि सेनाले मिलेमतोमा सामान खरिद गरेको एक उच्च सैनिक अधिकारी बताउँछन्।

थापा प्रधानसेनापति बन्नासाथै गरिएको बुट खरिदमा समेत आर्थिक अपचलन भएको तथ्य फेला परेको छ। थापा कायममुकायम प्रमुख बनेकै बखत १४ भदौ ०७५ मा सेनाले ४९ हजार ३ सय ७५ जोर जुत्ता खरिदको बोलपत्र खोलेको थियो। तर प्रस्तावित कम्पनीको आवश्यक मापदण्ड नपुगेको भन्दै रद्द गरेर पुनः मंसिरमा अर्को बोलपत्र सार्वजनिक भयो। यस पटकसमेत पहिलेकै समस्या दोहोरिएपछि सेनाले रद्द गरेर पुनः माघमा बोलपत्र खुलायो। तर तेस्रो खेप पनि समस्या उही आयो, निर्णयचाहिँ फरक। अर्थात्, सेनाको खरिद सर्त मेल नखाएको कम्पनीलाई कामको जिम्मा दिइयो।

सेनाले १४ वटा प्यारामिटरको प्राविधिक स्पेसिफिकेसन पूरा हुनुपर्ने मापदण्ड राखेर बोलपत्र खोलेको थियो। तर प्राविधिक परीक्षणमै मापदण्ड नपुगेको कम्पनी फुटकेयर इन्डस्ट्रिजले खरिद जिम्मा पायो। यो कम्पनीको जुत्ता परीक्षण गर्दा माथिल्लो छाला फुल ग्रेन र बफ लेदर हुनुपर्ने, आउट सोल ओइल-रेसिस्टेन्ट परीक्षणमा पास हुनुपर्नेमा फेल भएको थियो। यसका बाबजुद खिला केसीको यो कम्पनीले सैनिक सामग्री प्राप्ति निर्देशनालयसँग ९ करोड रुपैयाँ बराबरको खरिद सम्झौता गर्‍यो।

प्राविधिक परीक्षणमै त्रुटि देखिएको बुट सेनाले खरिद गर्दा त्यसको असर फिल्डमा देखियो। केही वाहिनीबाट *नेपाल*लाई प्राप्त कागजातमा 'एक दिन लगाउँदा नै बुट काम नलाग्ने भएको' रिपोर्ट सम्भार रथी विभागलाई पठाएको देखिन्छ। साथै, स्टोरमा दाखिला गरिएका नयाँ बुटसमेत नोख र सोल छुट्टिएको भेटिएको विभागमा पठाइएको रिपोर्टमा उल्लेख छ। बुट खरिद प्रकरणबारे प्रधानमन्त्री कार्यालयअन्तर्गत रहेको सार्वजनिक खरिद अनुगमन कार्यालयमा उजुरी परे पनि स्पष्टीकरण सोध्नेबाहेक थप अनुसन्धान भएन। त्यसबेला प्राप्ति निर्देशनालयमा सेनापति थापाका नातेदार तत्कालीन उपरथी रघु भण्डारी थिए।

सस्तो प्रचारबाजी

प्रधानसेनापति थापाले पदभार सम्हालेको तीन महिनापछि मंसिरदेखि 'सिपाहीसँग प्रधानसेनापति' कार्यक्रम सुरु गरे। गत कात्तिकबाट नियमित गरिएको यो कार्यक्रममा नेतृत्वसँग सिपाहीले प्रत्यक्ष संवाद गर्छन्। ६/६ महिनामा प्रधानसेनापतिसँग र प्रत्येक ३ महिनामा विभागीय प्रमुखले संवाद गर्छन्। प्रत्यक्ष संवाद भनिएको यो कार्यक्रममा समेत पहिल्यै प्रश्नहरू छानेर संवादको अनुमति दिइन्छ।

यो कार्यक्रमको अवधारणापत्रको ८ नम्बर बुँदामा 'प्राप्त प्रश्न तथा जिज्ञासा छनोट गरी प्रधानसेनापतिको कार्यालयमा पेस गर्ने' लेखिएको छ। प्रधानसेनापतिको कार्यालयले समेत पुनः प्रशोधन गरेर सोध्न योग्य र अयोग्य छुट्टाउने अवधारणापत्रमा उल्लेख छ।

यद्यपि सैनिक प्रवक्ता सहायक रथी पाण्डे भने बढीभन्दा बढी सहभागी जुटाउन पहिल्यै प्रश्नपत्र बटुलेको प्रतिक्रिया दिन्छन्। भन्छन्, "व्यवस्थित बनाउन केही प्रश्नावली पहिल्यै मागिन्छ। कार्यक्रममा तीबाहेकका प्रश्नसमेत गर्न सकिन्छ।" तर अवधारणापत्रमा कहीँ पनि मौखिक प्रश्न सोध्न सकिनेबारे उल्लेख छैन।

अर्को फौजी संगठन सशस्त्र प्रहरीले समेत एक दशकअघि यही प्रकृतिको कार्यक्रम सुरु गरेको थियो। सनतकुमार बस्नेतको नेतृत्वकालमा सशस्त्रले सिपाहीका समस्या फोनमा सुन्ने र जवाफ दिने गरेको थियो। तर यो कार्यक्रमले सशस्त्रको चेन अफ कमान्ड खुकुलो बनेको भन्दै त्यसपछिका सशस्त्र प्रमुखले निरन्तरता दिएनन्। आफ्नो युनिटको 'इमिडियट कमान्डर' लाई नटेर्ने समस्या सशस्त्र प्रहरीमा समेत यस्तै कार्यक्रमले उब्जिएको थियो।

"चेन अफ कमान्ड सुरक्षा निकायको आधारभूत चरित्र हो। यस प्रकृतिको कार्यक्रमले सेनामा समेत भोलि सशस्त्र प्रहरीकै नियति नहोला भन्न सकिन्न," पूर्वउपरथी विनोज बस्न्यात भन्छन्, "फेरि यो कार्यक्रम नै राजनीतिक चरित्रको जस्तो देखिन्छ। सरकारले 'जनतासँग प्रधानमन्त्री' भनेजस्तै।"

सेनापतिले सबैभन्दा प्रशंसा कमाएको कदम हो, आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु। यो आफैँमा सकारात्मक कदम थियो। तर उच्च अधिकारीले सम्पत्ति सार्वजनिक गर्नुपर्ने प्रणाली विकास नगर्दा उनका उत्तराधिकारीका लागि यो बाध्यकारी छैन। रथीद्वय गौरव तण्डुल र प्रभुराम शर्मा तथा केही उपरथीबाहेक अन्यले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन्। प्रधानसेनापतिसहित उच्च सैनिक अधिकृतले सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने नीतिगत निर्णय नहुँदा उनीपछिका सेनाप्रमुखका लागि यो स्वेच्छिक हुनेछ। ने

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि साथो पनि

presents

कान्तिपुर
CONCLAVE
REIMAGINING CONNECTIVITY

connected by
Ncell

powered by
asianpaints

REIMAGINING CONNECTIVITY

'Connectivity' holds multiple perspectives, interpretations and ideals. Connectivity is what highlights our times today. We live in a digitally connected world where the exchange of trade, capital, information and people are no longer bound by geography.

The 2020 Kantipur Conclave is a two-day event that reimagines connectivity from a multifaceted lens, leveraging constructive interactions to identify opportunities on cultivating synergy, convergence, partnerships, collaborations and relationships amid the changing global dynamic.

40+	500+	12+	10+
Speakers	Delegates	Thematic areas	Sessions



Associate Partner
NEPALLIFE

- Lessons from The East
- The Future of Digital World
- Mitigating Climate Change - The Big Connector
- Bridging through Literature and Arts
- Connecting Global Nepalis

- नेपालमा 'मी टू' किन अगाडि बढ्न सकेन?
- नेपाल: अगाडि कि पछाडि?
- हात्ती, ड्र्यागन र तरुल - बदलिदो भू-राजनीतिमा नेपाल
- प्रचण्डसँग परिसंवाद

Learning Partner — HIMALAYAN WHITEHOUSE WORLD SCHOOL
Knowledge Partner — beed consult | manage | advise
App Partner — EventsMo
Hospitality Partner — HYATT REGENCY KATHMANDU

कर्जामा सुस्तता

उच्च कर्जा विस्तारको लक्ष्य लिए पनि प्राप्तिमा आशंका

६ माघमा अर्थतन्त्रको अवस्थाबारे सरोकारवालासँग छलफल गर्दै अर्थमन्त्री युवराज खतिवडा

यम बम

सरकारले ८.५ प्रतिशतको उच्च आर्थिक वृद्धिको लक्ष्य लिएका बेला दबाबमा रहेको नेपाल राष्ट्र बैंकले उच्च कर्जा विस्तारको नीति अवलम्बन गऱ्यो। राष्ट्र बैंकले ८ साउनमा जारी गरेको मौद्रिक नीतिमा आन्तरिक कर्जामा २४ र निजीतर्फको कर्जा २१ प्रतिशतसम्म पुग्ने अपेक्षा गरेको थियो ।

आर्थिक वर्ष ०७६/७७ को पहिलो ५ महिनाको तथ्यांक हेर्दा राष्ट्र बैंकको आशामा तुषारापात लागेको छ । लक्ष्य लिएको उच्च कर्जाले बाटो समातेको छैन ।

राष्ट्र बैंकको प्रशोधित तथ्यांकअनुसार आर्थिक वर्षको पहिलो ५ महिनामा निजीतर्फको थप कर्जा विस्तार २ खर्ब १४ अर्बमा समेटिएको छ, जुन गत वर्षको तुलनामा ६५ अर्ब रुपैयाँ कम हो । गत वर्ष यो कर्जा विस्तार २ खर्ब ७९ अर्ब पुगेको थियो ।

राष्ट्र बैंकको अपेक्षाअनुसार कर्जा लगानी सीमित भए पनि असारसम्म ८ खर्ब ३० अर्ब थप कर्जा हुने थियो । यसअघि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामार्फत निजी क्षेत्रतर्फ जाने कर्जा २० प्रतिशतमा सीमित पार्ने उद्देश्य राख्दै आएको थियो ।

सरकारले उच्च आर्थिक वृद्धिदरको लक्ष्य लिए पनि अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले ६ प्रतिशत रहने प्रक्षेपण गरिसकेको छ । मौद्रिक नीति, वित्त नीति र आयव्ययको नीतिले पनि कर्जा मागलाई तलमाथि गर्छ । राष्ट्र बैंकका प्रवक्तासमेत रहेका कार्यकारी निर्देशक गुणाकर भट्ट भन्छन्, "कर्जा गएन भन्ने होइन । रेमिट्यान्समै कमी आएको छ। यद्यपि निक्षेपभन्दा कर्जा विस्तार बढी नै छ ।"

अर्थमन्त्रीको दौडधुप

कर्जा विस्तारमा 'ब्रेक' लागेका बेला ६ माघमा अर्थमन्त्री युवराज खतिवडाले अर्थ मन्त्रालय, राष्ट्र बैंक र बैंकर्स एसोसिएसनका पदाधिकारीसँग छलफल गरे । कर्जा विस्तारमा सुस्तता आउनुको कारणबारे जानकार अर्थमन्त्रीले बैंकर्सहरूलाई कारण सोधे । छलफलमा सहभागीमध्येका नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहाल भन्छन्, "सरकारले पछिल्लो पटक ल्याएको नीतिले पनि कर्जामा असर परेको हामीले भनेका छौं ।"

राष्ट्र बैंकले पछिल्लो पटक व्यक्तिगत कर्जा, घर कर्जा, हायर पर्चेजलगायत किस्ता भुक्तानीमा आधारित कर्जा दिँदा भुक्तानी आम्दानी अनुपात सीमा ५० प्रतिशत कायम गरेको छ। यसरी मासिक ६० हजार आम्दानी हुनेले मासिक ३० हजार रुपैयाँभन्दा बढी किस्ता तिर्ने गरी कर्जा लिन पाउँदैनन्। राष्ट्र बैंकको यो नीतिका कारण व्यक्तिगत र गाडी कर्जा माग घटेको बैंकहरूले बताइरहेका छन् । आयात घट्दा सरकारलाई व्यापार घाटा सन्तुलनको ढोल पिट्न त सहज होला । तर मुलुकको अर्थतन्त्र आयातमुखी नै छ। त्यसमा पनि कर्जा विस्तार भएन भने आन्तरिक उत्पादनमै असर गर्छ। बैंक तथा वित्तीय संस्थाले सरकारलाई भुक्तान गर्ने राजस्व घट्छ नै। राजस्व संकलनमै कमी आएपछि सवारी साधनको ऋण प्रवाहमा खुकुलो नीति अवलम्बन गर्न दबाब परेको छ।

बैंकबाट व्यक्तिले घर, गाडी र आवधिक कर्जा लिँदा कर चुक्ता वा दाखिला गरेको प्रमाणपत्र बुझाउनुपर्ने, कर चुक्ता र बैंकमा बुझाउने वासलात एउटै हुनुपर्ने कारणले साना तथा मझौला उद्यममा ऋण जान बन्द भएको छ । बरु साना तथा मझौला उद्योग र व्यक्तिगत ऋणका लागि सहकारी धाउने बढेका छन् । "समस्या सुनेपछि अर्थमन्त्री

खतिवडाले 'ग्रिन सिग्नल' दिएका छन्," एक बैंकका सीईओ भन्छन्, "थ्रेसहोल्ड राखेर वा अन्य ढंगबाट मिलाउन सकिने आश्वासन पाएका छौं ।"

स्रोतमै खाडल

यो वर्ष कर्जा विस्तार मात्र होइन, बैंकको निक्षेप संकलन पनि सुस्ताएको छ । आर्थिक वर्षको पहिलो ५ महिनामा निजीतर्फको निक्षेप संकलन थप १ खर्ब ३० अर्ब रहेको राष्ट्र बैंकको प्रशोधित तथ्यांक छ । निक्षेप संकलन गत वर्षको यही अवधिको तुलनामा ३९ अर्ब रुपैयाँ कम हो ।

बैंकको निक्षेप र कर्जामा सुस्तता आउनुमा सरकारले पुँजीगत खर्च गर्न नसक्नुलाई मुख्य कारक ठानिन्छ । ९ माघसम्म पुँजीगत (विकास निर्माण) खर्च कुल विनियोजित ४ खर्ब ८ अर्बमध्ये १५.९९ प्रतिशत मात्र भएको छ, जुन ६५ अर्ब मात्र छ । गत वर्ष पहिलो ६ महिनामा पुँजीगत खर्च १७ प्रतिशत थियो । विकास बजेट खर्च हुन नसक्नु भनेको सरकारी ढुकुटीमा पैसा जम्मा भइरहनु हो ।

पहिलो पाँच महिने अवधिमा राष्ट्र बैंकमा संघीय सरकारको मात्र १ खर्ब ६३ अर्ब रुपैयाँ थन्किएर बसेको छ । रकम सरकारी निक्षेपका रूपमा बस्दा 'पैसाको सर्कुलर' रोकिन्छ । सर्कुलर रोकिँदा आयकर चक्र रोकिन्छ र आर्थिक वृद्धिदरलाई नै असर गर्छ । यो आवमा ११ खर्ब ७० अर्ब राजस्व संकलनको लक्ष्य लिइएकामा ९ माघसम्म ४ खर्ब ८० अर्ब रुपैयाँ संकलन भएको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांक छ ।

राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्री पुँजीगत खर्च नभई रकम ढुकुटीमा थन्किनुलाई आर्थिक गतिविधि घट्नु र उत्पादकत्वमा कमी आउनुको रूपमा लिन्छन् । भन्छन्, "विकास बजेट खर्च नहुनु भनेको अहिले परियोजना अगाडि बढेका छैनन् भन्नु हो । परियोजना अगाडि बढेनन् भने सिमेन्ट, छडको मात्र माग घट्दैन, रोजगारी पनि संकुचन भइदिन्छ ।" उनका अनुसार यसरी उद्योगीको निर्माण सामग्री थन्किएर बस्यो भने उसले थप लगानी गर्दैन । बैंकबाट कर्जा लिनुपर्ने आवश्यकता रहँदैन ।

०७२ को भूकम्पपछिको पुनर्निर्माणका कारण मुलुकमा विकासतिरको अर्थतन्त्र चलायमान भएको थियो । पछिल्ला वर्षमा सिमेन्ट, छड, गिट्टी, ढुंगा, बालुवा, इँटाको माग बढ्यो तर यी क्षेत्रमा अहिले सुस्तता आएको छ । कारण, पुनर्निर्माणको काम करिब सकिन लागेको छ । अर्थतन्त्रमा यसको असर परेको छ । यी क्षेत्रमा क्षेत्रमा कर्जा माग घटेको छ ।

रेमिट्यान्स गत वर्षको तुलनामा २.३ प्रतिशतले घटेर ३ खर्ब ४ अर्ब रुपैयाँमा सीमित भएको छ । यो पहिलो चौमासिकको तथ्यांक हो । जबकि यो रकम गत वर्ष सोही अवधिमा ३ खर्ब ७६ अर्ब भित्रिएको थियो ।

विदेशी निक्षेपकर्ता र गैरआवासीय नेपालीबाट समेत कम्तीमा २ वर्षका लागि विदेशी मुद्रामा निक्षेप लिन सक्ने र त्यस्तो रकम लगानी गर्न सक्ने सुविधा दिइएको छ, जुन कर्जायोग्य लगानी अभाव समस्या समाधानको स्रोत हो ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक त्रिलोचन पंगेनी सीप र जाँगर भएका तर धितो नभएकाले कर्जा पाउने अवस्था नरहेको बताउँछन् । "युवासँग सीप र जाँगर छ तर कर्जा पाउँदैनन् । राज्यले घोषणा गरेको सहुलियत कर्जा पनि झन्झटिलो छ," उनी भन्छन्, "उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहने समूह नै वञ्चित छ ।" राष्ट्र बैंकले वाणिज्य बैंकलाई कुल कर्जाको १० प्रतिशत कृषि र ऊर्जा तथा पर्यटन गरेर १५ प्रतिशत कर्जा लगानी गर्नुपर्ने व्यवस्था गरेको छ । तर बैंकहरूले यो अनुपातमा कर्जा लगानी गर्न सकेका छैनन् ।

"कर्जा गएन भन्ने होइन । रेमिट्यान्स नै कम छ । यद्यपि निक्षेपभन्दा कर्जा विस्तार बढी नै छ ।"

– गुणाकर भट्ट
प्रवक्ता, राष्ट्र बैंक

राष्ट्र बैंकको तथ्यांकअनुसार पनि पछिल्लो ५ महिनामा २ हजार ४ सय ९९ जनाले १ अर्ब ४० करोड सहुलियतपूर्ण कर्जा लिएका छन् । हरेक वाणिज्य, विकास बैंक, फाइनान्स कम्पनीले वार्षिक क्रमशः ५ सय, २ सय र १ सय वटा सहुलियतपूर्ण कर्जा प्रवाह गर्नुपर्नेछ ।

स्थिर ब्याजदर

बैंकहरू मर्जमा गएका छन् । योसँगै मर्ज भएका बैंकको पुँजी मात्र बढेको छैन, जोखिम टार्ने क्षमता पनि बढेको छ । तर न निक्षेपको ब्याजदर बढेको छ, न त कर्जाको ब्याजदर घटेको छ ।

राष्ट्र बैंकका अनुसार माघ पहिलो साता मात्र २० अर्ब रुपैयाँको अन्तरबैंक कारोबार भएको छ । राष्ट्र बैंकका प्रवक्ता भट्ट भन्छन्, "बैंकहरूसँग साधन कम भएको छ (निक्षेप संकलन) । उनीहरू दबाबमा छन् ।" ५० अर्बमाथिको कर्जामा तरलता अभाव छ । बैंकर एसोसिएसनको पहलमा बैंकहरूले निक्षेपको ब्याजदर ९.७५ प्रतिशतभन्दा माथि जान नदिएपछि आधार दर घटेको छ ।

वाणिज्य बैंकको औसत आधार दर ९.४६ प्रतिशत कायम भएको छ । मंसिरमा वाणिज्य बैंकको निक्षेपको भारित औसत ब्याजदर ६.८० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ११.९३ प्रतिशत छ । अघिल्लो वर्षको सोही महिनामा यी दर क्रमशः ६.६२ प्रतिशत र १२.३२ प्रतिशत थिए । बैंकले घटेजति आधार दरमा प्रिमियम थप गरेर ब्याज निर्धारण गरिरहेका छन् ।

बैंकहरूमा निक्षेप संकलन घट्दा पनि किन निक्षेपकर्ताको ब्याजदर बढेन ? पंगेनी ब्याजदरलाई सहमति गरेर 'फिक्स' मा राख्न नहुने बताउँछन् । "ब्याजदर मूल्यवृद्धिको तुलनामा माथि नै हुनुपर्छ तर अवस्था उल्टो छ," उनी भन्छन्, "बचतको ब्याजदरले अनावश्यक खर्च घटाउँछ, निक्षेप संकलनमा मद्दत पुर्‍याउँछ । र, ऋणीले कर्जा पाउँछन् ।"

यसअघि निक्षेप संकलनका लागि बैंकहरूबीच ब्याजमा 'लिगलिगे' दौड चलेको थियो । तर बैंकर्स एसोसिएसनले निक्षेपको ब्याजमा सहमति गरेर व्यक्तिगत मुद्दतीमा ९.७५ प्रतिशत र संस्थागतमा ९.६ प्रतिशतसम्म ब्याज दिन पाइने सहमति भएको थियो । ■

संजोग मानन्धर

ओरालो बाटोमा

राष्ट्र बैंकको कडाइले लगानी र खर्च न्यून हुँदा अर्थतन्त्र शिथिल

मस्त केसी

कृषि विकास बैंकको वार्षिकोत्सवमा अर्थमन्त्री युवराज खतिवडाले अर्थतन्त्र सुदृढ, सबल र स्थायी मार्गमा अघि बढिरहेको बताउँदै ढुक्क भएर लगानी बढाउन व्यवसायी र वित्तीय संस्थाहरूलाई आग्रह गरे। उनले भने, "अर्थतन्त्र 'रिमार्केबल पार्ट' मा अघि बढिराखेको छ। विश्व बैंकको इकोनोमिक अपडेट र एसियाली विकास बैंकको अपडेटले पनि त्यही भन्छ। त्यसैले हामी सही बाटोमा छौं।"

त्यसको भोलिपल्टै ८ माघमा अन्तर्राष्ट्रिय भन्सार दिवसमा आयोजित कार्यक्रममा उद्योगी/व्यवसायी भने सरकारले निजी क्षेत्रलाई विश्वास नगरेकाले व्यवसायमा मन्दी आएको बताइरहेका थिए। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले 'भ्यालु एडिसन' गरेर काम गर्ने र राम्रो रोजगारी सिर्जना गर्ने उद्योगलाई सरकारले अझ बढी सुरक्षा दिनुपर्ने ठाउँमा विश्वास नगर्दा निरुत्साहित हुनु परेको धारणा राखेका थिए।

२ माघमा मात्र अटोमोबाइल एसोसिएसन अफ नेपाल (नाडा) का पदाधिकारी व्यवसायमा मन्दी आएको गुनासो लिएर अर्थमन्त्रीलाई भेट्न पुगेका थिए। नीतिगत सुधार गरेर व्यवसायमैत्री वातावरण बनाइदिनुपर्ने उनीहरूको माग थियो। नाडा अध्यक्ष कृष्णप्रसाद दुलालका अनुसार अर्थमन्त्री खतिवडाले अटोमोबाइल क्षेत्रका समस्याबारे आफू जानकार रहेको बताउँदै पछिल्लो समय सवारी साधनबाट उठ्ने राजस्व पनि घटेका कारण व्यवसायीलाई राहत हुने गरी सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन्।

राष्ट्र बैंकका अनुसार व्यक्तिगत प्रयोजनका गाडी खरिदमा ५० प्रतिशत भुक्तानी गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी गाडीका साथै घर र अन्य कर्जाका लागि आम्दानीको ५० प्रतिशतभन्दा कम किस्ता रकम हुनुपर्छ। आम्दानी र कर्जाको अनुपात तोकिएपछि सवारी साधन मात्रै नभएर अन्य क्षेत्रको व्यवसायमा पनि असर परेको नाडा अध्यक्ष दुलाल बताउँछन्।

कर कार्यालयमा पेस भएको विवरणका आधारमा कर्जा पाउने व्यवस्थाले पनि बजारमा शिथिलता ल्याएको व्यवसायीको भनाइ छ। अहिले ऋण लिन कर चुक्ताको प्रमाणपत्र पनि अनिवार्य गरिएको छ। सरकारले गरेको नीतिगत कडाइ र परिवर्तनको परिणाम कर्जा प्रवाह नहुँदा वाणिज्य बैंकहरूमा पैसा थुप्रिएको छ।

नेपाल बैंकर्स एसोसिएसनका अनुसार अहिले बैंकमा १ खर्ब ७५ अर्ब रुपैयाँ छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा २ खर्ब ५७ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको थियो। चालू आर्थिक वर्षको सोही अवधिमा १ खर्ब ९७ अर्ब रुपैयाँ प्रवाह भएको छ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बैंकमा पैसा थुप्रिनु अर्थतन्त्रका लागि राम्रो संकेत नभएको बताउँछन्। "ढुकुटीमा रकम जम्मा भएर बस्नु भनेको आर्थिक गतिविधि घट्नु हो, उत्पादकत्वमा कमी आउनु हो," उनी भन्छन्, "यसले निजी क्षेत्र लगानी विस्तारमा उत्साहित छैन भन्ने बुझिन्छ।" एकै पटक भएका थुप्रै नीतिगत परिवर्तनले व्यवसायीमाझ अन्योल छाएको हुन सक्ने थापाको बुझाइ छ।

मुलुकमा व्यवसाय मात्रै होइन, बाह्य क्षेत्र स्थायित्वको प्रमुख स्रोत रेमिट्यान्स आप्रवाह पनि सकारात्मक छैन। चालू आवको पहिलो चौमासिकमा वैदेशिक रोजगारीमा जानेको संख्या ५.६ प्रतिशतले बढे पनि रेमिट्यान्स अघिल्लो वर्षको तुलनामा २.३ प्रतिशतले घटेको छ। राष्ट्र बैंकका अनुसार गत वर्ष पहिलो चौमासिकसम्म ३ खर्ब १२ अर्ब रेमिट्यान्स भित्रिएको थियो। यो वर्ष सोही अवधिमा ३ खर्ब ४ अर्ब आएको छ। रेमिट्यान्स घट्नु भनेको मुलुकमा विदेशी मुद्रा सञ्चितिमा असर पर्नु हो। सरकारले विदेशी मुद्रा सटहीमा कडाइ गरेपछि रेमिट्यान्समा प्रभाव परेको हुन सक्ने जानकारको भनाइ छ। अनावश्यक कडिकडाउले अनौपचारिक माध्यमबाट रकम

भित्रिएको हुन सक्ने व्यवसायीको आकलन छ।

चालू आवको पहिलो ६ महिनामा सरकारले राजस्व लक्ष्य पनि पूरा गर्न सकेको छैन। ५ खर्ब ३७ अर्ब रुपैयाँ राजस्व संकलन लक्ष्य राखेकामा लक्ष्य र असुलीको खाडल धेरै ठूलो छ। यो अवधिमा ४ खर्ब ५५ अर्ब मात्र राजस्व असुली भएको छ। चालू आवमा सरकारले ११ खर्ब १२ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। त्यसमध्ये कर राजस्व १० खर्ब र गैरकर १ खर्ब २ अर्ब रुपैयाँ संकलन गर्ने सरकारी योजना छ।

उद्योग वाणिज्य महासंघमा वरिष्ठ उपाध्यक्ष शेखर गोल्छा सरकारले आयात, कर्जालगायतमा गरेको कडाइका कारण त्यसको असर राजस्वमा देखिएको बताउँछन्। सन्दर्भ-मूल्यसम्बन्धी कानुनले कम मूल्य निर्धारणलाई रोक्ने हो भने निजी क्षेत्रले स्वागत गर्ने उनको भनाइ छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले निजी क्षेत्रप्रति देखाएको चासोले पनि बजारमा प्रभाव पारेको छ। विभागबाट पूर्वाग्रही ढंगले आफूहरूमाथि कारबाही हुन सक्ने निजी क्षेत्रको आशंका छ। निजी क्षेत्रले सम्पत्ति शुद्धीकरणसम्बन्धी व्यवस्था पूर्ण रूपमा लागू गर्नुअघि सम्पत्ति अभिलेखीकरणको अवसर पाउनुपर्ने माग गरेको छ।

निजी क्षेत्रका संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघलगायतले सम्पत्ति अभिलेखीकरणको माग गर्दै आए पनि सरकार भने मौन छ। सरकारले यस्तो अवसर नदिए अर्थतन्त्र थप गिजोलिने चेम्बर अध्यक्ष राजेशकाजी श्रेष्ठ बताउँछन्। "सम्पत्ति अभिलेखीकरणको मागमा सरकार मौन रहँदा लगानी वातावरण प्रभावित बनेको छ," उनी प्रतिप्रश्न गर्छन्, "लगानीकर्ता नै त्रासमा रहनुपर्दा बजारमा उत्साह कसरी देखिन्छ ?"

अर्थसचिव राजन खनाल भने कानुनसम्मत काम गर्ने उद्योगी/व्यवसायीलाई त्रसित नहुन आग्रह गर्छन्। "नीतिगत परिवर्तन सबैको सहजताका लागि हो," उनी भन्छन्, "विधिसम्मत र व्यवसायीमैत्री कानुन हुँदा सहज हुने उहाँहरूलाई नै हो।" पारदर्शिता तथा आन्तरिक र बाह्य लगानीकर्ताको विश्वास जित्न नीतिगत परिवर्तन आवश्यक परेको उनको धारणा छ।

अर्थतन्त्रको विस्तारका लागि लगानी, उपभोग, उत्पादन, रोजगारीलगायतका सूचकांक बलियो हुनुपर्नेमा अहिलेको अवस्था त्यस्तो देखिँदैन। सरकारी र निजी दुवै लगानी ओरालो बाटोमा छ। चालू आवको आधा वर्ष बितिसक्दासम्म सरकारी खर्च गत वर्षभन्दा कमजोर देखिएको छ। यो अवधिमा पुँजीगत खर्च कुल विनियोजित ४ खर्ब ८ अर्बमध्ये १३.७२ प्रतिशत मात्रै भएको छ।

विकास निर्माणको ठप्प प्रायः अवस्थाले निर्माण सामग्री उद्योगमा मन्दी छाएको छ नै, रोजगारीमा झन् ठूलो खाडल परेको छ। अर्थसचिव खनाल चर्चा गरिएजस्तो अर्थतन्त्र ओरालो गतिमा नहिँडेको बताउँछन्। "३ वर्षदेखि लगातार ७ प्रतिशत आर्थिक वृद्धि हासिल भएको छ," उनी भन्छन्, "आर्थिक गतिविधि सुस्त भएको भए यो सम्भव थिएन।"

उद्योगी/व्यवसायी भने सरकारले निजी क्षेत्रलाई विश्वास नगरेका कारण समस्या देखिएको बताउँछन्। महासंघका वरिष्ठ उपाध्यक्ष गोल्छा भन्छन्, "निजी क्षेत्रले इमानदार भएर काम गर्दा पनि केही अपवादलाई देखाएर सरकारले हामीलाई विश्वास गरेको छैन।"

आर्थिक विकास र समृद्धि खोजेको सरकारले आउँदो तीन वर्षमा दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ। पछिल्लो तीन आवमा लगातार ६ प्रतिशतमाथिको आर्थिक वृद्धिदरको लक्ष्य भेट्याएको सरकारले यो वर्ष ८.५ प्रतिशतको महत्त्वाकांक्षी लक्ष्य राखेको छ। तर आर्थिक सूचकांकले त्यस्तो संकेत दिँदैनन्। धानको उत्पादनमा आएको कमीले पनि सो लक्ष्य पूरा हुने सम्भावना न्यून छ।

अर्को कुरा, अबको २ वर्ष अर्थात् सन् २०२२ मा नेपाल अल्पविकसितबाट विकासशील राष्ट्रमा रूपान्तरण हुनुपर्नेछ। नेपालको सन् २०३० मा दिगो विकास लक्ष्य हासिल गर्ने र मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य छ। मध्यम आय भएको मुलुकका लागि न्यूनतम प्रतिव्यक्ति आय कम्तीमा ३ हजार ९ सयभन्दा बढी डलर हुनुपर्छ। त्यसका लागि प्रतिव्यक्ति आयमा मात्र तेब्बर वृद्धि आवश्यक छ। तर अर्थतन्त्रका सूचकांकमा देखिएको ओरालो गतिले यो लक्ष्य भेट्न सम्भव देखिँदैन। ने

"इमानदार भएर काम गर्दा पनि एकाध व्यवसायीलाई देखाएर सरकारले समग्र निजी क्षेत्रमाथि अविश्वास गरिरहेको छ।"

– शेखर गोल्छा
वरिष्ठ उपाध्यक्ष, उद्योग वाणिज्य महासंघ

दोहनपछि दरार

चुरेको ढुंगा तस्करीका कारण झापा र इलामको पालिकाबीच मनमुटाव

पर्वत पोर्तेल/काँकडभिट्टा

दक्षिणी इलामको रोङ गाउँपालिका वडा-६ को क्षेत्रभित्रै छ, चुरे । वातावरणीय दृष्टिकोणले चुरेमा उत्खनन गर्नै मिल्दैन । तर झापा मेची नगरपालिकाबासीले वर्षौंदेखि यो क्षेत्रका ढुंगा, गिटी र बालुवा उत्खनन गरिरहेका छन् ।

रोङले आफ्नो क्षेत्रको चुरे दोहन नगर्न पटक-पटक अनुरोध गरे पनि मेचीनगरबासीले मानेनन् । २६ पुसमा चुरे दोहन रोक्न गएका रोङबासी र प्रहरीलाई मेचीनगरका ट्याक्टर व्यवसायीले हातपातसमेत गरेपछि विवाद चर्कियो । फलतः २७ पुसमा रोङबाट बगेर झर्ने सिद्धिनहर सिँचाइ आयोजनाको मुहान बन्द गरियो । मेचीनगरबासीले पनि रोङतिर जाने सडक बन्द गर्ने धम्की दिए ।

"निषेधित चुरे क्षेत्रबाट ढुंगा तस्करी भयो । दोहन रोक्न आग्रह गर्दा नमानेपछि नहर बन्द गर्न बाध्य भयौँ," रोङ-६ का वडाध्यक्ष मणिकुमार स्याङ्वो (सुवास) भन्छन्, "यो घटनापछि मेचीनगर र रोङबीचको सम्बन्ध चिसिएको छ ।"

खासमा यी दुई पालिकाबीचको प्राकृतिक स्रोत प्रयोग गर्ने विषयले विवाद पैदा भएको थिएन । रोङको उद्देश्य प्राकृतिक स्रोत संरक्षण गरौँ भन्ने थियो । मेचीनगरको ध्येयचाहिँ स्रोत मास्ने । पालिकाबीच दरार उत्पन्न हुनुको मूल जड नै प्राकृतिक स्रोत संरक्षण गर्ने र मास्ने कुरा हो । "हामीले भविष्यलाई हेरेर चुरे दोहनबारे चिन्ता गरेका थियौँ," रोङ गाउँपालिका अध्यक्ष शमशेर राई भन्छन्, "तर मेचीनगरका साथीहरूलाई कुरा बुझाउनै गाह्रो ।"

नहर बन्द भएको नवौँ दिन दुवै पालिकाका जनप्रतिनिधि, जिल्ला समन्वय समिति, प्रहरी र प्रशासनबीच ६ माघमा छलफल भएको थियो, मेचीनगर-१ तिरिङ प्रहरी चौकीमा । छलफलका क्रममा दुई पक्षबीच चर्काचर्की नै भयो । ढुंगा तस्करीमा संलग्न स्थानीय दोहन गर्न पाउनुपर्ने अडानमा टसमस भएनन् ।

इलाम पक्षधरले चुरेबाट दोहन गरी तिरिङ बगरमा मौज्दात गरेको ढुंगा सहमतिमा जफत गर्नुपर्ने माग अघि सार्दा मेचीनगरका जनप्रतिनिधिले तीव्र विरोध जनाए । मेचीनगरका मेयर विमल आचार्यले भने, "चुरेकै ढुंगा भनेर पहिचान गर्न समस्या हुने कारण जेजति ढुंगा

∨ **मेचीनगरका ट्याक्टर व्यवसायीले चुरेबाट अवैध रुपमा संकलन गरेको ढुंगा**

तस्बिरहरू : पर्वत पोर्तेल

^ अनुगमन टोलीलाई चुरे दोहनबारे जानकारी गराउँदै रोङ गाउँपालिका- ६ का वडाध्यक्ष मणिकुमार स्याङ्बो

मौज्दात छ, त्यो मेचीनगरको हुन्छ। आइन्दा उत्खनन रोक्नेछौं।"

दुवै जिल्लाका जनप्रतिनिधि, समन्वय प्रमुख र प्रशासन प्रमुखबीचको छलफलपछि सहमति बल्ल जुट्यो । जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेल दुई पालिकाबीचको छलफलमा मेचीनगरले चुरेको ढुंगा उत्खनन निषेध गर्ने र रोङले नहर खोल्ने सहमति भएको सुनाउँछन् ।

सहमतिपछि ७ माघ बिहानदेखि नहर सुचारु भएको छ। मेचीनगर नगरपालिकाले वडा-१ मा प्रारम्भिक वातावरणीय मूल्यांकन (आईईई) गरी ठेक्का लगाएको सात सय मिटर भन्दाबाहेक उत्खनन गर्न नदिने, निषेधित चुरे क्षेत्रमा ट्याक्टर, टिपर र ट्रक प्रवेश गर्न नदिने र प्रवेश गरे वातावरण संरक्षण ऐनबमोजिम कम्तीमा ५ लाखसम्म जरिवाना गराउन दुवैतर्फका पालिकाले कारबाहीका लागि प्रशासनलाई पत्राचार गर्ने सहमति गरेका थिए । नदी उत्खनन रोक लगाएको समय र चुरे क्षेत्रबाट उत्खनन गरेर तिरिङ खोलामा भण्डारण गरेको ढुंगा नियन्त्रणमा लिई दुवै जिल्लाका संयुक्त प्रतिनिधिले अनुगमन गरी कानुनबमोजिम कारबाही अघि बढाउने सहमति भएको छ।

रोङ क्षेत्रको मात्रै हैन, झापा र इलामका अधिकांश सीमावर्ती क्षेत्रमा चुरे दोहन तीव्र छ। राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास बोर्डका अनुसार १ लाख ६० हजार ६ सय हेक्टरमध्ये १९ हजार १ सय २४ दशमलव ६ हेक्टर जमिन चुरेमा पर्छ । चुरे क्षेत्रमा करिब १ लाख ६९ हजार ९ सय ९ जनाको बसोबास छ।

मेचीनगर क्षेत्रमा ६ हजार ७ सय ६ दशमलव ६ हेक्टर जमिन चुरेमा पर्छ । बुद्धशान्तिमा ५ सय ५ दशमलव ३ हेक्टर, कन्काईमा २ हजार ३ सय ५७ दशमलव ९ हेक्टर, अर्जुनधारामा ४ हजार ८ सय २ दशमलव ५ र शिवसताक्षीमा १ हजार २ सय ९२ दशमलव ९ हेक्टर क्षेत्र चुरेमा छ।

चुरेमा नदीजन्य पदार्थ उत्खननमा पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। तर यी सबै क्षेत्रमा स्थानीय तहकै मिलेमतोमा अवैध उत्खनन भइरहेको पाइएको छ । बोर्डका अनुसार वातावरणीय दृष्टिकोणले उपल्लो तटीय क्षेत्र (चुरे) को विनासले तल्लो तटीय क्षेत्र (तराई, मधेस) मा प्रत्यक्ष प्रभाव पार्छ। यी दुवै क्षेत्र अन्तर्सम्बन्धित रहेकाले एकीकृत रूपमा व्यवस्थापन गर्न जरुरी रहेको बोर्डले जनाएको छ । सरकारले २ असार ०७१ मा चुरेलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरेको थियो।

झापाको बिरिङ नदीमा मापदण्डविपरीत उत्खनन हुँदा नदीको स्थायी सतह १० फिटसम्म गहिरिएको छ। बढीमा डेढ मिटरभन्दा गहिरो खन्न नपाइने मापदण्डको उल्लंघन गर्दै स्काभेटर प्रयोग गरी नदीको गर्भ अर्थात् 'रिभर वेड' नै खल्बल्याएर जथाभावी उत्खनन गरिएको हो।

नदीको स्थायी 'सिभर वेड' अर्थात् गर्भ नै खल्बल्याउने गरी भएको नदी दोहन वातावरणीय दृष्टिकोणबाट गलत भएको स्थानीय प्रकाश चौधरी बताउँछन्। "नदीमा थुप्रिएको नयाँ गिटी, बालुवा झिक्ने हो," चौधरी भन्छन्, "पुराना बचाएर राख्ने हो ।" उनका अनुसार बिरिङमा मान्छे डुब्ने खाल्डो बनाएर नदी दोहन भएको पाइएको छ। यसले गर्दा बर्खामा कटान, भूक्षय र पानीको स्रोत सुक्न सक्ने जोखिम छ।

मेचीनगर-१ र रोङ-६ को चुरे क्षेत्रमा भारतले समेत उत्खनन गरेको खुलेको छ। यो क्षेत्र नेपाल र भारतको दसगजा पनि हो। दसगजामा कुनै गतिविधि गर्न मिल्दैन। तर नेपालको कमजोर सुरक्षा उपस्थितिको फाइदा लिँदै भारतले खुलेआम नदीजन्य सामग्री उत्खनन गरिरहेको छ। नेपाली चुरे क्षेत्रका ढुंगा संकलन गरी भारतले बंगलादेश निर्यात गर्दै आएको छ। ने

कोरोनाको सन्त्रास

चीनको उहान प्रान्तबाट सुरू भएको भाइरसबाट विश्व नै चिन्तित

सुनिता लोहनी

चीनको उहान प्रान्तबाट फर्केका ३२ वर्षीय युवक श्वासप्रश्वासमा समस्या आएको र टन्सिल बढेको भन्दै टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल भर्ना भए, २९ पुसमा। ५ दिनको उपचारपछि अस्पतालले संक्रमित व्यक्तिको घाँटी र रगतको नमुना युनिभर्सिटी अफ हङकङ पठाएको छ।

ती युवक फर्केको उहान प्रान्त डेढ महिनादेखि कोरोनाभाइरसबाट प्रभावित छ। उहानबाट उड्ने हवाईजहाज र रेलयात्रा बन्द छ। प्रान्तवासीलाई अति आवश्यक कामबाहेक बाहिर ननिस्कन भनिएको छ।

अन्तर्राष्ट्रिय समाचार संस्था *अलजजिराका* अनुसार १ करोड १० लाख मानिस बस्ने सो प्रान्तमा कोरोनाभाइरसले महामारीको रूप लिएपछि विश्वव्यापी जोखिम बढेको छ। चीनमा यसबाट कम्तीमा १७ जनाको ज्यान गएको छ भने विश्वभरि ५ सय ७१ संक्रमित भइसकेका छन्। कोरोनाभाइरसको नाम २०१९-एनसीओभी राखिएको छ। केही विशेषज्ञले यो भाइरस सार्स र मर्सजस्तो भयावह नभएको दाबी गरेका छन्।

कोरोनाभाइरस रोक्न जापान, दक्षिण कोरिया, थाइल्यान्ड, सिंगापुर, मलेसिया र अमेरिकाले थर्मल स्क्रिनिङ सिस्टम राखिसकेका छन्। नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्यसम्बन्धी हेल्थ डेस्क भए पनि 'थर्मल स्क्रिनिङ सिस्टम' छैन।

महामारी र रोग नियन्त्रण विभागअन्तर्गतका जेनेटिक र अन्य सरुवा रोग नियन्त्रण शाखाका प्रमुख डा हेमन्तचन्द्र ओझाका अनुसार हेल्थ डेस्क इबोला भाइरसको महामारी फैलिँदादेखि नै राखिएको हो। भन्छन्, "हेल्थ डेस्कमा विशेषज्ञ चिकित्सक र उपकरण छन्।"

विश्व स्वास्थ्य संगठनका अनुसार भाइरस समूहमा ६ वटा प्रजातिका भाइरस सूचीकृत छन्। तर चीनमा देखिएको भाइरस नौलो हो। जनावरबाट मानिसमा सरेको मानिएको यो सरुवा रोग हो। सन् २००२ मा देखिएको सार्स भाइरसले ७ सय ५० को ज्यान लिएको थियो।

सन् २०१२ मा फैलिएको मर्स भाइरस अझै नियन्त्रणबाहिर छ। यी दुवै भाइरस चीनबाट फैलिएका हुन्। सार्स बिरालोबाट मानिसमा र मर्स ऊँटबाट मान्छेमा संक्रमण भएको हो।

कोरोनाभाइरसको उद्गमबिन्दु भने उहान प्रान्तको सी फुड (समुद्री खाना) मार्केट मानिएको छ। उहान नगरपालिका स्वास्थ्य आयोगका अनुसार १५ चिनियाँ स्वास्थ्यकर्मी कोरोनाबाट संक्रमित भएका छन्। आयोगले २७ वटा निमोनियाका बिरामी हेरेकामा सबैलाई सी फुडसँग जोडिएको थियो। त्यसको भोलिपल्ट उहान सिफुड मार्केटलाई भाइरस प्रभावित क्षेत्र भन्दै बन्द गरियो।

उहान प्रान्तले कोरोनाबाट प्रथम बिरामीको २६ पुसमा मृत्यु भएको खबर सार्वजनिक गऱ्यो। २९ पुसमा थाइल्यान्ड र २ माघमा जापानले कोरोनाभाइरस संक्रमितबारे जानकारी दिए। यी दुवै व्यक्ति उहानबाट फर्केका थिए भने जापानी नागरिक सी फुड मार्केट गएका थिएनन्। ५ र ६ माघमा चीनका सेनजेन, बेइजिङजस्ता सहरमा कोरोनाभाइरसको संक्रमण फैलिइसकेको थियो।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगले कोरोनाभाइरस श्वासप्रश्वासबाट सर्न सक्ने र महामारीको रूपमा फैलिन सक्ने चेतावनीसमेत दिएको छ। कोरोनाभाइरसका ८० प्रतिशत लक्षण सार्ससँग मिल्ने स्वास्थ्य अधिकारीले बताएका छन्।

नेपाल भ्रमण वर्षका सन्दर्भमा छिमेकी भारत र चीनबाट अधिक पर्यटक भित्र्याउने लक्ष्य छ। २० लाखमध्ये साढे ३ लाख चिनियाँ पर्यटकलाई यसै वर्ष ल्याउन चाहन्छ। तर मुलुककै एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलमा अनिवार्य थर्मल स्क्रिनिङ सिस्टम नहुँदा थप चुनौती बढेको छ।

कोरोनाभाइरस नियन्त्रण तथा रोकथाम गर्न कुनै भ्याक्सिन या औषधी बनेको छैन। भाइरसबारे शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका कर्मचारीलाई तालिम दिइएको छ। अस्पतालका प्रवक्ता डा अनुप बाँस्तोला सतर्कताका लागि नाका-नाकामा निगरानी बढाउनुपर्ने बताउँछन्। भन्छन्, "विदेशबाट फर्केकालाई क्वारेन्टाइन गर्नु आवश्यक छ।" ने

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np
नेपाल
राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

बदलिँदो नेपालको
'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरूलाई समेटेर साप्ताहिक रूपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो। ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं।

प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस्।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

रङ

बसन्त बस्नेत

चिनियाँ नयाँ वर्षका दिन भारत पुगेर नेपालसम्बन्धी पुस्तक विमोचन गर्ने मनसुबा छ, सुजीव शाक्यको । काठमाडौंमा अघिल्लो साता विमोचित *अनलिसिङ द वज्र : नेपाल्स जर्नी बिटविन इन्डिया एन्ड चाइनालाई* उनी अनलिसिङ नेपालको सिक्वेल भन्न रूचाउँछन् । नेपाली अर्थतन्त्रको झन्डै एक सहस्राब्दीलाई सिंहावलोकन गरिएको यो पुस्तक पहिलेकै प्रकाशनगृह पेन्गुइनले बजारमा ल्याएको छ ।

पछिल्ला वर्षहरूमा सुजीवको साथसंगत चिनियाँसित बाक्लिएको थियो । हिमालयन कन्सेन्ससमार्फत उनी सक्रिय हुंदै थिए । भोट पुगेर व्यापार गर्ने नेवार व्यवसायीको कथा खोज्दै जाँदा अनि बेल्ट एन्ड रोड इनिसियटिभजस्तो पुरानो रेसममार्ग ब्युँताउने महत्त्वाकांक्षी चिनियाँ परियोजनाबारे छलफल गर्न थाले । नेपाली विकासको प्रक्रियासँग इतिहास र वर्तमानका सम्बन्धलाई कसरी उपयोग गर्न सकिएला भन्नेबारे गम्न थाले । यो पुस्तक लेख्न त्यसले मद्दत पुऱ्याएको उनको भनाइ छ ।

कसैले बढ्तै सकारात्मकतावादी पनि भनिदिन सक्छ, सुजीवलाई । किनकि यसअघि उनले लेखेको *अर्थात् अर्थतन्त्र* होस् या *अनलिसिङ नेपाल* दुवैको उद्देश्य नेपालबारे संसारलाई चहकिला धारणा सुनाउनु थियो । उनी परे शब्दहरू जोडजाड पारेर 'क्याचफ्रेज बनाउन माहिर । लेख्छन्, 'यहां मापसे शब्द धेरै चल्यो । देशलाई चाहिएको त कृजपसे पो हो- कृषि, जलविद्युत्, पर्यटन र सेवा ।'

कोलम्बिया र बोस्टन युनिभर्सिटी पढेर फर्केका सुजीवले सोल्टी ग्रुपमा प्रभाकरशमशेर राणासित नजिकै बसेर काम गर्ने मौका पाए । भोटेकोसी पावर कम्पनीको व्यवस्थापनमा रहे । अहिले काठमाडौंमा अन्तर्राष्ट्रिय आयतनको व्यवस्थापन परामर्श कम्पनी 'बिड' चलाइरहेका छन् । काठमाडौंमा अन्तर्राष्ट्रिय स्तरका सेमिनार चलाउने अनि यस्तै विषयमा देशविदेश चहार्ने उनको व्यस्तताको अर्को पाटो ।

"ठूला कुरै धेरै भए क्या, सानो-सानो चीज गरेर देखाउनुपऱ्यो । सबैले घरआँगन सफा राखे देश राम्रो बनाउन सहयोग पुग्दैन र भन्या !" सुजीव आफ्नो पुस्तक *अनलिसिङ द वज्र*बारे बोल्छन् । यो पुस्तक विमोचनको मञ्चमा मन्त्री, नेताहरू देखिएनन् । उनले मञ्चमा शृंखला खतिवडा, दिभा श्रेष्ठ, पावन माथेमा, तेजस्वी भट्टराई, शब्द ज्ञवालीजस्ता सम्भावना बोकेका युवालाई उतारे । रामशरण महत, गोकर्ण विष्टलगायत चाहिं दर्शकदीर्घामा ।

यो पुस्तकको अन्तर्राष्ट्रिय विमोचन जयपुर लिटरेचर फेस्टिभलमा हुंदै छ, जहां भूराजनीतिक अर्थतन्त्रबारे लेखेर पछिल्लो समय चर्चामा आएका ब्रुनो माकाइस उनीसँग संवादमा हुनेछन् । जयपुर लिटफेस्टकै अर्को सत्रमा उनी शिवशंकर मेनन, श्यामशरणलगायत भारतीय कूटनीतिज्ञसित संवाद गर्नेछन् ।

पहिलेका दुई पुस्तकभन्दा के फरक छ त यो पुस्तकमा ? उनी भन्छन्, "*अनलिसिङ नेपाल* लेख्दै गर्दा नेपाललाई लगानी र व्यवस्थापन चाहिएको हो, यो नभएर हामी पछि परेको हो भन्ने मेरो निष्कर्ष थियो । अहिले १० वर्षको पछिल्लो परिवर्तन हेर्दा मलाई लाग्यो, हामीसँग अब डिग्री, बुद्धि भएका मानिसको कमी छैन । तर सामाजिक परिवर्तनको सोच अझै पनि बिस्तार हुन बाँकी रहेछ ।"

१० वर्षको गणतान्त्रिक संक्रमण र योसँगै फेरि चलायमान हुन खोजेको अर्थतन्त्रबारे सुजीवका आफ्नै बुझाइ छन्, जसलाई उनले करिब ९ सय वर्षको नेपाली आर्थिक इतिहाससँग तुलना गर्न खोजेका छन् । योबीचमा अभूतपूर्व सूचना क्रान्ति, इन्टरनेटले ल्याएको परिवर्तन देख्दा आफैं चकित पर्छन् । "भूपरिवेष्ठित देश हुनुको पीडा भोगेर आयौं, अब भूजडित छौं भन्ने नयां सोच विकास हुंदै छ," उनी भन्छन्, "मेरो पुस्तकले ३ करोड जनसंख्या भएको विशाल देशका सम्भावना र समस्याबारे सविस्तार चर्चा गर्छ ।"

उनले बताएका मुख्य समस्या छन्- यहां इन्ट्रप्रेनरको उपयोगिता कम देख्ने चलन बस्यो । त्यो ठाउँ डोनरप्रेनर र कार्टेलप्रेनरले खाइदिए । उनको भनाइमा एफडीआई (प्रत्यक्ष वैदेशिक लगानी) सहजै आउन नदिने, लाइसेन्समा खेल्ने, आफू मिहिनेत नगर्ने, सानोतिनो काम गर्न पनि दातासितै पैसा माग्ने मानिसले रजगज गरे । दुःखचाहिं देशले बेहोर्नुपऱ्यो ।

विदेशमा अध्ययनका लागि भनेर अर्ब रूपैयाँभन्दा बढी गइरहेका पैसा अनि शिक्षितमा डिभी चिठ्ठा पारेर अमेरिका उड्ने लालसालाई उनले आगामी दिनमा देशले हासिल गर्न बाँकी समृद्धिको बाधकका रूपमा चित्रित गरेका छन् ।

राजाको व्यवस्था हटिसक्दा पनि नेपालीमा सामन्तवादकालीन सोच अझै बाँकी देखिएको उनको तर्क छ । "मञ्चमा टन्न मान्छे राख्ने, खादा सत्कार, ठाँटबाटका यस्ता गतिविधिले हामीमा परिवर्तन आइसकेको छैन भन्ने देखाउँछन् । मेरो पुस्तकमा यस्तै विषय लेखिएका छन्," उनी भन्छन् ।

अर्थात्, कुनै बेला बढ्तै सकारात्मकतावादी देखिने सुजीवमा अब भने आलोचनात्मक धारणाले बास गर्न थालेको हो त ? यो बुझ्नचाहिं सिंगै पुस्तक पढ्नुपर्ला । ने

तस्बिरहरू : *सुजीवशाक्यडटकम*



अर्थात् सुजीव शाक्य

के छ र जिन्दगी !

राजकुमार बानियाँ

'मलाई बाबुआमाले दिएको नाम चाँदनी हो । विवाह भएर दरबार भित्रिएपछि मलाई ऐश्वर्य भनेर बोलाउन थालियो । पम्फा मेरो नाम होइन । ममाथि लगाइएका कपोलकल्पित आरोपहरू कहाँ गएर प्रतिवाद गर्ने ?'

कवि कालीप्रसाद रिजालको जीवनकथा *काँडामा हाँसेको जिन्दगी*मा अप्रत्याशित अध्याय छ, रानी ऐश्वर्यको आँसुमय प्रश्नसहितको । त्यतिबेला भरखरै बहुदलीय व्यवस्था बहाली भएको थियो । जनआन्दोलनका क्रममा रानीलाई स्विस बैंकमा पम्फा ठकुरीका नाममा पैसा राखेको भनी बदनाम गरिएको थियो ।

सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्की अध्यक्ष रानीको बिदाइ बैठकमा पूर्वसदस्यसचिवको हैसियतमा पुगेका थिए, रिजाल । अन्तरिम सरकारका मन्त्री नीलाम्बर आचार्य उपस्थित त्यो बिदाइको ३० वर्षपछि उनले रानीको दुखेसोलाई जीवनकथामा समेटेका छन् ।

काँडामा हाँसेको जिन्दगी खासमा कवि रिजालको आत्मकथा हो । तर तीन अध्याय दरबारकै लागि छुट्याएका छन् । नेपाली बजारमा दरबार बिकाउ माल भएको बुझेर होला, उनले १९ जेठ ०५८ मै आफ्नो जीवनकथा टुंग्याइदिएका छन् । यस अर्थमा उनी पाठकमैत्री त भएका छन् तर निजी कथाप्रति निस्पृह ।

परिषद्मा चार वर्ष रानीको सान्निध्य पाएका रिजाल पुरूषवादी सोचका आलोचक छन् । बुद्धपत्नीबारे लेखिएको गीतिकाव्य *यशोधरा* पढ्दा उनको नारी संवेदनशीलता थाहा हुन्छ । *रामायण*जस्तै 'सीतायन' लेखिनुपर्ने धारणा राख्ने कविहृदय आफ्नै आमाप्रति किन नपोखियोस् ? इन्सोम्निया र हिस्टेरिया रोगी आमालाई व्यथाले च्याप्दा कुटपिट गरी कोठाभित्र थुनिंदो रहेछ । उनी कोठाको झ्यालबाहिर बसेर हेरिरहँदा रहेछन् । उनले काव्य प्रेरणा नै आमालाई मानेका छन् ।

त्यसो त रिजाल रानी ऐश्वर्यका प्रसंगमा एकतर्फी लाग्दैनन् । ढाकीबाट दुइटा आँप झिकेको निहुँमा सुसारेको जागिर खाइदिएको, वीर अस्पतालमा पहिलो प्रसूति गराउँदा तीन-चार वटा थाङ्ना हराउँदा बबन्डर मच्चाएको, ०४५ को भूकम्पमा मदर टेरेसालाई सेवाकार्य गर्न अनुमति नदिएको, अनावश्यक नियन्त्रणका कारण दीपेन्द्र झन् अराजक भएको आदि दृष्टान्त पनि राखेका छन् ।

रिजालले अलच्छिनी भनेको गीत 'झन्यो जिन्दगी, टुट्यो जिन्दगी' को अन्तराबाट लिइएको हो, काँडामा हाँसेको जिन्दगी । उनी नियतिको लछारपछारमै देखिन्छन् । धरानको नयाँबजार सिरानको घरमा परिवारको काइँलो छोराका रूपमा जन्मेका उनको बाल्यकाल रवीन्द्रनाथ टैगोरको कथा 'होम कमिङ' को पात्र क्षितिज चक्रवर्तीसँग मिल्दोजुल्दो छ ।

डेकोटा जहाजमा काठमाडौं पस्छन्, ०१३ मा । लेखनाथ, देवकोटा, सम, सिद्धिचरणको सम्पर्कमा पुग्छन् । बनारसमा साहिर लुधियानवी, फिराक गोरखपुरी, शमशेरबहादुर, नागार्जुनलाई सुन्छन् । २४ वर्षको उमेरमा धनकुटा डिग्री कलेजको प्रिन्सिपल हुन्छन् । भलै पत्नी अजिताको पढाइ अघि बढाउन सक्दैनन् ।

कविता सुनाएर राजा महेन्द्रबाट भूमिसुधार अधिकारीको नियुक्ति पाउँछन् । हाकिमी आवरण दिन जुँगा पाल्छन्, धाकरवाफ देखाउँछन् । यी जेबीआर (जाँचबुझ केन्द्र रिटर्न) ले तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रका कारण नेपाल वायुसेवा निगमको अध्यक्ष र महाप्रबन्धक हुन पाउँदैनन् । जीवनलाई संघर्ष र सम्झौता ठान्छन् ।

नारायणगोपाल, बासु शशी, तीर्थराज तुलाधर, कृष्णबम मल्ल आदिका घतलाग्दा प्रसंग छन्, किताबमा । नारायणगोपालले आँखा छोपी नरोऊ भनी… र झरेको पातझैं भयो… गाएपछि प्रशंसा पाएका उनलाई खेद छ, संगीत सिक्ने इच्छा अधुरै छ ।

सिर्जनाले निन्दा पनि निम्त्याउँछ । मुटुमाथि ढुंगा राखी… व्यवस्थाविरोधी भन्दै फाँसीको सजाय दिनुपर्ने बिन्तीपत्र हालिन्छ । गाईजात्रामा कविता पाठ गर्दा झन्डै खोसुवा भएन जागिर । कतिपय शंका गर्छन्, रिजालले थमौतीका लागि अर्को कविता लेखेका हुन् । दिल्लीस्थित दूतावासको सांस्कृतिक सहचारी हुन पाउँदैनन् । युएनको छात्रवृत्तिमा अमेरिका जाँदा एक वर्ष बिदा नथपिँदा उनको पीएचडी सकिँदैन । खुला प्रतियोगिताबाट सहसचिव भई कार्यवाहक सचिवसम्म सम्हाल्छन् ।

'यसैगरी बिताइदिन्छु, दुई दिनको जिन्दगी', 'के छ र जिन्दगी बिताइदिन्छु' जस्तो कविताका संवेदनशील सर्जक रिजाल कुनै बेलाका वामपन्थी रहेछन् । तर पञ्चायतकालमा दाजु चिरञ्जीवीप्रसाद कांग्रेस भएकाले शंकाको घेरामा पर्छन् भने कांग्रेसको पालामा दरबारिया भनी पजनीमा पर्छन्, ०४८ मा ।

रूचिकर हुंदाहुंदै पनि किताबमा केही गडबडी छन् । बाल्यकाल खण्डमा आमाको मृत्यु (०४७) प्रसंग परेको छ । आत्मालोचनाको पाटो लगभग खाली छ । पुनरूक्ति टनाटन छ । एउटै कुरा दस पटकसम्म कसरी पढ्ने ? रिजालले सम्पादक पाएनन् जस्तो छ । ने



काँडामा हाँसेको जिन्दगी
लेखक : **कालीप्रसाद रिजाल**
प्रकाशक : **पब्लिकेसन नेपालय**
पृष्ठ : ३५७
मूल्य : ५९५ रुपैयाँ

तीन किताब

दोभान राई | अनुसन्धाता



पुरूषप्रधान परिभाषा

प्रत्येक कृति आफ्नै समयमा बाँचेको हुन्छ । ७० वर्षअगाडिको समाजमाथि लेखिएकाले कति कुरा अहिले अपूरो र असान्दर्भिक लागे पनि मेरा निम्ति पहिलो नारीवादी घोषणापत्र हो, **द सेकेन्ड सेक्स** । इन्जिनियरिङकी विद्यार्थी मलाई लाग्थ्यो, विश्व बौद्धिक-इतिहासमा महिला कहाँ छन् ? केही नामबाहेक संसार प्रसिद्ध प्रतिभाशाली महिला भेट्न मुस्किल समयमा यो किताबले एउटा अद्वितीय बौद्धिक महिलासँग चिनापर्ची गराइदियो । आफ्नै पहिचान खोजिरहेका बेला मेरा शंका र भ्रम नामेट पार्न सहयोग गर्‍यो, सिमोन दि बुभाएरको किताबले । यसले मनो-सामाजिक आयाम बुझ्न दार्शनिक र सैद्धान्तिक ढाँचा दिनुका साथै उच्च बौद्धिक महिलालाई समेत विश्वमञ्चमा उक्लिन नदिने तगारा नजिकबाट देखाइदियो ।

अस्तित्ववादलाई नारीवादसँग विस्तारित गर्दै बुभाएर भन्छन्, 'पुरूषद्वारा परिभाषित यो मानव-समाज पुरूषप्रधान हो भने महिला अन्य पात्र मात्रै हुन् ।' जबसम्म महिला पुरूषको परिभाषामा कैद हुन्छन्, तबसम्म अन्य नै हुन्छन् । र, आफ्नो पहिचानको अनुभवपरक प्रधानता स्थापित नगर्दासम्म उनीहरू केवल दोयमका लागि संघर्ष गरिरहेका हुन्छन् । 'अन्य' को अवधारणाले लैंगिक मुद्दा मात्रै होइन, उत्पीडनका अरू सम्बन्ध बुझ्न पनि मद्दत गर्‍यो । सिनेमाहरूमा चित्रित आदिवासी समुदायको छवि मलाई निकै असहज लाग्नुको कारण पनि बुझेँ ।

मानव उपलब्धिलाई केन्द्रमा राखुन्जेल पुँजीवादी भौतिक उपलब्धि या अस्तित्ववादीहरूको श्रेष्ठताको खोजीमा हाम्रो दार्शनिक बुझाइ अपूरो हुन्छ । नारीवादी दर्शन सिमोनसम्म आइपुग्दा पनि पूर्ण भएको छैन । संसार बदल्नुअघि पुरूष एकाधिकार बुझ्नु आवश्यक छ । संसारलाई जित्नुभन्दा बचाउनु आजको परम प्राथमिकता हो । साँचो क्रान्तिका लागि संसारलाई पुनः परिभाषित गर्नुपर्छ भन्ने सिमोनको सन्देश आज पनि उत्तिकै सान्दर्भिक छ ।

विवेकको पहुँचभन्दा बाहिर दिमाग छ भन्ने स्थापित गरिदिए, सिग्मन्ड फ्रायडले । तर अवचेतनमा गढिएका कुरूप र अनियन्त्रित विचारबाहेक दैनिक निर्णयमा एकदम विवेकी र तर्कसंगत ठान्छौँ । बजारमुखी नवउदारवादी मान्यतालाई वैज्ञानिक सत्यजस्तै अघि सारिएपछि समाजवादी, पर्यावरणवादी, नारीवादीलाई निराधार आदर्शकृत भावनामा बहकिएका अज्ञानीको संज्ञा दिइयो । नवउदारवादको श्रेष्ठता स्थापित गर्न मानव विवेकशील निर्णयकर्ता हो भन्ने पूर्वधारणालाई आधारभूत सत्यको रूपमा स्थापित गरियो । यही स्थापनालाई भत्काइदिएको छ, डेनियल कनेम्यानको **थिङ्किङ फास्ट एन्ड स्लो**ले । लामो समाजविज्ञानी अध्ययनका आधारमा यो किताबले भन्छ, 'मान्छे विवेकरहित प्राणी हो ।' विवेक प्रयोग गर्ने क्षमता भएर पनि संज्ञानात्मक पूर्वाग्रहको चेपुवामा परी हामी विपरीत निर्णय लिइरहेका हुन्छौँ । साधारण जनता मात्र होइन, विज्ञहरू पनि प्रणालीगत रूपमै निर्णयात्मक त्रुटि गर्छन् । वरपरको परिवेशबाट प्रभावित भएर सजिलै कसैको कठपुतली भइसकेको हामीलाई हेक्कै हुँदैन । यो कुरा थुप्रै विद्वान्ले भन्दै आए पनि *थिङ्किङ फास्ट एन्ड स्लो*ले लामो वैधानिक अध्ययनबाट पुष्टि नै गरिदियो । हाम्रो सेरोफेरोलाई परिवर्तन गर्ने अनेक उपाय बजारसँग छन् । हाम्रो वैचारिक स्वतन्त्रताबारे सचेतनाको सुरुआत आफ्नै मस्तिष्कको कमजोरी र सीमितताको महसुसबाट हुनुपर्छ । मानव मस्तिष्क र पुँजीवादी बजारलाई अनावश्यक विश्वास गर्दा आज यो स्थितिमा आएका छौँ । जलवायु परिवर्तनले हाम्रो अस्तित्व संकटग्रस्त भएपछि पछिल्ला इतिहासकारले बारम्बार चेतावनी दिएका छन्, 'बजार र कृत्रिम विद्वतायुक्त मेसिनले तथ्य-तथ्यांक लिएर मानिसले भन्दा अझै प्रभावकारी निर्णय लिनेछ ।' हाम्रो निर्णयाधिकार बजारका मेसिनलाई दियौँ भने कालान्तरमा मानव पहिचानमै गम्भीर प्रश्नचिह्न उठ्न सक्छ ।

मलाई नेपाली भाषाको स्वादिलो लेखनसँग अविस्मरणीय परिचय गराउने पहिलो पुस्तक हो, **विम्ब-प्रतिविम्ब** । शंकर लामिछानेलिखित यो किताबमा दिग्गज लेखक, कलाकार, संगीतकार, राजनीतिज्ञहरूबारे अनौपचारिक शैलीमा मौलिक, रंगीन र सजीव चित्रण गरिएको छ । यसलाई जीवनीपरकभन्दा पनि मनोवैज्ञानिक अन्वेषण र असाधारण व्यक्तित्वको प्रशंसनीय तस्बिर भन्नु उपयुक्त होला । अनेक जीवनीमा लक्ष्मीप्रसाद देवकोटा महिमासँग जम्काभेट भए पनि उनको विलक्षणतालाई भित्रैदेखि महसुस गर्ने मौका यही किताबबाट पाएँ । लामिछाने आफैँ पनि *विम्ब-प्रतिविम्ब* युगका एक विम्ब हुन् । त्यस युगमा आधुनिकता र अस्तित्ववाद सँगसँगै आए ।

नेपालको पहिलो आधुनिक युवा पुस्ताको मानसिकता, आधुनिकीकरणको प्रतिक्रिया, अस्तित्ववादसँगै उठेका विरोधाभास र सन्दिग्धतासँग खेल्दाको चिन्तन र त्यसका जटिलताले लेखाइमा अनौठो सौन्दर्य प्रदान गर्‍यो, सायद । एकातिर संसार जित्ने महत्त्वाकांक्षा उदीयमान छ, अर्कोतिर मानवीय आत्मसमर्पण र निरीहताको गहिरो बुझाइ । त्यसबीच कलात्मक तरंगसहित बगेको छ, वैचारिक चञ्चलता । यसमा लेखन शिल्प मात्र होइन, मानव जगतलाई हेर्ने दृष्टि र स्वबोधतामा आनन्दित हुने नयाँ क्षितिज देखेँ । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

अलमलमा क्यान

नयाँ पदाधिकारीबीचमै एकअर्काप्रति अविश्वास

पवन आचार्य

मलेसिया ११ र क्यान प्रेसिडेन्ट ११ बीच जनवरी २०, २१ र २३ मा ३ म्याचको क्रिकेट सिरिज पोखरामा हुने तय थियो। त्यसका लागि दुवै टोली पोखरा पुगिसकेका थिए। तर आयोजक नेपाल क्रिकेट संघ क्यान सिरिज हुनेमा आफैं ढुक्क थिएन।

कतिसम्म भने, खेल हुने अघिल्लो दिनसम्म पनि क्यानका सचिव अशोकनाथ प्याकुरेल विश्वस्त हुन सकिरहेका थिएनन्। मौसमी प्रतिकूलताले खेल हुन नसक्ने उनले लख काटे। "टिमहरूले अभ्याससमेत गर्न पाएका छैनन्। पिच पनि ठीक छैन। भोलि खेल हुनेमा शंका छ," उनले ५ माघमा सुनाए। तर क्यान अध्यक्ष चतुरबहादुर चन्द सिरिज समयमै सम्पन्न हुनेमा ढुक्क देखिए। भन्छन्, "अमेरिका, ओमान र नेपालबीचको त्रिकोणात्मक सिरिजअघिको म्याच भएकाले तयारी पनि राम्रै छ। मलेसियाली टिमसँग नेपालले एक्सपोजर म्याच खेल्छ। सिरिज नहुने भन्ने कुरै छैन।"

नभन्दै अध्यक्ष चन्दकै कुरा सही ठहरियो। नेपालले जनवरी २० र २२ मा खेलेको दुवै म्याच जित्दै एक खेलअगावै सिरिज आफ्नो पक्षमा पार्‍यो। मलेसियासँगको सिरिज पनि सकियो। तर यही सिरिजबाट झन्डै चार महिनाअघि निर्वाचित क्यान कार्यसमितिको पुरानो टिमभित्र नयाँ दरार भित्रियो। अध्यक्ष चन्द काठमाडौंबाहिर रहने भएकाले समन्वय अभाव हुने भन्दै सचिव प्याकुरेलले आफू निकटकासँग मात्रै सल्लाह गरेर अघि बढ्न खोजेको आरोप छ। उपाध्यक्ष राजुबाबु श्रेष्ठ र बाग्मती प्रदेशका सदस्य अमीरवीर पाण्डे सचिव प्याकुरेल निकट छन्। कोषाध्यक्ष रोशनकुमार सिंह, सुदूरपश्चिम प्रदेश सदस्य विक्रम विष्ट, प्रदेश ५ का प्रशान्त मल्ल, कर्णाली प्रदेशका पदम खड्कालगायत अध्यक्ष चन्दको पक्षमा छन्।

क्रिकेटको सर्वोच्च निकाय आईसीसीले ससर्त निलम्बन फुकुवा गरेपछि क्यानको हातगोडा केही बाँधिएका छन्। उसले आफूखुसी कार्यक्रम सञ्चालन गर्न पाउँदैन। आर्थिक पाटोमा पनि आईसीसी बढी हावी हुन्छ। पहिले हातगोडा खुकुलो पार्ने कि कार्यक्रम लागू गर्ने भन्नेमा पनि क्यान पदाधिकारीबीच मतैक्य छैन।

चार वर्षसम्म क्यान निलम्बन हुँदा नेपालको क्रिकेट विकासको गति रोकिएको थियो। समग्रमा नेपालमा घरेलु क्रिकेट ब्रह्मनालमा पुगेसरह थियो। क्रिकेटमा सरोकार राख्नेहरू भन्ने गर्थे, 'क्यान निलम्बनमा छ। त्यसैले क्रिकेटको विकास पनि रोकियो।' अवस्था कतिसम्म दुरुह थियो भने अन्तर्राष्ट्रिय प्रतियोगिताअघि बन्द प्रशिक्षण राख्न पनि आईसीसीको पूर्वस्वीकृति लिनुपर्थ्यो। यस्तोमा घरेलु प्रतिस्पर्धा हुने त कुरै भएन। प्रतियोगिता नै आयोजना नभएपछि नयाँ खेलाडी जन्मिएनन्। ट्रायलबाट टिम छनोट गर्नुपर्ने अवस्था आउँदा नयाँ अनुहारले टोलीमा प्रवेश पाउने सम्भावनै भएन। हातमा गन्न मिल्ने खेलाडीमध्येबाट टोली छान्नुको विकल्प थिएन।

अहिले अवस्था केही बदलिएको छ। ससर्त भए पनि क्यानमाथिको निलम्बन फुकुवा भएको छ। आईसीसीका अनुसार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को रोहवरमा भएको निर्वाचनबाट क्यानको नयाँ कार्यसमिति चुनिएको छ। निर्वाचित कार्यसमितिले आफूहरू नयाँ सोच र शैलीका साथ अघि बढ्ने उद्घोष पनि गरेको थियो। तर ३ महिने हनिमुन समय कटिसक्दा पनि नेपालमा क्यान छ भन्ने आभास दिने काम हुन सकेको छैन। क्रिकेटमा पुरानै मान्छे भए पनि नयाँ टिमको रूपमा आएको क्यानसँग अब के गर्ने भन्ने स्पष्ट कार्ययोजना अभाव देखिएको छ। कतिसम्म भने क्यानले यसबीचमा प्रशासनिक काम गर्न आफ्नो कार्यालयलाई समेत व्यवस्थित गर्न सकेको छैन।

नेपाली टोलीका पूर्वकप्तान पवन अग्रवाल निलम्बन फुकुवा भइसके पनि क्यान पुरानै अवस्थाको रहेकाले काम गर्न चुनौतीपूर्ण हुने स्वीकार्छन्। भन्छन्, "जे काम गर्न पनि आर्थिक पाटो पहिले सबल हुनुपर्छ। अहिले आईसीसीले आर्थिक पाटोमै क्यानलाई नियन्त्रणमा राखेको

दीपक परियार

< पोखरामा मलेसियाविरुद्ध नेपाल

छ। तर बितेको ३ महिनामा आईसीसीसँग सम्बन्ध सुमधुर बनाएर निलम्बन फुकुवा गर्दा राखेका सर्तलाई पनि फुकुवा गर्न पहल गर्नुपर्थ्यो। यसमा क्यान चुकेको छ।"

११ असोजमा विशेष साधारणसभामार्फत चुनिएको क्यान नेतृत्वले गरेको पछिल्लो निर्णय भनेकै राष्ट्रिय टोलीको छनोट र ज्ञानेन्द्र मल्ललाई कप्तानको जिम्मेवारी दिने काम मात्रै हो। अध्यक्ष चन्द त्यसलाई मान्दैनन्। भन्छन्, "हामीसँग जादूको छडी छैन। कार्यसमितिकै बैठक दुई पटक मात्रै बसेको छ। चाडवाड पनि परे। एक महिना त सागकै तयारीका लागि लाग्यो। संघलाई कसरी व्यवस्थित गर्ने भन्नेमा ध्यान केन्द्रित गरेका छौँ। प्रायोजकसँग कुरा भइरहेका छन्। देखिने गरी काम नभए पनि हामी चुप लागेर बसेका छैनौँ।'

उनले यसो भनिरहँदा क्यानको विधानमै उल्लेख भएको प्रबन्ध निर्देशक, वित्त व्यवस्थापक र अन्य प्रशासनिक कर्मचारीसमेत राख्न सकेको छैन। वार्षिक क्यालेन्डर बनाउनमै अलमलिएको क्यान नेतृत्वसँग ५ वर्षभित्र के गर्ने भन्ने स्पष्ट खाका पनि छैन। "क्यालेन्डर बनाएर मात्रै के गर्नु ? आईसीसीले वार्षिक यति खर्च गर भनेर सीमा तोकिदिएको छ। त्यति खर्चले पुग्दा पनि पुग्दैन। बाँकी खर्चको जोहो गर्न हामी जुटिरहेका छौँ। त्यसैले केही काम नभएजस्तो देखिएको हो," चन्दले काम नभएको स्वीकारे।

जनवरी १५ भित्र वार्षिक कार्यक्रम बनाएर पठाउन आईसीसीले भने पनि त्रिकोणात्मक सिरिजमा व्यस्त हुनु परेकाले त्यसमा समेत व्यवधान उत्पन्न भएको उनले सुनाए। नेपालले २ सातापछि विश्वकप क्रिकेट लिग २ मा अमेरिका र ओमानसँग घरेलु मैदानमा प्रतिस्पर्धा गर्दै छ। ६ वटा वान डे खेलमध्ये नेपालले दुवै टोलीसँग २-२ वटा म्याच खेल्नेछ। नेपालले आगामी २ वर्षभित्र विश्वकप छनोटको शृंखलामा ३२ वटा खेल खेल्नेछ। यसबाहेक क्यानले अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारी गरेको छैन।

निलम्बन फुकुवापछि क्यानले आयोजना गर्न लागेको यो पहिलो ठूलो प्रतियोगिता हो। तर त्यहीअनुसारको टिम तयारी पनि हुन सकिरहेको छैन। पोखरामा बन्द प्रशिक्षण गराएर क्यानले मलेसियासँग ३ म्याच खेलाएको छ। मलेसियाभन्दा निकै माथिल्लो स्तरको टोली अमेरिका र ओमानसँगको प्रतिस्पर्धाका लागि ती खेल पर्याप्त हुँदैनन्। लिग २ खेल्न नेपाली टोलीलाई समय पर्याप्त नभएको अध्यक्ष चन्द स्वीकार्छन्। यस्तोमा नेपाली टोलीका मुख्य प्रशिक्षक उमेश पटवाल कामविशेषले नेपाल बाहिर छन्। "जस्तोसुकै परिस्थितिमा पनि खेल्नका लागि नेपाली टोली तयार छ। समय हाम्रो अनुकूल छैन तर नतिजा अनुकूल ल्याउने प्रयास हुनेछ," अध्यक्ष चन्द भन्छन्।

प्रशिक्षक पटवाललाई परिवर्तन गर्न लागिएको भन्ने चर्चाको सचिव प्याकुरेल खण्डन गर्छन्। उनका अनुसार पारिवारिक कामको सिलसिलामा पटवाल नेपालबाहिर रहेका मात्रै हुन्। राष्ट्रिय टोलीको प्रशिक्षक अहिलेसम्म पटवालै हुन्। राखेपले आईसीसीसँग समन्वय गरेर ल्याएको प्रशिक्षक पटवाललाई अहिले नै परिवर्तन गर्ने मनस्थितिमा क्यान छैन।

उनका अनुसार सबै ध्यान त्रिकोणात्मक सिरिजमा केन्द्रित भएकाले क्यान निस्क्रियजस्तो देखिएको हो। आईसीसीसँग सम्बन्ध सुमधुर बनाउन सिरिज महत्त्वपूर्ण हुने भन्दै उनले त्यसैमा ध्यान दिएकाले अन्यथा नसोच्न पनि आग्रह गरे।

कीर्तिपुरस्थित त्रिवि मैदानको स्तरोन्नतिदेखि मूलपानीको मैदानलाई अभ्यास म्याचका लागि तयार पार्ने काम पनि यसबीचमा भएको सचिव प्याकुरेल बताउँछन्। उनका अनुसार आईसीसीकै क्युरेटर आएर मैदानको जाँच गरिसकेको छ।

यसबीचमा क्यानको कार्यसमितिले जिल्ला संघलाई १ र प्रदेशलाई ३ लाख रुपैयाँ दिने निर्णय गरेको छ। तर आर्थिक स्रोतको चाँजोपाँजो मिलिनसकेको अवस्थामा यो निर्णय क्यान आफैँलाई घातक हुने देखिन्छ। पूर्वकप्तान अग्रवाल भन्छन्, "सबै काम गर्नलाई पैसा चाहिन्छ। खेलाडीलाई सेन्ट्रल कन्ट्र्याक्ट, अन्य प्रतियोगिता जे गर्न पनि पैसै चाहिन्छ। अहिलेसम्म पनि कार्यालय व्यवस्थित हुन सकेको छैन। पहिले आफू व्यवस्थित हुनुपर्छ अनि मात्रै अरू कुरामा ध्यान दिने हो।"

अध्यक्ष चन्दका अनुसार क्यान अहिले भित्रभित्रै काम गरिरहेको छ। प्रायोजकसँग विभिन्न चरणका वार्ता भइराखे पनि त्यसलाई सार्वजनिक गर्ने बेला भइनसकेको उनी सुनाउँछन्। भन्छन्, "राष्ट्रिय टोलीदेखि उमेर समूहसम्मका लागि प्रायोजक खोज्ने काम भइरहेको छ। तर यहाँ हल्ला बढी गऱ्यो भने काममा भाँजो हाल्नेहरू धेरै छन्। टिमभित्र र बाहिर पनि क्यान नेतृत्व असफल होस् भनेर कामना गर्नेहरू छन्। त्यसैले गुपचुप काम गर्नु परेको हो।"

कार्यसमितिका १७ जना मात्रै होइन, बाहिर रहेकालाई पनि साथै लिएर हिँड्न आफू तयार रहेको बताउने अध्यक्ष चन्दलाई उनकै पदाधिकारीले विश्वास गरेजस्तो देखिँदैन। टिमभित्र सल्लाह कम गर्ने र एक्लै अघि बढ्न खोज्ने एवं भौगोलिक क्षेत्रीयतामा बढी विश्वास गर्ने आरोप उनीमाथि लाग्न सुरु भइसकेको छ।

अचम्म के भने सचिव प्याकुरेल पनि टिम भावनाअनुसार चल्नुपर्नेमा जोड दिन्छन्। तर क्यान पछिल्लो समय एउटा टिमजस्तो देखिएको छैन। एकअर्काको नाम नलिई उनीहरू क्रिकेटमा बाधा उत्पन्न गराउने तत्त्व सक्रिय हुन थालेको भन्दै दोषारोपणमा उत्रिन थालिसकेका छन्।

नेपाली खेलकुदको राष्ट्रिय रोग नै हो, संस्थाभन्दा व्यक्तिलाई बढी महत्त्व दिने। नेतृत्व गर्ने व्यक्ति चलायमान भए मात्रै संस्था अघि बढ्न सक्छ भन्ने उदाहरण त फुटबल संघले दिइसकेको छ। तर फुटबलमा पछिल्लो समय भित्रिएको एकअर्काप्रति अविश्वास गर्ने रोग क्रिकेटमा यति चाँडै सल्किनुचाहिँ सुखद संकेत होइन। ने

९ प्रश्न | स्कन्द गौतम

'आफैँले बिर्सेको तस्बिरले ख्याति दिलायो'

सरोज बैजू

विख्यात अमेरिकी सफ्टवेयर निर्माता कम्पनी एडोबीको भिडियो सम्पादन गर्ने प्रिमियर प्रोमा गत नोभेम्बरमा नेपाली फोटो छानिएको छ । अबको १८ महिना एडोबीको प्रिमियर प्रोमोको नयाँ भर्सन चलाउँदा सुरूमै द *हिमालयन टाइम्स*का फोटो पत्रकार स्कन्द गौतमले खिचेको तस्बिर आउनेछ ।

तपाईंको फोटोबारे एडोबीले कसरी चाल पाएछ ?

आफ्ना सिर्जनात्मक कामबारे जानकारी दिन बिह्यान्स भन्ने एउटा वेबसाइट छ । संसारभरका मानिसले यहाँ आफ्नो सिर्जना राखेका हुन्छन् तर बेच्ने उद्देश्यले राखिँदैन । काम देखाउने मात्र हो । मैले पनि त्यहाँ आफ्नो फोटो सन् २०१६ मै राखेको थिएँ । त्यो फोटो एडोबीले हेरेछ र सम्पर्क गर्‍यो ।

तीन वर्षपछि कसरी छानियो त ?

मलाई पनि अचम्म लागेको छ । मैले नै उक्त तस्बिर राखेको बिर्सिसकेको थिएँ । मेरो फोटोको स्क्रिनसटसहित किन्न चाहेको इमेल आउँदा एकछिन त पत्याउनै सकिनँ । त्यसपछि कुराकानी अगाडि बढ्यो र सम्झौता भयो ।

उक्त फोटो खिच्ने योजना नै थियो ?

थिएन । म भक्तपुर सल्लाघारीमा बिस्केट जात्राको फोटो खिच्न गएको थिएँ । जात्रामा 'मौतका कुवा' भनिने प्रदर्शनी हुँदो रहेछ । मैले ठाडो भित्तामा फनफनी बाइक घुमाएको देखेर खिचेको हुँ ।

यो फोटोमा त्यस्तो के चीज छ, जसलाई एडोबीले प्रोमोमा राख्ने निर्णय गर्‍यो ?

भिडियो सम्पादनको सफ्टवेयर बनाउने कम्पनीले भिडियो नभई फोटो छानेकोबारे धेरैले जिज्ञासा राख्छन् । किन छान्यो, मैले पनि सोधेको छैन । मेरो विचारमा एकदमै तीव्र गतिको चाललाई फोटोमा क्याप्चर गरेको छु । भिडियो सम्पादनको काम पनि तीव्र रूपमै हुन्छ । यही कारण किनेको होला ।

उक्त फोटो खिच्दाको क्षण कसरी सम्झनुहुन्छ ?

बाइक घुमाएको आवाज नै मलाई अनौठो लागेको थियो । माथिबाट खिचेको राम्रो आएन । किन हो, मेरो मनले तलबाट खिच्न पाए हुन्थ्यो भन्यो । तर तीव्र गतिको मोटरसाइकल खसे ज्यान मैमाथि पर्ने भएकाले आयोजकले अनुमति दिएनन् । फकाएर मनाएँ र खिचेँ । डराई-डराई खिचेको एकदमै 'लाइभ' फोटो आयो । त्यसयता बर्सेनि उक्त मेलाको फोटो खिचे पनि त्यस्तो राम्रो आएन ।

एडोबीले फोटो लिएपछि अन्तर्राष्ट्रिय क्षेत्रबाट कामको अफर आएको छैन ?

छैन । बरू नेपालकै एउटा म्युजिक ब्यान्डले काम गर्ने प्रस्ताव राख्यो । उसले द्वन्द्वकालको कथालाई लिएर म्युजिक भिडियो बनाउँदै रहेछ । म फोटोको मानिस परेँ । कामचाहिँ भिडियोको छ । प्रोमोको फोटोजस्तै एंगलमा भिडियो खिचिदिनू भनेर कर गरेपछि काम गरेँ ।

फोटो पत्रकारितामा लाग्नुको कुनै प्रेरणा छ ?

विज्ञापन एजेन्सीमा ग्राफिक डिजाइनको काम गर्थें । खै किन हो, फोटो खिच्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । संयोगले *एएफपी*का फोटो पत्रकार प्रकाश माथेमासँग भेट भयो । उहाँले नै फोटो पत्रकारितासँग जोडिदिनुभयो ।

यो उपलब्धिपछि आफ्नो फोटो पत्रकारिता यात्रामा केही फरक महसुस भएको छ ?

अपेक्षा बढेको छ । त्यसअनुसार आफूलाई ग्रो गर्न सकिन्छ कि सकिँदैन भन्नेमा अन्योल छ ।

अन्योल किन ?

यो एकदमै खर्चिलो पेसा हो । उपकरणका हिसाबले हामी अरू देशका फोटो पत्रकारभन्दा धेरै पछाडि छौँ । सञ्चारगृहले यसमा लगानी गर्दैनन् । आफैं गर्न महँगो छ । यस्तो प्रतिकूल स्थितिमा पनि हामीले अन्तर्राष्ट्रिय स्तरकै फोटो पत्रकारिता गरिरहेका छौँ ।

■ **मनबहादुर बस्नेत**

मिजाको नोटबुक

“अनेक कविका अनेक कविता सुनेर आज हाम्रो कान पवित्र भइगएको छ,” परम सुन्दरी उद्घोषिकाले रूघौली आवाजमा भनी, “कार्यक्रमको पुछारमा अब आफ्नो पोयट्री रिसाइटेसन गर्न हामीमाझ आउँदै हुनुहुन्छ- कुमार नगरकोटी । आउनुस् दर्शकवृन्द, मिस्टर नगरकोटीलाई गालीले माफ गर्नुस्, तालीले स्वागत गरौं ।”

हल करतल ध्वनिले गुञ्जायमान भयो ।

म मञ्चमा उक्लिएँ । पोडियमतिर लम्किएँ । माइकसामु उभिएँ र कुनै औपचारिक सम्बोधनबिनै पोयट्री रिसाइटेसन गर्न थालें ।

॥ पोयट्री ॥

पोयट्री एक साउथ कोरियन फिल्म हो । यस्तो फिल्म, जहाँ दृश्य आरम्भ हुनुअघि खोलाको कलकल जलध्वनि तपाईहरूको कानमा गुन्जिन थाल्छ । खास्साको कुरो त के भने त्यो जलध्वनिको पार्श्वगुञ्जनलाई फिल्मको अन्त्यपश्चात् देखिइने ब्ल्याक स्क्रिनमा समेत महसुस गर्न सकिन्छ ।

ओपनिङ दृश्यमा हामीलाई एक युवतीको लास देखाइन्छ, जो पानीमा बगिरहेको छ ।

त्यसपछि क्यामेराले हाम्री नायिका मिजाको दैनन्दिन जीवनलाई पछ्याउन थाल्छ । ६६ वर्षीया मिजालाई अल्जाइमर्स रोगले बिस्तारै-बिस्तारै गाँज्दै छ । सम्पूर्ण स्मृतिहरू मनमस्तिष्कबाट शनैः शनैः मेटिइनुअघि उसलाई बाँकी जीवन उत्सवमय बनाउनु छ । केही सुन्दर सम्झनाहरू नोटबुकमा छाडेर जानु छ ।

बुढेसकालमा ऊ पोयट्रीका क्लासमा भर्ना भएकी छे । स्मृतिहरूबाट लोप हुनुअघि उसलाई कम्तीमा एउटा कविता लेख्नु छ । आफ्नो ब्यागमा स्यानो नोटबुक बोकी ऊ अस्तित्वभरि हिंडडुल गरिरहेकी छे । कविताको प्रेरणाको स्रोत कहाँ छ ? त्यसैको खोजीमा ऊ आफ्नो स्यानो जगत्मा भौतारिएकी छे । नोटबुकमा शब्दहरू जम्मा गरिरहेकी छे ।

किन्तु उसको जीवन काव्यमय हुन सकेको छैन । सौन्दर्यको काव्यिक खोजी एकातिर छ र यथार्थको कुरूप विडम्बना अर्कोतिर । उसको जीवनमा तालमेल मिलिरहेको छैन ।

अब एकछिन *पोयट्री*को लासबारे थोरबहुत चर्चा भइजाओस् । त्यो लास, जो युवतीको हो । युवती, जसको नाम कुन्नि के हो ? कुन्नि के, जसलाई फिल्मको ओपनिङ दृश्यमा देखाइएको थियो ।

युवतीले आत्महत्या गरेकी थिई, पुलबाट हाम फालेर । उसको डायरीमा आफूलाई आत्महत्या गर्न बाध्य पार्ने केटाहरूको नाम फेला परेको छ । केटाहरूका अभिभावकजन भेला भई मृतककी आमालाई केही रकम क्षतिपूर्ति दिने निर्णय गरेका छन् । मिजाको भागमा पनि पाँच लाख परेको छ, जसलाई उसले कसैगरी खोज्नु परेको छ । किनभने उसको नाति पनि युवतीको आत्महत्यामा जिम्मेवार छ । मिजा ठूलो संकटमा छे ।

दरिद्र घरेलु कामदार मिजालाई पर्नु पीर पऱ्या छ । उसले हेरविचार गर्ने अर्धप्यारालाइसिसको वृद्ध रोगीले यस्तै बेला ऊसमक्ष बाथटबमा करूण याचना गरेको छ, 'मिजा, म चाँडै मर्दै छु । मर्नुअघि आफ्नो पुरूषत्व महसुस गर्न चाहन्छु । जीवनको अन्तिम सम्भोग म तिमीसँग गर्न चाहन्छु ।'

मिजाको संसार छिन्नभिन्न हुँदै छ । स्मृतिहरू नष्ट हुँदै छन् । अँध्यारो जीवनमा उसलाई साथ दिने केवल एक नोटबुक छ, जहाँ उसलाई कविता लेख्नु छ । अक्षर एवं शब्दहरू जुगाड गर्नु छ । किन्तु अक्षरहरू अल्जाइमर्सग्रस्त छन् । मिजाको दिमागबाट शब्दहरू हराउँदै गइरहेका छन् ।

हलमा उपस्थित कविजन एवं कवयित्री गण ! कविताको जन्म कहाँ हुन्छ ? हामीले नोटबुकमा लेख्ने सबै अक्षर एवं शब्दहरू कविता बन्छन् ? फिल्मले यसबारे केही भन्दैन । अन्त्यमा, मिजा कहाँ बेपत्ता हुन्छे, त्यो पनि खुलाउँदैन । फिल्ममा अलपत्र छाडिएको मिजाको नोटबुकलाई भने मैले केही वर्षअघि उसैको घरमा भेटेको थिएँ ।

त्यो नोटबुकलाई मैले आज आफूसितै लिएर आएको छु । म चाहन्छु, हामी सबै मिली यो खाली नोटबुकमा केही सुन्दर शब्दहरू लेखौं । मिजालाई याद गरौं ।

•••

त्यसपछि म मञ्चबाट ओर्लें र मिजाको नोटबुक कविहरूलाई दिएँ, जहाँ उनीहरूले पालैपालो एक-एक शब्द लेखे । त्यो नोटबुक मसित अझै सुरक्षित छ । अचेल पनि बेलाबखत खोलेर हेर्ने गर्छु ।

मिजाको चरित्रलाई जीवन्त अभिनयमार्फत संसारभरका सिने दर्शकहरूलाई मन्त्रमुग्ध पारेकी अभिनेत्री जुन जियोङ ही *पोयट्री*पश्चात् अरू फिल्ममा देखा परिनन् । कोरियन सिनेमाका ल्यान्डस्केपबाट उनी रहस्यमय तरिकाले बेपत्ता भइन् । ७५ वर्षीया अभिनेत्रीबारे कसैले खोजखबर पनि गरेन ।

केही समयअघि उनका पियानोवादक पति कुन वु पाइकले एउटा म्यागजिनमा अन्तर्वार्ताका क्रममा भने, '*पोयट्री* फिल्म गर्दा मेरी पत्नी स्वयं अल्जाइमर्ससित लडिरहेकी थिइन्, मिजाझैं । अचेल त उनलाई केहीको सम्झना रहँदैन । उनको सम्पूर्ण स्मृति नष्ट भइसकेको छ । तर कहिलेकाहीं उनी मसित मिजाको नोटबुकबारे सोध्ने गर्छिन् । साँच्चि त्यो नोटबुक कहाँ होला ? कोसित होला ?' ने

लोकदोहरीमा पर्यटन प्रवर्द्धन

नेपाल पर्यटन वर्ष–२०२० को पहिलो महिना । आन्तरिक र बाह्य पर्यटक भित्र्याउन निजी क्षेत्र पनि उत्तिकै अग्रसर देखिन्छ । कलाकारका त के कुरा गर्नु ? नायिका वर्षा राउत पतिसँगै मिलेर *युट्युबमा* भिडियोब्लग अपलोड गरिरहेकी छन् । यता, लोकदोहोरी कलाकार पनि कम छैनन् । गायक लक्ष्मण चापागाईंले यसै साता नयाँ गीत 'मायालु रापाकोटको' भिडियो सार्वजनिक गरे । पर्यटन वर्षलाई लक्षित गरी तयार पारिएको सो गीतमा चापागाईं र सिर्जना सुवेदीको स्वर छ ।

चापागाईंकै लय र शब्द रहेको उक्त गीतमा अर्जुनकुमार पोखरेलले संगीत संयोजन गरेका छन् । गीतको भिडियोमा गायकसहित लक्ष्मण भुसाल, खुसी रामदाम र प्रतिसा लामा, देवेन्द्र सिलवालगायतका कलाकारको अभिनय छ । रोइला भाकामा गाइएको गीत स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकामा छायाँकन गरिएको हो । गायक चापागाईं पर्यटकीय, सांस्कृतिक तथा धार्मिक स्थललाई गीतका माध्यमबाट चिनाउने काम गरेको बताउँछन् । पश्चिम नेपालको मौलिक संस्कृतिका रूपमा प्रचलनमा रहेको लोकभाकालाई भूगोल, संस्कृति, धर्म तथा पर्यटनसँग जोडेको उनको जिकिर छ ।

ब्ल्याक ब्युटी

फेसनेबल हुन कसलाई मन नपर्ला ? तर जोकसैले 'फेसन क्यारी' गर्न सक्दैनन् । जसले सक्छ, ऊ साँच्चै अद्भुत लाग्छ । नपत्याए हेर्नुस्, पूर्वमिस नेपाल एवं नायिका मलिना जोशीलाई । ब्ल्याक स्कट, ब्ल्याक लेदर ज्याकेट, ब्ल्याक गगल्स र ब्ल्याक सुजमा बबाल देखिएकी छन् । नाटककार कुमार नगरकोटीले शिल्पी नाटकघरमा देखाइएको नाटकका लागि संवाद लेखेका थिए, ब्ल्याक कफी खानेको मन ब्ल्याक हुन्छ । तर ब्ल्याक पहिरनमा सजिएकी यस्ती सुन्दरीको मनचाहिं कस्तो होला ?

महेश प्रधान

बौद्धमा बेल्जियन राजकुमारी

नेपाल भ्रमण वर्षको पहिलो महिना पतिसहित काठमाडौँ ओर्लिएकी एस्ट्रिडको ध्यान खिच्यो, थाङ्काले । बेल्जियम राजाकी बहिनी एस्ट्रिडले बौद्धनाथ स्तुपामा लाइभ थांका पेन्टिङ हेरिन् । कलाकारले के बनाइरहेका छन् ? एस्ट्रिडले कलाकारलाई अंग्रेजीमै प्रश्न गरिन् । कलाकारले बौद्ध धर्ममा जन्मदेखि मृत्युसम्मका चिन्तन भवःचक्रबारे व्याख्या गरे, 'यहाँ जीवनदेखि मृत्युसम्मका १२ वटा चक्र देखिन्छन् ।' चित्रमा संसार देखाउने कलाबारे सुनेर राजकुमारीसहितको टोली दंग पर्‍यो ।

बौद्धनाथ परिक्रमाका क्रममा उनले गाइडसँग भूकम्पका बेला बौद्धनाथको अवस्था के थियो भन्नेमा पनि चासो देखाइन् । गाइडले बौद्धनाथमा भूकम्पले पारेको क्षति र त्यसपछि पुनर्निर्माणबारे जानकारी गराउँदा एक बौद्धमार्गी देखा परे । उनी भुइँमा घुँडा जोतेर भुइँमै साष्टांग दण्डवत गरिरहेका थिए । राजकुमारी एस्ट्रिड रोकिइन् । केही बेर ती बौद्धमार्गीको 'ध्यान' हेरिन् र मुस्कुराउँदै अगाडि बढिन् ।

बेल्जियममा संवैधानिक राजतन्त्र छ । राजपरिवारका सदस्यले औपचारिक रूपमा सम्बोधन गर्दैनन्, अनौपचारिक कुराकानी भने गर्छन् । एस्ट्रिडले पनि नेपालमा त्यसै गरिन् । अनौपचारिक भ्रमण भए पनि उनले नेपालमा राष्ट्रपतिसहित मन्त्रीलगायत र सरकारी अधिकारीहरूसँग भेटेकी थिइन् । एस्ट्रिड आफैं मानार्थ अध्यक्ष रहेको दामियन फाउन्डेसनका कार्यक्रममा पनि सहभागी भइन् । राजकुमारी एस्ट्रिड निजी घुमघामका लागि चितवन राष्ट्रिय निकुञ्जसहितका स्थल पनि पुगेकी थिइन् ।

मनोरम पनौती

जमाना विज्ञापनको छ । पनौती पर्यटन विकास केन्द्रले आफ्नो स्थानको विज्ञापन गर्न फोटो प्रदर्शनीको सहारा लिएको छ । स्थानीय इन्द्रेश्वर महादेव मन्दिर परिसरमा चलिरहेको प्रदर्शनीमा पनौतीको जीवनशैली, सांस्कृतिक, धार्मिक, ऐतिहासिक मन्दिर, मनोरम दृश्य, वातावरण, रहनसहनलगायत १ सय ६० भन्दा बढी तस्बिर राखिएको छ ।

विशेषगरी दिउँसो घाम लागेका बेला फोटोपारखी प्रदर्शनी स्थलमा झुम्मिएका हुन्छन् । आफ्नै नगरभित्र कहिल्यै नपुगेका वा हेक्का नराखेका ठाउँको दृश्य हेर्न पाउँदा स्थानीयको मुहारमा बेग्लै चमक देखिन्छ । पनौतीको अवस्थाबारे जानकारी दिन हवाईजहाज र ड्रोनबाट खिचिएका तस्बिरसमेत प्रदर्शनीमा छन् । प्रदर्शनीमा फोटो पत्रकार प्रशान्त श्रेष्ठ, अक्षय मधुकर्मी, पदम तामाङ, पुरूषोत्तम अधिकारी, राजकुमार श्रेष्ठ, राजेन्द्र महाजु, अनीष श्रेष्ठलगायतले खिचेका तस्बिर छन् ।

प्ल्याटर @ क्रन्ची कर्नर

रेस्टुराँ जान रमाइलो । प्ल्याटर मगाएर एउटै खानामा भेराइटी स्वाद लिँदै साथीभाइसँग गफिँदै खानु झन् अर्को मज्जा । थापागाउँमा रहेको क्रन्ची कर्नर रेस्टुराँमा प्ल्याटर पाइन्छ, त्यो पनि चिकेन छोइलाको । एउटै प्लेटमा फरक-फरक खानाको आइटम भए त्यसलाई प्ल्याटर भनिन्छ । हिजोआज रेस्टुराँका मेनुमा प्ल्याटर महत्त्वपूर्ण खान्की हो । कुरा गरौं, चिकेन छोइला प्ल्याटरको । मःम, चिकेन छोइला, फ्रेन्चफ्राइसहितको प्ल्याटर स्वादिष्ट छ ।

नोटबुक

रवीन्द्र मानन्धर

शाकाहारी सहर

इन वाटरकलर इन्टरनेसनल फेस्टिभलमा सहभागिता जनाउन हामी १७ कलाकारको टोली भारत राजस्थानस्थित कोटा पुगेका थियौँ । कोटा विश्वविद्यालयसँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा भाग लिन १७ देशबाट डेढ सयभन्दा बढी कलाकार आएका रहेछन् ।

हामीलाई बस्ने व्यवस्था गरेको होटल शुद्ध शाकाहारी परेछ । हाम्रो टोली थियो, मासु नभई भात नरूच्ने । त्यसैले होटलभन्दा टाढा-टाढा घुम्न निस्कियौँ । उद्देश्य घुम्नु मात्र थिएन, मासुभात पाइने रेस्टुरां खोज्नु थियो । सहर घुम्दै गर्दा बाटोमा थुप्रै कुकुर देख्यौँ । तर जति कुकुर देख्यौँ, ती सबै अति नै ख्याउटे थिए । कुनै कुनैको त बाहिरबाटै करङ गन्न सकिने ।

लामो घुमाइपछि पो थाहा भयो, पूरा सहरै लगभग शाकाहारी रहेछ । मासु त के, अन्डासम्म पनि नपाइने । हाम्रो केही जोर लागेन । अन्तमा फर्किएर शाकाहारी थालीले नै भोक मेटायौँ । मेरो पेट त भरियो । आँखामा भने बाटोमा देखिएका ख्याउटे कुकुरको बिम्ब नाचिरह्यो । किन ख्याउटे छन् त ती कुकुर ? संगै रहेका साथीलाई प्रश्न राखेँ । उनको जवाफ पाएपछि म झसंगै भएँ । उनको जवाफ थियो, मासु नै नपाउने सहरमा कुकुर के खाएर मोटाओस् त ?

हावा गाइड

कार्यशालाको अर्को चरणमा कोटादेखि डेढ घन्टे दूरीमा पर्ने बुन्दीस्थित तारागढ किल्ला छेउमा कलाकारले आफ्ना कौशल देखाए । त्यहांको काम समापन गरेर ऐतिहासिक दरबार र किल्ला अवलोकनका लागि गयौँ । किल्लाका एक कर्मचारी गाइड बनेर हाम्रो अवलोकन भ्रमणलाई सहज पारिदिए ।

ती गाइडले सात सय वर्षपहिलेको राजाले प्रयोग गर्ने शौचालय, सुनले सिंगारिएका चित्रले सजिसजाउ महारानीको शयनकक्ष देखाए । तत्कालीन महाराजा रणजीत सिंहको एक मात्र फोटो भनेर श्यामश्वेत तस्बिर देखाए । हामी 'ओहो !' भन्दै निस्कियौँ । तर त्यो कुनै हातेचित्र नभई क्यामेराले खिचेको फोटो थियो । क्यामेरा आविष्कारको इतिहास खोतल्दा मनमा शंका लाग्ने भइहाल्यो । *गुगल* गरी हेर्दा दरबार र किल्ला निर्माण सात सय वर्षपहिले भएको थियो भने उनले देखाएको चित्र महाराजा रघुवीर सिंहको (१८६९-१९२७) । गाइड भइटोपलेका ती कर्मचारीले तथ्यहीन कुरा गरेर उल्लु पो बनाएछन् ।

दारू खाने आइप्याड

हाम्रो टोलीमा एक साथीले आइप्याड साथमै ल्याएका थिए । सोच्दै थिएँ, पत्रिकाका लागि चित्र बनाउनुपर्ने भए यो काम लाग्न सक्छ । कोटा चिसो थियो । घरदेखि टाढा आएको मौकामा मौसमले च्यालेन्ज गर्‍यो भन्दै एउटा समूहले मदिरा चाख्ने योजना बनायो । तर मदिरा चाख्न कानुन बाधक भइदियो । जसोतसो आइप्याडवाला साथीले एक बोतल व्यवस्था गरे ।

भोलिपल्ट मैले आइप्याड चलाउन मागेँ । निराश मुद्रामा उनले भने, "आइप्याड त दारू खाएर बेहोस छ ।" हिजो ल्याएको बोतल झोलामै चुहिएपछि मदिराले आइप्याडमा क्षति पुगेको रहेछ । "दारू मात्र पिलाउने ? आइप्याडलाई सितन पनि दिएको भए पो बेहोस हुँदैनथ्यो ।" मेरो टिप्पणीपछि वातावरण हाँसोमय भयो ।

सहयोगी पुरन, हेपाहा होटलवाला

कोटाबाट जयपुरसम्मको बस र होटल अनलाइन बुक गरिदिएर पाल्पाका पुरन थापाले हाम्रो टोलीलाई सहयोग गरे र आफू भने अन्तै घुम्न निस्के । तर बुक गरिएको होटल त्रिलोक प्यालेसले विदेशीका लागि होइन भन्दै हामीलाई कोठा दिन मानेन । अनलाइन बुकिङका सर्त राम्ररी हेरिएनछ, सायद । तिरिएको शुल्क फिर्ता पाउने सम्भावना कम थियो । होटलवालाले नेपाली मतदाता परिचयपत्र भए कुरा मिल्न सक्छ भने । त्यसको कारण सोध्दा उनले भने, "यसले तपाईंहरू नेपाली भन्ने प्रमाणित हुन्छ । नेपाल भारतको एक स्वतन्त्र प्रान्तमध्ये एक हो नि त !"

उनका यस्ता हेपाहा शब्दका कारण हाम्रो पारो तातिहाल्यो । साथी केशवराज खनालले तिनलाई भारतमाथि अंग्रेजको शासन अवधि र नेपालको सार्वभौमसत्ता विषयमा लामो पाठ पढाउन भ्याए । होटलवाला रातोनीलो भए र अनौठा सर्त तेर्स्याउँदै हामीलाई बास दिन तयार भए । हामीले अस्वीकार गरेपछि अर्को होटलको व्यवस्था गरिदिन्छु भने । त्यो पैसा तिमी नै खाऊ, तिमीले भनेको होटलमा त जाँदै जान्नौँ भनेर निस्कियौँ ।

दुई रातको जयपुर बसाइपछि अर्को गन्तव्य थियो, दिल्ली । दिल्लीबाट फर्कने क्रममा होटलमा पुरन देखापरे । एक्लै बुन्दी घुम्न निस्केका उनी होटलवालाको दुर्व्यवहार थाहा पाएर दिल्ली आएका थिए । उनले होटल बुक गर्दा माया मारिसकेको पैसा हाम्रो हातमा थमाए र भने, "होटलले शुल्क फिर्ता गर्छ, त्यो मेरो खातामा आउँछ ।" सर्तअनुसार त पैसा फिर्ता नपाइने नै थियो । त्यसैले पुरनले ढाँटेरै हाम्रो पैसा फिर्ता गरेजस्तो लाग्यो । ने

THE ORIGINAL
XXX RUM
Khukri
SINCE 1959
Khukri
XXX Rum
NEPAL'S FINEST
FULLY MATURED RUM
SINCE 1959
Khukri
XXX Rum
खुकुरि XXX रम
PRODUCT OF NEPAL
Since 1959
EXCELLENT.
SMOOTH.
FULLY MATURED
IN WOODEN VATS.
वर्षौंदेखि सर्वप्रिय
www.khukrirum.com
khukrirumnepal
@khukrirum
Enjoy responsibly.

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

Enchanteur

The fragrance of French romance

Impress Anytime, Anywhere!